# परिच्छेद - एक

# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

**प्रस्तुत शोधपत्र**को शीर्षक **साहित्यकार रणेन्द्र बरालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधपरिचय

रणेन्द्र बरालीले करिब तीन दशक अघिदेखि हालसम्म नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाएका छन् । नाटक, उपन्यास, जीवनी, यात्रासंस्मरणका साथै गीत, कविता, कथा उनका लेखनका प्रमुख विधा, उपविधाहरू हुन् । उनका हालसम्म प्रकाशित साहित्यिक र साहित्येतर कृतिहरू यस प्रकार रहेका छन् :-

क) साहित्यिक कृति

अ. **आफ्नै व्यथा,** (२०५६) नाटक

आ. **सर्वजित विश्वकर्माको जीवनी** (२०६३)

इ. **इतिहासको एक पैका**, (२०६६) उपन्यास

ई. **चीनको कोसेली,** (२०६६) यात्रा संस्मरण

ख) साहित्येतर कृति

अ. **नेपालमा "अछुत" जातीय सङ्घर्ष, केही योद्धाहरूको परिचय,** (२०३८) खोज अनुसन्धानमूलक लेखहरूको सँगालो

आ. **नेपालमा "अछुत" जातीय सङ्घर्ष, केही योद्धाहरूको परिचय** परिमार्जित संस्करण (२०५०) ।

यी कृतिहरूका आधारमा उनी अनुसन्धेय व्यक्तित्व हुन्, तर साहित्यकार रणेन्द्र बरालीको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन हालसम्म हुन सकेको छैन । यसकारण उनी र उनका कृतिका बारेमा विस्तृत अध्ययन, अनुसन्धान प्रस्तुत शोधमा गरिएको छ । अतः यस शोधकार्यको शीर्षक साहित्यकार रणेन्द्र बरालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन चयन गरिएको हो ।

## १.३ शोधसमस्या

प्रस्तुत शोधकार्यअन्तर्गतका मूल समस्याहरू यसप्रकार रहेका छन् :-

(क) साहित्यकार रणेन्द्र बरालीको जीवनी के कस्तो छ ?

(ख) उनको व्यक्तित्वका मूल पाटाहरू केके हुन् ?

(ग) नेपाली साहित्यको फाँटमा उनको के कस्तो योगदान रहेको छ ?

(घ) उनको कृतित्वको समग्र मूल्याङ्कन के कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूको अध्ययन प्रस्तुत शोधकार्यमा गरिएको छ ।

## १.४ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका प्रमुख उद्देश्य निम्न अनुसार छन् :-

(क) साहित्यकार रणेन्द्र बरालीको जीवनीको परिचय दिनु ।

(ख) उनको साहित्यिक र साहित्येतर व्यक्तित्वको परिचय दिनु ।

(ग) नेपाली साहित्यमा उनको के कस्तो योगदान रहेको छ अध्ययन गर्नु ।

(घ) उनका नाटक, उपन्यास, नियात्रा, जीवनी आदिमा पाइने प्रमुख प्रवृत्तिहरूको निरूपण गर्नु ।

यिनै उद्देश्य प्राप्तितर्फ यो शोधपत्र केन्द्रित रहेको छ ।

## १.५ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार रणेन्द्र बरालीका बारेमा कुनै विशेष चर्चा गरिएका लिखित सामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध हुन नसकेकोले केही पुस्तक, पत्रिकामा जेजति चर्चा र उल्लेख गरेको पाइएको छ, त्यसको कालक्रमिक विवरण यसप्रकार रहेको छ :-

(क) नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानद्वारा प्रकाशित **परिश्रमी** त्रैमासिकको वर्ष-१, अङ्क २, २०५३, पृ.१७ अन्तर्गत *नेपाल दलित साहित्य एकेडेमीका संस्थापक तथा पदेन सदस्यहरूको नामावली*मा साहित्यकार रणेन्द्र बरालीको नाम पनि उल्लेख गरिएको छ ।[1] ऐ. पत्रिकाको पृ. १९ मा दलित उत्पीडित साहित्यकारहरूद्वारा प्रकाशित पुस्तकहरूको पङ्क्तिमा

१ . विनोद पहाडी र अन्य, *परिश्रमी,* त्रैमासिक प्रवेशाङ्क कार्त्तिक २०५३, पृ.१७ र १९ ।

रणेन्द्र बरालीको नेपालमा अछुत जातीय सङ्घर्ष र केही योद्धाहरूको परिचय भन्ने पुस्तकबारे सामान्य चर्चा गरिएको छ ।

(ख) निनु चापागाईँले **आफ्नै व्यथा** नाटक २०५६ को *मन्तव्य* शीर्षकमा रणेन्द्र बरालीलाई एक महान् युगद्रष्टा र दलित जातिका प्रतिनिधि साहित्यकारका रूपमा उल्लेख गरेका छन् ।

चापागाईँले दलित साहित्यको एकदमै अभाव रहेको वर्तमान परिप्रेक्ष्यमा दलित समुदायबाटै आएका साहित्यकारबाट यस खालका साहित्य सृजना हुनु कम महत्वको कुरा होइन, **आफ्नै व्यथा** नाटकका माध्यमबाट पिछडिएको र उत्पीडित दलित समुदायलाई जातीय भेदभाव र छुवाछुतबाट मुक्त हुन सङ्गठित भएर सङ्घर्षका साथ अघि बढ्नु पर्दछ भन्ने खालको सन्देश बरालीले दिएका छन् , यो कुरा अत्यन्त सार्थक र देशकाल, परिस्थितिसँग मेल खाने खालको छ भनेका छन् ।[२]

(ग) पदम सुन्दासले **आफ्नै व्यथा** नाटक २०५६ अन्तर्गतकै *ॅआफ्नै व्यथाभित्रको म र हामी'* शीर्षकको मन्तव्यका माध्यमबाट सामाजिक विषमता एवम् शोषण र उत्पीडनका जल्दाबल्दा समस्यालाई दृष्टिगत गर्दै साहित्य रचना गर्न पोख्त एक जल्दाबल्दा हस्तीका रूपमा रणेन्द्र बरालीलाई चिनाएका छन् ।[३]

(घ) उर्मिला विश्वकर्माले **समदृष्टि साप्ताहिक** (२०५७, फागुन २१, आइतवार, पृ.४) अन्तर्गत *रणेन्द्र बराली र उनको ॅआफ्नै व्यथा'* शीर्षकको लेखमा साहित्यकार बरालीको आफनै व्यथा नाटकको विवेचना गरेकी छन् । उक्त लेखमा विश्वकर्माले मानवीय मूल्य र मान्यताको खोजी गर्दै हाम्रो समाजका दलित र गैरदलितहरूको यथार्थ स्थितिको चित्रण गर्न पोख्त नाटककारका रूपमा रणेन्द्र बरालीलाई चिनाएकी छन् । साथै एउटा सशक्त प्रगतिशील साहित्यकारका रूपमा स्थापित व्यक्तित्वका रूपमा

२ . निनु चापागाईँ, ॅमन्तव्य', आÇनै व्यथा (नाटक ), रणेन्द्र बराली, नेपाल दलित साहित्य तथा सस्कृति प्रतिष्ठान, २०५६, पृ. ख्क्ष्ङ ।

३ . पदम सुन्दास, ॅआÇनै व्यथा भित्रको म र हामी', आÇनै व्यथा (नाटक), रणेन्द्र बराली, नेपाल दलित साहित्य तथा सस्कृति प्रतिष्ठान, २०५६, पृ. क्ष्ह ।

बरालीलाई चिनाएकी छन् ।[ञ]

(ङ) यकिना अगाधले **जन एकता साप्ताहिक** (२०५९, फागुन २०, सोमवार, पृ.४) अन्तर्गत *मोफसलका प्रतिभा रणेन्द्र बराली* शीर्षकको लेखमा साहित्यकार बरालीको जीवन यात्राका विविध घटनाक्रम र मोडहरूको सङ्क्षिप्त चर्चा गरेकी छन् । उक्त लेखमा अगाधले साहित्यको माध्यमबाट दलित जातीहरूलाई ब्यूँझाउने, उठाउने र मुक्ति सङ्घर्षमा सामेल गराउने अठोट बोकेका स्रष्टाका रूपमा रणेन्द्र बरालीलाई चिनाएकी छन् ।[ट]

(च) मानबहादुर बि.के.ले **सर्वजित विश्वकर्माको जीवनी** (२०६३) को *प्रकाशकीय* शीर्षकमा नेपालमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछि ऐतिहासिक सङ्घर्ष र व्यक्तित्वका बारेमा खोजी गर्ने र लेख्ने कार्यमा बराली अग्रस्थानमा रहेको कुरा उल्लेख गरेका छन् ।[घ]

(छ) डा.लक्ष्मण प्रसाद गौतमले **चितवन महोत्सव स्मारिका**, २०६५, पृ.१३१ अन्तर्गत *चितवनको गद्य कविता सङ्क्षिप्त रेखाङ्कन* शीर्षकको लेखमा फुटकर रूपमा गद्य कविता लेख्ने चितवनका कविहरूका पङ्क्तिमा साहित्यकार रणेन्द्र बरालीको नाम पनि उल्लेख गरेका छन् ।[ढ]

(ज) प्रगतिशील लेखक सङ्घ चितवनले प्रकाशन गरेको **प्रलेस चितवन** पत्रिकाको *स्रष्टा परिचय* अङ्क-२, वर्ष-३, २०६६, पृष्ठ ७७ मा बरालीलाई चितवनका प्रगतिशील साहित्यकारहरूका पङ्क्तिमा सम्पूर्ण व्यक्तिगत विवरणसहित परिचित गराएको छ ।

(झ) डि.आर. पोखरेलले **मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य** (२०६७), पृष्ठ ७५३ अन्तर्गत रणेन्द्र बरालीको *इतिहासको एक पैका उपन्यासको सङ्क्षिप्त विवेचना* शीर्षकको लेखमा बरालीलाई सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा चिनाएका छन् । त्यस समालोचकीय लेखमा

---

४ . उर्मिला विश्वकर्मा, 'रणेन्द्र बराली र उनको आÇनै व्यथा', समदृष्टि साप्ताहिक, २०५७, पृ.४ ।

५ . यकिना अगाध, 'मोफसलका प्रतिभा रणेन्द्र बराली', *जनएकता साप्ताहिक,* २०५९, पृ.४ ।

६ . मानवहादुर वि.के.., 'प्रकाशकीयको तर्फबाट', *सर्वजित विश्वकर्माको जीवनी,* रणेन्द्र वराली, जनउत्थान प्रतिष्ठान, २०६३, पृ.ग ।

७ . लक्ष्मणप्रसाद गौतम, 'चितवनको गद्य कविता सङ्क्षिप्त रेखाङ्कन', *चितवन महोत्सव स्मारिका,* २०६५, पृ. १३१ ।

बरालीलाई जातीय विभेदताको विरुद्ध तथा सर्वहारावर्गको पक्षमा लड्न अगाडि बढेका एक साहित्यिक योद्धाका रूपमा उल्लेख गरेका छन् । साथै समाजमा विद्यमान गरिब, निमुखा जनता र ठूलाबडा भनाउँदा बीचको द्वन्द्वलाई अत्यन्त सरल, सुबोध्य भाषाशैली र रोचक पारामा प्रस्तुत गर्न खप्पिस उपन्यासकारका रूपमा बरालीलाई चिनाएका छन् ।[८]

(ञ) निर्मला देवी शर्माले **चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान** (अप्रकाशित स्नातकोत्तर तह नेपाली विषयको शोधग्रन्थ) अन्तर्गत *साहित्य सङ्गम चितवनका आजीवन सदस्यहरूको नामावली*मा साहित्यकार रणेन्द्र बरालीको नाम पनि उल्लेख गरेकी छन् ।[९]

लामो समयदेखि साहित्य सिर्जनामा लागिपरेका बरालीका बारेमा केही पत्रपत्रिका, पुस्तकहरूमा सामान्य चर्चा गरिनु बाहेक कुनै विस्तृत अध्ययन, अनुसन्धानमूलक लिखित सामग्रीहरू प्राप्त छैनन् । साहित्यकार रणेन्द्र बरालीका बारेमा माथि उल्लेख गरिएका केही टिप्पणीहरू पूर्वकार्यका रूपमा उल्लेख गरिएको छ । जसका आधारमा बराली दलित जातिका एक प्रतिनिधि साहित्यकार हुन् जसका रचनाहरूमा समस्त दलित, शोषित, पीडित जनताका मर्म र व्यथा प्रतिबिम्बित भएका हुन्छन् । सामाजिक विषमता एवम् शोषण र उत्पीडनका समस्यालाई दृष्टिगत गर्दै साहित्य रचना गर्न पोख्त एक हस्तीका रूपमा पनि रणेन्द्र बराली परिचित छन् । माथि उल्लेखित पूर्वकार्यकै आधारमा उनीभित्र नाटककार व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, अन्वेषक व्यक्तित्व तथा कवि व्यक्तित्व अन्तर्निहित भएको अवगत हुन आउँछ । साहित्यकार रणेन्द्र बरालीका बारेमा प्राप्त सामग्री अपर्याप्त भएकाले सर्वाङ्गपूर्ण अध्ययन गर्न लागिएको हो ।

## १.६ शोधको औचित्य र महत्व

रणेन्द्र बराली सम्पूर्ण दलित जातिको प्रतिनिधित्व गर्ने खालका कृतिहरू रचना गर्ने स्रष्टा हुन् । यिनका बारेमा कहीँकतै सामान्य चर्चा परिचर्चा भए पनि उनी र उनका

---

८ . डि. आर. पोखरेल, 'इतिहासको एक पैका उपन्यासको सङ्क्षिप्त विवेचना', *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य*, २०६७, पृ. ७५३ ।

९ . निर्मलादेवी शर्मा, *चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान*, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, बीरेन्द्र बहुमुखी क्याम्पस, २०६७, पृ. ४६ ।

कृतिका बारेमा हालसम्म कुनै विशेष अध्ययन अनुसन्धान भएको छैन । त्यसकारण पनि उनका बारेमा गरिएको शोधकार्य औचित्यपूर्ण छ । साथै सृजनशील नवप्रतिभाहरूको मूल्याङ्कन गर्न पनि यो अध्ययन महत्वपूर्ण रहने छ ।

## १.७ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्रमा रणेन्द्र बरालीको जीवनी, व्यक्तित्वका विविध पाटाहरूका साथै हालसम्म प्रकाशित उनका पुस्तकाकार कृतिहरूको व्यापक अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । बरालीले सम्पादन गरेका अन्य पुस्तक र पत्रिकाहरूको अध्ययन यस शोधपत्रमा गरिएको छैन । उनका फुटकर रचनाहरूको गहन अध्ययनतर्फ नलाग्नु र नेपाली साहित्यमा उनको तुलनात्मक अध्ययनसहित स्थान निर्धारण नगरी उपयुक्त रूपमा जीवनी, व्यक्तित्व र कृतित्वको मात्र अध्ययन गर्नु प्रस्तुत शोधपत्रको सीमा हो ।

## १.८ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयारीका लागि सामग्री सङ्कलन गर्दा क्षेत्रीय अध्ययन र पुस्तकालयीय अध्ययन विधि प्रयोग गरिएको छ । रणेन्द्र बरालीका कृतिहरू तथा उनका बारेमा लेखिएका पत्र-पत्रिका र पुस्तकहरूको अध्ययनमा आधारित रहेको छ । रणेन्द्र बराली जीवितै भएको हुँदा प्रश्नावली निर्माण गरी उनीसँग प्रत्यक्ष भेटघाट गरेर लिखित अन्तर्वार्ता तथा अन्य मौखिक जानकारी लिइनुका साथै आवश्यकताअनुसार प्रश्नावली बनाई उनका आफन्त,मित्रहरू तथा सम्बन्धित विज्ञहरूद्वारा जानकारी समेत लिइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस अध्ययनको मूल पाठलाई विभिन्न परिच्छेदमा निम्नानुसार विभाजन गरिएको छ :-

**परिच्छेद एक - शोधपत्रको परिचय** : यस परिच्छेदमा शोधपत्रको परिचय प्रस्तुत गरिएको छ । यसअन्तर्गत शोधविषयको परिचय, शोध समस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन र शोधविधि रहेका छन् ।

**परिच्छेद दुई - रणेन्द्र बरालीको जीवनी** : यस परिच्छेदमा रणेन्द्र बरालीको जीवनी र साहित्यबीचको अन्तरसम्बन्धको अध्ययन प्रस्तुत गरिएको छ । यसअन्तर्गत उनको जन्म, बाल्यकाल र शिक्षादीक्षा, विवाह र सन्तान, आर्थिक अवस्था र पेसा, कार्यक्षेत्र प्रवेश र निरन्तरता, वैयक्तिक जीवनका विशेष घटना सन्दर्भ, चिन्तन, दर्शन र विचार, पुरस्कार, प्रशंसा र सम्मान तथा सारांश रहेका छन् ।

**परिच्छेद तीन - रणेन्द्र बरालीको व्यक्तित्व** : यस परिच्छेदमा रणेन्द्र बरालीको व्यक्तित्वका विविध पाटाहरूको अध्ययन प्रस्तुत गरिएको छ । यसअन्तर्गत पृष्ठभूमि, बाह्य व्यक्तित्व र स्वभाव, विशेष अभिरुचि र विशेषता, आन्तरिक व्यक्तित्वका विविध पाटाहरू, साहित्यिक व्यक्तित्व, नाटककार व्यक्तित्व, नियात्राकार व्यक्तित्व, कथाकार व्यक्तित्व, निबन्धकार व्यक्तित्व, अनुसन्धाता व्यक्तित्व, साहित्येतर व्यक्तित्व, सामाजिक व्यक्तित्व, राजनैतिक व्यक्तित्व तथा सारांश रहेका छन् ।

**परिच्छेद चार - रणेन्द्र बरालीको कृतित्व** : यस परिच्छेदमा रणेन्द्र बरालीको समग्र कृतित्वको वर्गीकरण, अध्ययन र विश्लेषण प्रस्तुत गरिएको छ । यसअन्तर्गत नेपाली साहित्यमा रणेन्द्र बरालीको आगमन, साहित्य सृजनाका लागि प्रेरणा र प्रभाव, लेखनको प्रारम्भ, प्रकाशनको थालनी, विकासक्रम, रणेन्द्र बरालीका साहित्यिक प्रवृत्तिहरू, रणेन्द्र बरालीका पुस्तकाकार कृतिहरूको अध्ययन, उपन्यासको अध्ययन, परिचय, परिभाषा, आधुनिक नेपाली उपन्यासको विकासक्रम, विविध धाराहरू, उपन्यासका तत्वहरू, नेपाली उपन्यास परम्परा र उपन्यासकार रणेन्द्र बराली, तत्वगत आधारमा 'इतिहासको एक पैका' उपन्यासको अध्ययन र निष्कर्ष, नाटककार रणेन्द्र बरालीको 'आफ्नै व्यथा' नाटकको अध्ययन, नेपाली नाट्यपरम्परा र नाटककार बराली, नाटकका आधारभूत तत्वहरू, नाटक विश्लेषणका आधारहरू, नाटकीय तत्वहरू, तत्वगत आधारमा आफ्नै व्यथा नाटकको विवेचना र उपसंहार, 'रणेन्द्र बरालीका निबन्धात्मक

कृतिहरूको अध्ययन' शीर्षक अन्तर्गत बरालीको चीनको कोसेली (यात्रा संस्मरण) को अध्ययन, यात्रा साहित्यको परिचय, तत्वगत आधारमा 'चीनको कोसेली' को विश्लेषण र निष्कर्ष, सर्वजित विश्वकर्माको जीवनी (२०६३) को अध्ययन जीवनीको परिचय र परिभाषा, जीवनीका आधारभूत तत्वहरू, तवगत आधारमा सर्वजित विश्वकर्माको जीवनीको विश्लेषण तथा निष्कर्ष र अन्त्यमा रणेन्द्र बरालीको साहित्येतर कृति 'नेपालमा अछूत जातीय सङ्घर्ष (केही योद्धाहरूको परिचय)' को सङ्क्षिप्त विश्लेषण प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँच - उपसंहार एवम् निष्कर्ष** : यस परिच्छेदमा प्रत्येक अध्यायको सारांश र अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ । यस परिच्छेदमा उपसंहार शीर्षक अन्तर्गत परिच्छेद एकको सारांश, परिच्छेद दुईको सारांश, परिच्छेद तीनको सारांश, परिच्छेद चारको सारांश र समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रका उपर्युक्त पाँच परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी साहित्यकार रणेन्द्र बरालीको जीवनी, व्यक्तित्व एवम् कृतित्वको अध्ययन गरी मूल्याङ्कनका साथ निष्कर्ष दिइएको छ । यसरी शोधपत्रको अन्तरङ्ग भागलाई पूर्णता दिन पूर्वभागका साथै पश्चभाग अन्तर्गत सन्दर्भ पुस्तक, पत्रपत्रिका तथा सन्दर्भ व्यक्तिहरूको सूची एवम् परिशिष्ट अन्तर्गत शोधनायकसँग लिइएको अन्तर्वार्ता समाविष्ट गरी सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद - दुई

# रणेन्द्र बरालीको जीवनी

## २.१. पृष्ठभूमि

नेपाली साहित्यले दशकौं लामो इतिहास बोकेको छ तापनि हालसम्म सृजित र प्रकाशित साहित्यिक कृतिहरूमध्ये यस्ता कृतिहरू नगन्य मात्रामा छन् , जसमा हाम्रा शोषित पीडित नेपाली दलित दाजुभाइ दिदीबहिनीहरूको पीडा, व्यथा र मर्मको यथार्थ चित्रण गरिएको छ ।

साहित्य समाजको दर्पण हो, कुनै एउटा समाज भित्रका रीतिरिवाज, चालचलन, परिवेश आदिको झलक त्यहाँ रचिने साहित्यमा प्रतिबिम्बित हुन्छ । त्यस्तै स्रष्टाले पनि आफूले यथार्थ जीवनमा भोगेका तितामिठा पलहरूलाई भावनात्मक रूपमा साहित्यिक रचनाहरूका माध्यमबाट व्यक्त गरेको हुन्छ ।

हाम्रो समाजमा विद्यमान गरिबी, छुवाछुत, वर्गीय जातीय विभेद, उत्पीडन, शोषण जस्ता विकृति र विसंगतिहरूलाई आफ्ना साहित्यिक रचनाहरूका माध्यमबाट चित्रण गरेर त्यसको समाधानका लागि सबै शोषित पीडित वर्गहरू एक भई अघि बढ्नुपर्दछ भन्ने सन्देश प्रवाहित गर्ने खालका कृतिहरू सृजना गर्न अग्रसर स्रष्टा हुन् रणेन्द्र बराली जसले नाटक, उपन्यास, यात्रा संस्मरण, जीवनी, कथा, कविता जस्ता विधाहरूमा कलम चलाएका छन् । यहाँ रणेन्द्र बरालीले साहित्यका क्षेत्रमा गरेका योगदानलाई हेरेर उनको जीवनको जन्मदेखि हालसम्मको सङ्क्षिप्त वृत्तान्त प्रस्तुत गरिएको छ ।

## २.२ जन्म

रणेन्द्र बरालीको जन्म गण्डकी अञ्चल तनहुँ जिल्लाको गैराथोक काहुँ शिवपुर गा.वि.स.मा वि.सं.२००८ साल श्रावण २ गते भएको थियो ।[ठ] उनका पिताको नाम झिमलाल बराली र माताको नाम अमृता बराली हो । झिमलाल र अमृता बरालीका दश सन्तानहरू मध्येमा छोरा पट्टिमात्र गन्दा रणेन्द्र बराली ज्येष्ठ सुपुत्र हुन् ।[ड] उनका दुई भाइहरू क्रमशः समुन्द्र बराली र सुरेन्द्र बराली हुन् र दिदीबहिनीहरू सातजना क्रमशः

१ शोधनायक सँगको अन्तर्वार्ता अनुसार ।

२. ऐजन ।

श्रीमाया सेञ्चुरी, फूलमाया रसाइली, विष्णुमाया विश्वकर्मा, मधुमाया विश्वकर्मा, सावित्री विश्वकर्मा., विमला घिमिरे र धनु पोखेल हुन् । उनीहरू सबैको विवाह भइसकेको छ ।[३]

## २.३ बाल्यकाल र शिक्षादीक्षा

रणेन्द्र बराली तनहुँ जिल्लाको पहाडी गाउँ शिवपुरमा जन्मिएका हुँदा उनको बाल्यकाल त्यहीँ नै बित्यो । उनी चौध वर्षको उमेरमा पढाइका सिलसिलामा चितवन झरेका थिए ।[४]

पहाडको रमणीय वातावरण  र चिसो हावापानीमा सयर गर्दै उनको बाल्यकाल बितेको थाहा हुन आउँछ । बाल्यकालमा उनी भिरपखेरा चाहार्ने, काफल, तिजुँ, अमरा, अमौरा आदिका ठूला रुख चढेर फल टिप्न प्रतिस्पर्धा गर्ने, घोडालाई दुबो खुर्केर खुवाउने, दौँतरीहरूसँग नाङ्गो (काठी विनाको) घोडा दौड प्रतियोगिता खेल्ने गर्दथे ।[५] यसका साथै विद्यालय जाने, पढ्नाका अलावा शुक्रबारे सांस्कृतिक कार्यक्रममा कविता सुनाउने आदि गर्दथे । जतिवेला रणेन्द्र बराली १०-११ वर्षको उमेरमा हिँड्दै थिए त्यतिवेला उनी पढ्ने स्कुलमा नियमित शुक्रबारे कार्यक्रमको आयोजना गर्ने गरिन्थ्यो । त्यस विद्यालयका शिक्षकहरू स्वयं साहित्यप्रेमी थिए , त्यसकारण शुक्रबारे कार्यक्रममा अन्य बौद्धिक कसरत भन्दा कथा, कविता, गीत जस्ता साहित्यिक रचनाहरूको चलखेल बढी मात्रामा हुने गर्थ्यो ।[६]  त्यसले पनि रणेन्द्रमा एउटा उत्प्रेरणा जगायो र साहित्य सृजनाका निम्ति सदैव घच्घच्याउन थाल्यो ।

रणेन्द्र बरालीको अक्षरारम्भ सर्वप्रथम आफ्नै बुवाबाट नै भएको थियो । चार वर्षको उमेरदेखि गाउँमा पण्डित केदारनाथ पराजुलीबाट संस्कृत पढ्ने पाठशालामा तिथि, राशि, नक्षत्रादिबाट पढाइ शुरु गरेका र त्यसपछि गाउँमा सोल्डर बोर्ड (भारतीय लाहुरेका सन्तानहरू पढ्ने स्कुल) खुलेपछि ७ वर्षको उमेरमा औपचारिक रूपमा कक्षा १ को अध्ययन शुरु गरेका थिए । पढाइमा निकै तेज बराली त्यस बेलाको प्रथम, द्वितीय हुने तथा जेहन्दार विद्यार्थीलाई कक्षा फड्काउने चलनअनुसार आठ वर्षमा ३ कक्षा, नौ वर्षको हुँदा ५ कक्षा र

३ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

४ ऐजन ।

५ ऐजन ।

६ ऐजन ।

दश वर्षको हुँदा ६ कक्षा पास गरेका थिए । यसअनुरूप उनले २ र ४ कक्षाको अध्ययन नै गर्नु परेन ।[7]

त्यसभन्दा माथि पढ्ने स्कुल गाउँमा नभएकाले २ वर्ष घरधन्दा र गोरुगोठालो गर्दै बुवाआमालाई सघाउने काम गरेका थिए । त्यसपछि तेह्र वर्षको हुँदा गाउँमा चन्द्रसूर्य हाईस्कुल स्थापना भएपछि ७ पास गरी कक्षा ८ को पढाइ चितवन आई शुरु गरेका थिए ।[8]

वि.सं. २०२४ सालबाट स्कुले पढाइ छाडेर उनी राजनीतिमा लागेर भूमिगत भए । त्यसैले औपचारिक शिक्षा लिनेक्रम चटक्कै छुट्यो ।[9] स्कुल छाडेको धेरै वर्षपछि प्रवास (भारत) मा नै पायक पर्ने हुँदा ई.सं. १९८९ मा म्याट्रिक र १९९३ मा आइ.ए. प्राईवेट परीक्षा दिएर पास गरेका थिए ।[10] त्यस बाहेकको उनको अध्ययन भनेको मूलतः भूमिगत बस्दा जनताहरूका माझमा गरिएको अध्ययन नै हो ।[11]

हुन त सुरूमा कानून विषय पढेर वकिल बन्ने उनको विचार थियो । तर सम्भव भएन, त्यसपछि पत्रकारितामा स्नातक पढ्ने कोसिस पनि गरेका थिए, तर त्यतिवेला सजिलै र जहाँतही पत्रकारिता विषयनै थिएन । त्यसैले बरालीको इच्छा अधुरै रह्यो ।[12]

## २.४ विवाह र सन्तान

रणेन्द्र बरालीको विवाह १३ वर्षको उमेरमा वि.सं. २०२० सालमा आफ्नै छिमेकी गाउँ भिरकोटका धुमविर विश्वकर्माकी छोरी दिनु विश्वकर्मासँग भएको हो ।[13] यही पहिलो विवाहबाट उनीहरूको पारिवारिक स्थिति सुखमय रूपमा अघि बढेको पाइन्छ ।

करिब चारदशक भन्दा लामो दाम्पत्यजीवनका क्रममा श्रीमतीले आफ्नो साहित्यिक तथा राजनीतिक जीवनमा एक सहयोगी र सहयात्रीका रूपमा भूमिका निर्वाह गरेको उनी ठान्दछन् ।[14] यसैगरी श्रीमान्ले राजनीतिक क्षेत्रमा प्राप्त गरेको सफलता र साहित्यिक क्षेत्रमा

---

७ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

८ ऐजन ।

९ ऐजन ।

१० ऐजन ।

११ ऐजन ।

१२ ऐजन ।

१३ श्रीमती दिनु बरालीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

१४ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

प्राप्त सुकीर्तिका कारण श्रीमती दिनु पनि आफूलाई ज्यादै सुखी र भाग्यशाली अनुभव गरेको बताउँछिन् ।[१५]

रणेन्द्र बराली तथा श्रीमती दिनुका सन्तानका रूपमा चारजना छोराछोरी छन् । दुई छोरामध्ये जेठा छोरा प्रबिन्द्र बरालीको विवाह रूपासँग भएको हो, उनीहरूबाट बिगेन्द्र नामका छोरा र एन्जीलिना नामकी छोरीको जन्म भएको छ भने कान्छा छोरा टेकेन्द्र अविवाहित तथा हाल विदेशमा छन् । त्यसैगरी दुई छोरीहरू क्रमशः सचिना तथा युरिनाको विवाह भएर आ-आफ्ना घरमा गइसकेका छन् ।[१६]

जेठा छोरा प्रबिन्द्र व्यापार व्यवसाय गरी चितवनमा बसोवास गर्दछन् कान्छा छोरा विदेशमा र दुवै छोरीहरूको विवाह भइसकेको अवस्थामा बराली दम्पती हाल काठमान्डौं महानगरपालिका, नयाँ नैकाप गा.वि.स. ६ बानियाँ गाउँ स्थित आफ्नै घरमा बसोवास गरिरहेका छन् ।[१७]

## २.५ आर्थिक अवस्था र पेसा

रणेन्द्र बरालीको पुर्ख्यौली पेशा सुनचाँदीको काम र खेतीपाती रहेको र यस बाहेक उनका बाजेले नरकटीयागञ्ज (भारत) बाट कपडा ल्याउँदै गाउँ घुमाएर व्यापार गर्ने गरेको थाहा हुन्छ ।[१८] निम्नमध्यमवर्गीय परिवारमा जन्मिएका बरालीको आर्थिक अवस्था पहाडबाट चितवन झरेपश्चात् निकै सुध्रिएको देखिन्छ किनकि चितवन आएर उनी र उनको परिवारले आफ्नो पुर्ख्यौली पेसा सुनचाँदी व्यवसाय गरेका थिए । यो सन्तोषजनक ढङ्गमा चलेको थियो ।[१९] वि.सं. २०२८ सालतिर राजनीतिमा ज्यादा समय दिनुपरेका कारण उनको व्यवसाय केही बिग्रिएको थियो, फेरि वि.सं. २०३२ सालबाट राजनीतिका साथै व्यवसाय पनि सँगसँगै अघि बढाउँदै लगेका थिए ।[२०] उनले पार्टीको पूर्णकालीन हुँदा केही पहाडी गाउँमा आँफैले स्कुल खोलेर केही समय पढाएका पनि थिए तर तलब होइन खानाको भरमा, ती स्कूलहरू हाल सरकारी मा.वि.का रूपमा विकसित भइसकेका छन् । यसबाहेक उनले हालसम्म कुनै जागिर भने खाएका छैनन् ।[२१]

---

१५ श्रीमती दिनु बरालीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

१६ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

१७ ऐजन ।

१८ ऐजन ।

१९ ऐजन ।

२० ऐजन ।

२१ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

उनको पहाडघरमा बिस मुरी धान आउने खेत र दुई खाल मकै आउने बारी अनि भैंसी, घोडा, गोरु, पुर्ख्यौली सम्पत्ति थिए । तर बराली परिवार चितवन झर्दा तीमध्ये  केही बेचबिखन गरेर तथा केही आफन्तलाई सुम्पिएर झरेका थिए ।[22]

चितवन झरेपछि गुञ्जानगरमा २ बिगाह जग्गा, चनौली बजारमा घर घडेरी, भरतपुरमा घडेरी बराली आफैले व्यापार व्यवसाय गरी कमाएको सम्पत्ति थियो । उनी बाहेक दुई भाइहरू र बुवाआमा समेत चार अंश लगाउँदा उनको भागमा गुञ्जानगरमा १० कट्ठा जग्गा र सातहातको घर परेको थियो ।[23] अंशबण्डा पछि रणेन्द्रको परिवार नारायणगढमा आएर बसोवास गरेको पनि २७ वर्ष भइसक्यो । हाल उनको नारायणगढमा दुइओटा र काठमान्डौंमा दुइओटा नयाँ र पुराना घरहरू छन् । गुञ्जनगर चितवनमा एक बिगाह जग्गा छ र नारायणगढमा सुनचाँदी पसल छ । पसलको आम्दानी र घरभाडाबाट आउने आम्दानी उनको परिवारको प्रमुख आयस्रोत हो ।[24] छोराछोरीहरू पनि आ-आफ्नै खुट्टामा उभिनसक्ने भइसकेको हुँदा हाल बरालीका श्रीमान्-श्रीमतीको जीवन सुखमय तरिकाले नै अघि बढेको देखिन्छ । आर्थिक अवस्था पनि सन्तोषजनक छ ।

## २.६ कार्यक्षेत्र प्रवेश र निरन्तरता

रणेन्द्र बरालीको मुख्य कार्यक्षेत्र राजनीति र साहित्य लेखन रहेको देखिन्छ । साहित्यमा आफ्नै स्कुले गुरु-गुरुआमाहरू तथा पारिजात, मोदनाथ प्रश्रित, खगेन्द्र संग्रौला, निनु चापागाई, आहुति, डायमण्डशम्शेर राणा आदिका प्रेरणाले लागेका बराली समग्र दलित जातिका प्रतिनिधि साहित्यकार हुन् ।

साहित्यकार बरालीको प्रथम प्रकाशित रचना ‘रुसको सदन’ भन्ने कविता हो । तर यो कविता प्रकाशन भएको पत्रिकाको नाम, वर्ष, अङ्क केही पनि प्राप्त हुन सकेन  तसर्थ यसलाई प्रथम औपचारिक रचना मान्न सकिँदैन । तसर्थ हालसम्म प्राप्त उनको सबभन्दा पुरानो कविता टी.आर. वि.क. द्वारा सम्पादित तथा प्रकाशित ‘संजीवनी’ (नेपाली साहित्यक मासिक) को वर्ष ८, अङ्क १, २०४२ मा प्रकाशित ‘लालचरी’ भन्ने कवितालाईनै उनको प्रथम प्रकाशित औपचारिक रचना मान्न सकिन्छ ।[25] उनको नेपालमा “अछुत” जातीय सङ्घर्ष (

२२ ऐजन ।

२३ ऐजन ।

२४ ऐजन ।

२५ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

केही योद्धाहरूको परिचय) २०३८, उही परिमार्जित संस्करण (२०५०), आफ्नै व्यथा नाटक (२०५६), सर्वजित विश्वकर्माको जीवनी (२०६३), ‘चीनको कोसेली’ यात्रा संस्मरण (२०६६) र इतिहासको एक पैका उपन्यास (२०६६) हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू हुन् ।[२६] यसबाहेक उनका अन्य थुप्रै फुटकर कविता, गीत, कथा, यात्रासंस्मरण विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् भने निकट भविष्यमै प्रकाशनको तयारीमा दलितको दैलो (कथा सङ्ग्रह) र एउटा कविता सङ्ग्रह रहेका छन् ।[२७] यसरी उनको साहित्यिक यात्राको विश्लेषण गर्दा उनले आफ्नो लेखनयात्रालाई निरन्तरता दिइरहेको पुष्टि हुन्छ ।

बराली साहित्यकारका साथै एक राजनीतिज्ञ पनि हुन् । हाल उनी एनेकपा (माओवादी) विशेष राज्य समितिका सदस्य एवम् केन्द्रीय सल्लाहकार परिषद्का सदस्य रहेका छन् ।[२८] अधिकांश समय राजनीतिक कार्यमा नै व्यस्त हुने गरेतापनि आफ्नो व्यस्तताबाट बचेको समय साहित्य सिर्जनामा खर्चेर उनले साहित्यका क्षेत्रमा दिएको योगदान उल्लेखनीय छ ।

## २.७ वैयक्तिक जीवनका विशेष घटनासन्दर्भ

मानवजीवन घटनै घटनाहरूको सँगालो हो । तीमध्ये विभिन्न समयमा भिन्न भिन्न प्रकृतिबाट असाधारण रूपमा घट्ने घटनाहरूलाई विशेष घटना भनिन्छ । मानिसको जीवनका केही घटनाहरू यस्ता हुन्छन् जुन विशेष खालका हुन्छन् जसलाई सहजै भुल्न सकिँदैन ।

साहित्यकार रणेन्द्र बरालीले पनि आफ्नो जीवनमा धेरै अविस्मरणीय क्षणहरू आएको बताउँछन् ।[२९] कथित तल्लो जातमा जन्मिएका बरालीले सानो उमेरदेखि नै जातीय विभेद र छुवाछुतपूर्ण व्यवहारको कटु अनुभव गर्नुपरेको थियो । समाजका उच्चजाति भनाउँदाहरूबाट उनी र उनको परिवार बारम्वार पीडित भइरहनुपर्थ्यो । ‘अछुत’ को संज्ञा

२६ ऐजन ।

२७ ऐजन ।

२८ ऐजन ।

२९ ऐजन ।

दिएर विभिन्न कार्यहरू गर्न रोक लगाइन्थ्यो ।[घट] सायद यसै कारणले पनि बरालीलाई जातीय मुक्ति आन्दोलनमा लाग्न र दलितहरूका प्रतिनिधि साहित्यकार बन्न प्रेरणा दियो ।

रणेन्द्र बराली करिब ११ वर्षका थिए, त्यतिबेला उनी पहाडघर तनहुँमै थिए । एकदिन थर्पु बजार जाँदा बाटोमा जिलेबी पसल फेला पऱ्यो र उनले जिलेबी तातो छ भन्दै यसो हातले छामेका थिए । अछुत भएर पसलका खानेकुरा छुँदै हिँड्ने भन्दै उनलाई पसले साहु लगायत बजारका अन्य मानिसहरूले निर्घात कुटपिट गरेका थिए । त्यसदिन उनको नाकबाट दुईधारा भलभल्ती बगेको रगतले उनले लगाएको सेतो कमिज रङ्गिएको थियो र रगतका फाल्सा टाँसिएको थियो । उनकी आमाले रुँदै त्यो रगतको दाग फाल्न कोसिस गर्नुभएको थियो । सेतो कमिजको त्यो दागसँगै उनको हृदयमा त्यो घटनाले पारेको चोटको दाग कहिल्यै नमेटिने गरी टाँसिएर रह्यो । मरेपछि मानिसको हंस हावामा लीन भए पनि त्यो दृश्य विलीन नहोला भन्दै बराली आफ्नो जीवनको दुःखद अविस्मरणीय घटना बारे बताउँछन् ।[घठ]

समाजबाट पाएका यस्ता छुवाछुत र विभेद पूर्ण व्यवहारका तिता अनुभवका विविध स्मरणीय क्षणहरू बरालीसँग छन् । यसको प्रतिबिम्ब उनका नाटक र उपन्यासहरूमा व्यक्त भएको पाइन्छ । कृतिका कुनै प्रस· लेखक आफैले अनुभव गरेको हुनपर्छ नत्र कृतिमा पाइने जीवन्तता सम्भव नहुँदो हो ।

यसैगरी आँफू मृत्युको मुखसम्म पुगेर बाँच्न सफल भएको दुर्घटनाको क्षणबारे पनि बरालीले बताउँछन् । उनको आफ्नै व्यवस्थापनमा प्रकाशित परिश्रमी त्रैमासिकको दोस्रो अङ्कलाई ऐतिहासिक आन्दोलन विशेषाङ्कको रूपमा प्रकाशित गर्ने जमर्कोले सामग्री खोज्ने योजना बनाई दलित आन्दोलनको ऐतिहासिक थलो बाग्लु·, म्याग्दीका जीवित हस्तीहरूलाई भेटेर अन्तर्वार्ता लिने साथै तत्काल सम्पन्न काली गण्डकी जलविद्युत योजनाको समेत अवलोकन गर्ने उद्देश्यका साथ वि.सं. २०५४ साल पुस महिनाको चिसो दिनमा उनी घरबाट मोटरसाइकलमा यात्राका लागि निस्किएका थिए । जाडोको महिना हुनाले बिस्तारै मोटरसाइकल हाँकेर उनी जाँदै थिए । तनहुँको आँबुखैरनी कटेपछि याम्पाफाँट शुरु हुने मोडमा अगाडिको ट्रकलाई उछिन्न साइड हेर्दै थिए अकस्मात् पोखरातिरबाट चर्को रफ्तारमा आएको बसले ड्याम्मै  हान्यो। उनको टाउको बसको अगाडिको भागमा

#) शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

#! ऐजन ।

ठोकियो। उनी पल्टिएर अगाडितिर उछिट्टिएर बसले उनको मोटरसाइकल पिचबाटोमा लतार्दै ल्यायो र उनलाई दश मिटर जति घिसार्दै अगाडि लग्यो । ड्राइभर आत्तिएर होला बस काबुबाहिर भएछ । मर्स्याङ्दी साइडतिरको ढिस्कोमा ठोकिएर आँफै रोकिएछ । उनी त्यतिबेला बसमुनि थिए । उनको अगाडि मोटरसाइकल, यसैको ब्रेक लागेर बसको चक्का ठेलिएको छ, उनी पूर्ण अचेत थिएनन् ढल्पलिएको बसमा कोही झ्यालबाट, कोही ढोकाबाट हाम फालेर झर्दै “ओइ मान्छे मरिसकेको छैन निकाल” भनेको आवाज उनी प्रस्ट सुनिरहेका थिए । तर गाडी चालक भने छिटो छिटो बसमा चढेर स्टार्ट गर्न थाल्यो । अब यो सैतानले सिध्याउँछ भन्ने ठानेर घिस्रँदै उनी गाडी मुनिबाट निस्के । त्यतिनै बेला उनका छिमेकी आ□नै गाडीमा आएका रहेछन् उनले बरालीलाई डुम्रे स्वास्थ्य चौकी पु¥याए । उनलाई शरीरभरि बत्तीस ठाँउमा चोट लागेको थियो तर ठूलो अ·भ· केही भएन । उनको छातीमा टाँसिएको पत्रकारिताको कार्ड बसको चक्काले च्यापिँदा समेत भगवान्ले उनको ज्यान बचाएका थिए । उनी चढेको मोटरसाइकल कच्याककुचुक भएर बोरामा हालेर ल्याउनुपरेको थियो । त्यस दुर्घटनाबाट निको हुन उनलाई दुई महिना लाग्यो । त्यो घटना देख्ने सबैले उनलाई भन्छन् यो तपाईको दोस्रो जुनी हो ।[घङ]

## २.८ चिन्तन, दर्शन र विचार

साहित्यकार एउटा स्रष्टा हो । ऊ आफ्नो रचनाद्वारा एउटा नयाँ समाजको आशा गर्दछ । यसको निम्ति उसले आफ्नो स्पष्ट जीवनदर्शन बनाएको हुन्छ ।

रणेन्द्र बरालीको विचारमा साहित्यको मर्म जनतालाई सचेत पार्नु र सेवा गर्नु नै हो । साहित्य र कलाको रसरंगले मानिसलाइ उद्दीप्त पार्छ, ऊर्जाशील बनाउँछ । उनी समाजमा व्याप्त छुवाछुत, वर्ग विभेद जस्ता विकृतिहरूलाई हटाउनका लागि यथार्थवादी साहित्यले मार्गदर्शन दिन सक्छ भन्ने मान्यता राख्दछन् । साहित्य भाषा सिगार्ने सौरभ मात्र नभएर यसले प्रत्येक मस्तिष्कलाई सचेत र समृद्ध समेत बनाउँछ भन्ने उनको विचार छ ।[घढ]

बराली साहित्यकार हुनाका साथै एक कुशल राजनीतिज्ञ पनि हुन् । भौतिकवादी, यथार्थवादी, वस्तुवादी अनि समग्रमा मार्क्सवादी दर्शन नै उनको जीवनदर्शन हो । राजनीति बाहिरको साहित्य हुँदैन र समाज बाहिरको राजनीति तसर्थ समाज, साहित्य र राजनीतिको

३२ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

३३ ऐजन ।

अन्योन्याश्रित सम्बन्ध भएको हुनाले यसैको सन्तुलनमा आफूलाई परिचालित गर्ने गरेको उनी बताउँछन् ।[34]

## २.९ पुरस्कार, प्रशंसा र सम्मान

पुरस्कार सम्मान तथा प्रचारबाजीको मोह नभएका बरालीले करिब चार दशक लामो साहित्यिक यात्रामा कलम चलाइसकेका छन् । जातीय विभेदता अन्त्य गर्न र शोषित पीडित जनताको हकहितको सुरक्षार्थ अहोरात्र लागिपरेका बरालीका साहित्यिक कृतिहरूमा पनि हाम्रै नेपाली दलित दाजुभाइ दिदीबहिनीहरू, जो सदियौँ देखिको छुवाछुत र विभेदपूर्ण संस्कारबाट पीडित छन् , उनीहरूको पीडा, व्यथा र कथालाई यथार्थ तथा मार्मिक ढङ्गमा चित्रण गरिएको पाइन्छ, साथै शोषक सामन्ती प्रथाको विरोधमा एकजुट भई अघि बढ्न पनि प्रेरित गरिएको पाइन्छ । दलित जातीय प्रतिनिधित्व गर्ने खालका साहित्यिक रचनाहरूको अभाव रहेको नेपाली साहित्यको भण्डारमा यस्ता खाले रचनाहरू अर्पण गर्न अग्रसर स्रष्टा रणेन्द्र बरालीको प्रतिभाको हालसम्म स्वदेशमा उचित कदर र मूल्याङ्कन हुन सकेको छैन । साहित्यका क्षेत्रमा हालसम्म उनले प्राप्त गरेको पुरस्कार भारतीय दलित साहित्य अकादमीबाट प्रदान गरिएको डा.अम्बेडकर फेलोसिप पदक १९८९ हो भने हालसालै २४ जुलाई २०११ का दिन अन्तराष्ट्रिय नेपाली साहित्य समाज वासि·टन डि.सी. मेट्रो च्याप्टर, अमेरिकाद्वारा १९८ औं भानुजयन्ती तथा अ.ने.सा.स. को बीसौं वार्षिकोत्सवको सुअवसरमा जनपक्षीय साहित्यकारका रूपमा रणेन्द्र बरालीलाई सम्मान प्रदान गरिएको छ।[35]

## २.१० सारांश

जीवनीलेखन भन्नाले कुनै पनि योगदानलाई हेरेर व्यक्तिले जन्मेदेखि गरेको कामको उल्लेख गर्नु भन्ने मानिन्छ । यहाँ साहित्यकार रणेन्द्र बरालीले साहित्यका क्षेत्रमा गरेको योगदानलाई हेरेर उनको जन्मदेखि हालसम्मको वृत्तान्त प्रस्तुत गरिएको छ ।

वि.सं. २००८ साल श्रावण २ गते तनहुँ जिल्लाको काँहु शिवपुरमा पिता झिमलाल र माता अमृता बरालीका कोखबाट जन्मिएका रणेन्द्र बरालीको बाल्यकाल पहाडकै मनोरम हावापानीमा बितेको देखिन्छ । साहित्यका क्षेत्रमा आफ्नै स्कूले गुरुहरू तथा पारिजात,

३४ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

३५ ऐजन ।

मोदनाथ प्रश्रित, खगेन्द्र संग्रौला, निनु चापागाईं, आहुति, डायमण्ड शम्शेर राणा आदिबाट प्रभावित भएर लागेका बराली साहित्यकारका साथै कुशल राजतीतिज्ञ पनि हुन् ।

आफ्नै गाउँका पण्डितबाट संस्कृत पढ्ने पाठशालामा तिथि, राशि, नक्षत्रादिबाट शिक्षा आरम्भ गरी गाउँको चन्द्रसूर्य हाइस्कुलबाट ७ पास गरी चितवनको शारदा मा.वि.मा कक्षा ८ को पढाइ शुरु गरेका बराली स्कुले पढाइ सकिने बित्तिकै राजनीतिमा हाम फालेका थिए । स्कुल छाडेको धेरैवर्षपछि प्रवास (भारत) मा नै पायक पर्ने हुँदा ई.सं १९८९ मा म्याट्रिक र १९९३ मा आइ.ए. प्राइभेट परीक्षा दिएर उत्तीर्ण गरेका थिए । साहित्यका क्षेत्रमा विशेषतः उपन्यासकार, नाटककार, जीवनीकार, नियात्राकार र कविका रूपमा परिचित बराली राजनीतिमा पनि सक्रिय रूपमा लागिपरेकाले साहित्य सृजनाको गति निकै मन्द देखिन्छ । तापनि हालसम्म उनका ५ वटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् भने निकट भविष्यमै एउटा कथा सङ्ग्रह प्रकाशोन्मुख छ । उनी व्यवसायी, समाजसेवी, राजनीतिज्ञ र साहित्यकार भएर पनि आफ्नो जीवनका विविध पाटाहरू र साहित्य सिर्जनाका बीचमा आवश्यक सन्तुलन मिलाउँदै नेपाली साहित्यलाई केही दिने उद्देश्यका साथ लागिपरेका छन् ।

# परिच्छेद - तीन

# साहित्यकार रणेन्द्र बरालीको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण व्यक्तिको निजीपन वा व्यक्तिले आफूलाई प्रभावित पार्ने व्यक्तिविशेषमा निहित विशेषतालाई व्यक्तित्व मानिन्छ ।[1] व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो जसले व्यक्तिको पहिचान गराउन सक्छ । कुनै पनि व्यक्तिभित्र व्यक्तित्वका विविध पाटाहरू हुन सक्छन् । जस्तै :- निजी व्यक्तित्व र सार्वजनिक व्यक्तित्व । व्यक्तित्वका निजी व्यवहारसित सम्बद्ध कुराहरूलाई निजी व्यक्तित्व भनिन्छ । निजी व्यक्तित्वलाई आन्तरिक र बाह्य गरी दुइ भागमा बाँडेर व्यक्तिको शारीरिक बनावट, आकारप्रकार, त्यसभित्र निहित शीलस्वभाव र आचरणलाई अध्ययन गर्न सकिन्छ ।

रणेन्द्र बराली नेपाली समाज साथै साहित्यका एक सिर्जनशील व्यक्तित्व हुन् । उनले जीवनका लगभग चार दशक जति समय राजनीतिक, सामाजिक, साहित्यिक आदि विविध क्षेत्रमा क्रियाशील रहेर आफ्नो व्यक्तित्व निर्माण गरेको पाइन्छ । बरालीको व्यक्तित्वलाई बाहय र आन्तरिक दुई भागमा बाँडेर तिनको विस्तृत अध्ययन गर्न सकिन्छ ।

## ३.२ बाहय व्यक्तित्व र स्वभाव

मानिसको शारीरिक व्यक्तित्व नै बाहय व्यक्तित्व हो । जो बाहिरबाट हेर्दा प्रस्ट देखिन्छ । बाहिरीरूपमा हेर्दा उनी गहुँगोरो वर्णका देखिन्छन् । रणेन्द्र बरालीको शारीरिक गठन दुब्लो पातलो पनि होइन, एकदम मोटो पनि होइन मझौला किसिमको छ । उनको करिब पाँच फिट सात इन्च उचाइ र अठसठ्ठी किलोग्राम तौल रहेको छ ।[2]

तिलचामले कपाल, हट्टाकट्टा शरीर, मसिनो जुँगा राख्ने बरालीका चाउरिँदै गएका गालामा बुढ्यौलीका हल्का रेखाहरू देख्न सकिन्छ तापनि उनी अझै हृष्टपुष्ट, फुर्तिला र सधै आँफूलाई व्यस्त राख्न मन पराउँछन् ।[3]

---

१ राधा कोइराला, बाबुराम लामिछानेको जीवनी व्यक्तित्व र कृतित्व, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पस, २०६२) पृ.१५ ।

२ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

३ ऐजन ।

उनी अत्यन्त सरल र इमान्दार स्वभावका छन् । फुर्सदको समयमा इन्टरनेटमा नयाँ कुराको खोजीगर्न र लेखन कार्यमा रमाउन चाहन्छन् । यसका साथै उनी सदा सहयोगी भाव राख्ने प्रेरणाशील, स्वाभिमानी, तार्किक, कुशलवक्ता र नेतृत्व गर्ने शक्ति भएका व्यक्तित्व पनि हुन् । बरालीमा स्वाभिमानी र क्रान्तिकारी प्रवृत्ति भएका कारण उनी विद्यार्थी जीवन देखि नै सामाजिक विकृति, जातीय विभेद, दमन, शोषण र असमानताको विरुद्धमा सधैं सङ्घर्ष गर्दै आएको बुझिन्छ ।[ढछ]

## ३.३ विशेष अभिरुचि र विशेषता

हरेक मानिसका रुचि र चाहनाहरू फरक फरक हुन्छन् । यही मानवीय पृथकपनाले नै हरेक व्यक्ति समाजमा फरक फरक रूपमा परिचित हुने गर्दछ । रणेन्द्र बरालीको विशेष रुचि भनेको लेखपढ गर्नु, सञ्चारमा आँखाकान जानु र भ्रमण गर्नु हो ।[ढट]

रणेन्द्र बराली सादा जीवनमा विश्वास गर्दछन् । खानपानमा उनी अर्धशाकाहारी भित्र पर्दछन् । किनकि उनले मासु खाँदैनन्, माछा भने खान्छन् । धुम्रपान र मद्यपानबाट अहिलेसम्म टाढा रहेको र अबपनि टाढै रहने उनी बताउँछन् । सादा खाना (दालभात, रोटी, तरकारी) र दुध, दही उनलाई मनपर्ने खाना हो । पहिरनमा पनि उनलाई खास सौख छैन । सर्ट, पाइन्ट, टोपी, जुत्ता उनको सदाबहार पहिरन हो । दौरा सुरवाल, ढाकाटोपी जस्ता राष्ट्रिय पोशाक आफूले नलगाएपनि त्यसलाई सम्मान गर्ने उनी बताउँछन् ।[ढठ]

जातीय विभेद, छुवाछुत र नो लेखन चेतना जुर्मुराउने कुरा उनी बताउँछन् । कसैमाथि हुने अमानवीय व्यवहारले आ गोर्की, लुसुन, राहुल सांकृत्यायनका कृतिहरूलाई ज्यादा मन पराउने बराली नेपाली साहित्यकारहरूमा पारिजात, मोदनाथ प्रश्रित, लैनसिंह वाङदेल, डायमण्डशम्शेर राणा आदिलाई आफ्नो प्रेरक व्यक्तित्वका रूपमा मान्दछन् ।[ढड]

## ३.४ आन्तरिक व्यक्तित्व

रणेन्द्र बरालीको आन्तरिक व्यक्तित्वलाई साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुई भागमा बाढ्न सकिन्छ ।

---

४ शोधनायकका छोरा प्रविन्द्र बरालीसँगको मौखिक अन्तर्वार्ता अनुसार ।

५ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

६ ऐजन ।

७ ऐजन ।

### ३.४.१ साहित्यिक व्यक्तित्व

रणेन्द्र बरालीमा अन्तरनिहित व्यक्तित्वमा साहित्यिक व्यक्तित्व प्रमुख रहेको छ । उनले आफ्नो साहित्यिक यात्राको शुरुवात कविता विधाबाट गरेका भए तापनि यस विधामा उनले खासै कलम चलाएका छैनन् ।[८] बाल्यकालमा स्कुलमा गीत तथा कविताहरू लेखेर साथीभाइ र गुरुहरूबिच सुनाउने र पछिल्ला दिनहरूमा यदाकदा फुटकर कविता सृजना गरी पत्र-पत्रिकाहरूमा प्रकाशन गर्नुमा नै उनको कवि व्यक्तित्व सीमित रहेको छ । तर उनी उपन्यासकार, नाटककार, नियात्राकार र निबन्धकार व्यक्तित्वका रूपमा भने सफल देखिन्छन् । उनको व्यक्तितका यी पाटाहरूले उनलाई नेपाली साहित्यको फाँटमा सुपरिचित हुन मद्दत गरेका छन् । बराली केही साहित्यिक सङ्घ-संस्थाहरूमा पनि आबद्ध रहेका छन् । उनी नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानको केन्द्रीय उपाध्यक्ष, अखिल नेपाल लेखक सङ्घको केन्द्रीय सदस्य, प्रगतिशील लेखक सङ्घको केन्द्रीय सल्लाहकार, कृष्ण सेन इच्छुक प्रतिष्ठानको केन्द्रीय सदस्य र प्रतिभा प्रवाह काठमान्डौंको सल्लाहकार समेत रहेका छन् ।[९]

#### क) नाटककार व्यक्तित्व

रणेन्द्र बरालीले साहित्य सृजना गर्ने कार्यको सुरुवात स्कुले उमेरदेखि नै गरेका भए तापनि औपचारिक रूपमा यिनको लेखन यात्रा भने ढिलो आरम्भ भएको देखिन्छ ।[१०] उनलाई नाटककार व्यक्तित्वकको रूपमा चिनाउने कृति '**आफ्नै व्यथा**' नाटक हो । जुन नाटकको प्रथम अङ्क वि.सं. २०५३ सालमा चितवनबाट प्रकाशित हुने परिश्रमी पत्रिकामा प्रथम पटक प्रकाशित भएको थियो । पछि यसका अन्य अङ्कहरू धारावाहिक रूपमा यसै पत्रिकामा प्रकाशित भएको थियो । त्यसपछि वि.सं. २०५६ सालमा नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानबाट यो नाटक पुस्तकाकार रूपमा प्रकाशित भएको थियो । कुनै व्यक्ति र वाद विशेषबाट प्रभावित भएर भन्दा पनि समाजमा व्याप्त अन्याय, अत्याचार, विभेद, असमानताबाट मर्माहत भएर यो नाटक सृजना गरेको बराली बताउँछन् ।[११]

---

८ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

९ ऐजन ।

१० ऐजन ।

११ ऐजन ।

साहित्यले केवल मनोरञ्जन दिनु मात्र यसको उद्देश्य हुन सक्दैन । व्यक्तिमा सकारात्मक विचार र परिवर्तनका लहरहरू ल्याउन सक्ने क्षमता पनि साहित्यमा हुनु आवश्यक छ । यो गुण बरालीका कृतिहरूमा प्राप्त गर्न सकिन्छ । कोमल वाक्य गठन, सटीक वर्णन, सरल,  भाषा, ठाउँ ठाउँमा गीतको प्रयोगले उनको यो नाटक निकै रोचक पनि बन्न पुगेको छ । बराली दलित मुक्तिको आन्दोलनमा लागेका कारण पनि यस आन्दोलनलाई अघि बढाउने क्रममा सामाजिक अवस्थाको यथार्थ चित्र जनतासामु उजागर गर्न अपरिहार्य हुने हुँदा आफ्ना जीवन र समाजमा घटेका घटनाहरूको यथार्थ वर्णन नाटकमा गरिएको अनि नाटक भित्र के हुनुपर्ने हो भन्नु भन्दा पनि वर्तमान जगत्मा के भइरहेको छ भन्ने कुरा आत्मसात् गरी यो नाटक सृजना गरिएको हो  भन्ने कुरा बराली बताउँछन् ।[छघ]

यस नाटकमा बरालीले मानवीय मूल्य र मान्यताको खोजी गरेका छन् । यस नाटकको माध्यमबाट उनले दलितहरूको यथार्थ स्थितिको चित्रण प्रस्तुत गरेका छन् । अन्तरजातीय विवाहले हाम्रो समाजमा रहेको छुवाछुत जस्ता विकृतिलाई समूल रूपमा नष्ट गर्नेछ र यसले जातीय मेलमिलापको वातावरण सृजना गर्न सक्छ भन्ने मूल विचार नाटककारले यस नाटकमा व्यक्त गरेका छन् ।[छद्ध]

### ख) उपन्यासकार व्यक्तित्व

रणेन्द्र बरालीले उपन्यासकारका रूपमा पनि आफ्नो छवि स्थापित गरेका छन् । वि.सं. २०६६ सालमा नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानबाट उनको ‘**इतिहासको एक पैका’** नामक उपन्यास प्रकाशित भएको छ । २५९ पृष्ठ लामो आयाम बोकेको यस उपन्यासका विविध घटनाक्रम र कथावस्तुहरूलाई  विभिन्न ३५ वटा उपशीर्षक दिएर लेखिएको पाइन्छ । प्रगतिवादी धारा अन्तर्गतको यो कृति अध्ययन गर्दाखेरि कता कता यो उपन्यास नभई कुनै संस्मरण जस्तो पनि लाग्छ । बराली स्वयंले पनि भन्दछन् कि ‘यो विधा उपन्यास नै भएको छ कि छैन म भन्न सक्दिन किनकि मसँग विधागत शास्त्रीय सिप छैन, शब्दको भण्डार छैन र साहित्यको लालित्य पनि छैन, मात्र विषयवस्तुको वास्तविकता त्यही

---

१२  शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

१३  नै व्यथा उर्मिला विश्वकर्मा, ‘रणेन्द्र बराली र उनको आ’, *समदृष्टि सप्ताहिक*,२०५७, बर्ष ४, अङ्क १०, पृ.४ ।

पनि करोडौँमा जन्मिने कुनै एक होनहार नेपाली, दलित पैकाको दु:खान्त परिवेशलाई पस्कने जमर्को गरेको छु ।"[छछ]

यसो भन्दै उनी साहित्यप्रतिको आफ्नो इमान्दारिता प्रकट गर्दछन् । भलै केही विधागत त्रुटिहरू अवश्य होलान् तर पनि यो उपन्यास समस्त दलित जातिको पीडा, व्यथा र मर्म बोकेको प्रगतिवादी उपन्यास हो । यसमा हाम्रो समाजमा विद्यमान सामन्तवाद, विभेद, शोषण, उत्पीडन जस्ता समस्याको चित्रण गर्नुका साथै समग्र शोषित पीडित र दलित दाजुभाइ दिदीबहिनीहरूलाई सामाजिक न्याय प्राप्तिको लागि एक भई अगि बढ्न पनि अभिप्रेरित गरिएको छ । समाजमा जन्मिरहेका नयाँ नयाँ चिन्तन र पुरानो यथास्थितिवादी चिन्तन बिचको द्वन्द्वबारे अवगत गराउनु र क्रान्तिकारी चेतना छोडेर अरू कुनै पनि चिन्तनले मानव जीवनलाई उज्यालो दिँदैन भन्ने सन्देश दिनु नै यस उपन्यासको मूल मर्म हो ।[छट]

## ग) नियात्राकार व्यक्तित्व

साहित्यकार रणेन्द्र बरालीको अर्को व्यक्तित्व नियात्राकार व्यक्तित्व पनि हो । भ्रमण आफ्नो प्रमुख रुचि रहेको बताउने  बराली नेपाली अधिकांश भू-भागहरूका साथै भारत र चीनका धेरै स्थानहरूको भ्रमण गरेको बताउँछन् ।[छठ] यसको फलस्वरूप '**चीनको कोसेली**' भन्ने यात्रा संस्मरणात्मक कृति पुस्तकाकार रूपमा वि.सं. २०६६ सालमा प्रकाशित भइसकेको छ भने अन्य यात्रा संस्मरणहरूमा कति ओभ्केलमा परेको रहेको दलित आन्दोलनको इतिहास, चितवन काठमान्डौं दशदिने पैदल यात्राको विवरण लेख, आदिम भूमिको काखमा (बेगनास तालको डेढ घण्टा डुँगा यात्रा आदि) जस्ता लेखहरू विविध पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन् ।[छड]

## घ) कथाकार व्यक्तित्व

१४ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

१५ डि.आर.पोखरेल, मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य, पूर्ववत्, पृ.७५३ ।

१६ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

१७ ऐजन ।

रणेन्द्र बरालीको साहित्यिक व्यक्तित्वमा कथाकार व्यक्तित्व पनि रहेको छ । उनको ‘दलितको दैलो’ नामक कथा सङ्ग्रह छिट्टै प्रकाशनको तयारीमा रहेको उनी बताउँछन् ।[18] यस बाहेक फुटकर रूपमा प्रकाशित उनका कथाहरूमा ‘दलित सन्देश’ मासिक (२०६६) मा प्रकाशित कथा ‘**कैलेको करामत’** उक्त पत्रिकाकै अर्को अङ्कमा प्रकाशित कथा ‘**अनि पो जनयुद्ध’**, प्रलेस मासिक (२०६६) मा प्रकाशित कथा ‘**युगका आँखा’** आदि पर्दछन् ।[19]

बरालीका अन्य साहित्यिक विधा नाटक र उपन्यास जस्तै कथा विधा पनि हाम्रै सामाजिक परिवेशमा घटित असमानता, जातीय विभेद, दमन, शोषण आदिलाई नै प्रमुख विषयवस्तु बनाएर लेखिएको पाइन्छ ।

### ङ) निबन्धकार व्यक्तित्व

बरालीको अर्को साहित्यिक व्यक्तित्व निबन्धकार व्यक्तित्व हो । उनको पुस्तकाकार रूपमा प्रकाशित निबन्धात्मक कृति ‘**सर्वजित विश्वकर्माको जीवनी’** (२०६३) हो । यस बाहेक फुटकर रूपमा प्रकाशित अन्य निबन्धहरूमा ‘**मधेशमा मालचरी कसरी मासिन्छन्** ?’ (जनएकता साप्ताहिक, २०५४), ‘**झलकमान गन्धर्वको स्मृतिमा’** (जनताका लोक गायक झलकमान गन्धर्व २०६३), ‘**स्याबास डाक्टराईन कविता पौडेल’** (जनउत्थान, २०६६), ‘**हुलाक टिकटमा रगरगे कामी’** (मूल्याङ्कन, २०६७) आदि पर्दछन् ।[20]

### च) अनुसन्धाता व्यक्तित्व

रणेन्द्र बरालीको जीवनका विभिन्न पाटाहरूमध्ये अनुसन्धाता व्यक्तित्व पनि महत्वपूर्ण मानिन्छ । हाम्रो समाजमा सदियौंदेखि चलिआएको छुवाछुत, जातीय विभेद, सामन्तवाद जस्ता कुरीतिहरूको विरुद्धमा कलम चलाइरहेका बरालीले यस्ता कुसंस्कारहरू विरुद्ध दशकौं पहिलादेखि के कस्ता आवाजहरू कुन रूपमा उठेका थिए, कुन बिन्दुबाट जातीय सङ्घर्ष शुरु भएको थियो, के कति नेपाल आमाका सन्ततिले यस कारणले सहादत गर्नु परेको थियो भन्ने जस्ता तथ्यहरूको खोज तथा अनुसन्धान लामो समय अघिदेखि गर्दै आइरहेका

---

१८ ऐजन ।

१९ ऐजन ।

२० शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

बुझिन्छ ।[२१] यस्तै विषयवस्तुहरूलाई समेटिएको उनको खोज तथा अनुसन्धानमूलक लेखहरूको सङ्ग्रह '**नेपालमा अछुत जातीय सङ्घर्ष'** (केही योद्धाहरूको परिचय )नामक पुस्तक प्रकाशन गरेका छन् । जुन प्रथम पटक वि.सं. २०३८ सालमा प्रकाशित भएको थियो । पछि आएर यसको अन्य परिमार्जित संस्करण पनि प्रकाशित भएको पाइन्छ । यस बाहेक अन्य विविध विषयवस्तुहरूसँग सम्बन्धित खोज तथा अनुसन्धानमूलक लेखहरू पत्रपत्रिकाहरूमा विभिन्न समय समयमा प्रकाशित भइरहेको पाइन्छ ।[२२]

## ३.४.२ साहित्येतर व्यक्तित्व

रणेन्द्र बरालीको साहित्येतर व्यक्तित्वमा समाजिक व्यक्तित्व र राजनीतिक व्यक्तित्व प्रमुख रहेका छन् ।

**क) सामाजिक व्यक्तित्व**

रणेन्द्र बरालीले सानो उमेरदेखि नै जातीय विभेदताका विविध खाले चोट र प्रताडनाहरू सहनु परेको थियो । यसको फलस्वरूप उनीभित्र यसको विरुद्धमा लाग्न र समाजमा विद्यमान धनी,  गरिब, उँचनिच, छुवाछुत जस्ता कुरीतिहरू हटाउन तर्फ हामी आँफै सचेत हुनु पर्दछ भन्ने भावना  जागृत हुन थाल्यो । त्यसैले उनी विविध सामाजिक सङ्गठनहरूमा आबद्ध हुन पुगे ।[२३]

वि.सं. २०२४ सालमा उनी नेपाल राष्ट्रिय दलित जनविकास परिषद् अन्तर्गत पञ्चायत चितवन क्षेत्रीय सचिव भएका थिए । वि.सं. २०२५ सालमा सोही परिषद्को चितवन जिल्ला सचिव, २०३८ सालमा दलित परिषद्को केन्द्रीय सचिव (मध्यमाञ्चल), २०४५ सालमा केन्द्रीय कोषाध्यक्ष, २०५६ सालमा नेपाल उत्पीडित दलित मुक्ति समाजको महासचिव, २०५८ सालबाट नेपाल राष्ट्रिय दलित मुक्ति सङ्गठनको केन्द्रीय अध्यक्ष, २०६५ बाट नेपाल दलित मुक्ति मोर्चाको केन्द्रीय सह संयोजक पदमा रहेर विविध कार्यभार सम्हालेका थिए । यसका साथै हाल उनी सप्तगण्डकी क्याम्पस भरतपुरका सञ्चालक समितिका सदस्य, नेपाल सुन चाँदी व्यवसाय समितिका सचिव, उद्योग वाणिज्य सङ्घ चितवनको सदस्य तथा नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य रहेका छन् ।[२४]

२१ ऐजन ।

२२ ऐजन ।

२३ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

२४ ऐजन ।

### ख) राजनीतिक व्यक्तित्व

रणेन्द्र बराली एक चर्चित राजनीतिक व्यक्तित्वका रूपमा पनि परिचित छन् । उनी किशोर उमेरदेखि नै राजनीतिमा लागेका थिए । वि.सं. २०२६ सालमा कम्युनिष्ट पार्टी सदस्य, २०३० सालमा चितवन जिल्ला पार्टी प्रमुख, पार्टी एकतापछि २०४८ सालमा जनमोर्चा नेपालको जिल्ला सदस्य, २०५४ बाट २०६५ सम्म चितवन जिल्ला सचिव, २०६० बाट धौलागिरी, गण्डकी, नारायणी क्षेत्रीय व्युरो सदस्य, लमजु॰ पार्टी इन्चार्ज (एकता केन्द्र) एवम् केन्द्रीय सल्लाहकार, हाल ऐ.ने.क.पा. (माओवादी) विशेष राज्य समिति सदस्य एवम् केन्द्रीय सल्लाहकार परिषद् सदस्य समेत रहेका छन् ।[२५] समाज बाहिरको राजनीति हुँदैन र राजनीति बाहिरको साहित्य हुँदैन तसर्थ समाज,साहित्य र राजनीतिको अन्योन्याश्रित सम्बन्ध रहेको बताउने बरालीले समाज सेवा र राजनीतिलाई आत्मसात् गर्दै जीवनपथमा अघि बढिरहेका छन् ।

## ३.५ सारांश

व्यक्तित्व कुनै पनि व्यक्तिको पहिचान हो । जीवनका विविध पक्षहरू र समाजसँगको सम्बन्धका आधारमा व्यक्तिको व्यक्तित्व निर्माण हुन्छ । एउटै व्यक्तिका धेरै वटा व्यक्तित्वहरू पनि हुन सक्छन् । रणेन्द्र बरालीभित्र पनि विभिन्न व्यक्तित्वहरू रहेका छन् । उनको स्रष्टा व्यक्तित्वका विविध पाटाहरू उपन्यासकार, नाटककार, निबन्धकार, कथाकार, नियात्राकार र अनुसन्धाता व्यक्तित्व प्रमुख रहेका छन् भने साहित्येतर व्यक्तित्वमा राजनैतिक र सामाजिक व्यक्तित्व प्रमुख रहेको देखिन्छ ।

विविध विधाहरूमा कलम चलाउने बरालीको नाटक, उपन्यास, नियात्रा, निबन्ध, कथा आदि विधा अन्तर्गतको उनको व्यक्तित्व समान खालको देखिन्छ । उनका कुनै पनि विधाका कृतिले उनलाई उच्च, मध्यम भनी छुट्टाएको पाइँदैन । उनका धेरैजसो साहित्यिक विधाहरूमा सदियौँदेखिको जातीय विभेद, अन्याय र शोषणको चपेटामा परेका गरिब, निमुखा जनताहरूको पीडा, व्यथा र रोदनको सजीव चित्रण गरिएको पाइन्छ । साथै यसको विरुद्धमा एकजुट भई क्रान्तिको पथमा अघि बढ्न पनि सबैलाई उनले आह्वान गरेको पाइन्छ । मौलिक सृजनाहरूमा सहज तथा सरल, मिठासपूर्ण अभिव्यक्तिका साथै जीवन भोगाइका

---

२५ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

क्रममा अनुभव गरेका घटनालाई सरल तथा सहज शैलीमा जीवन्त प्रस्तुति दिन सक्नु बरालीको निजी विशेषता हो ।

जीवनका साठी वसन्त पार गर्न लागिसक्दा पनि समाज, राजनीति तथा साहित्य प्रतिको अनुरागमा पटक्कै शिथिलता आएको नदेखिने बरालीको आन्तरिक तथा बाह्य व्यक्तित्व निकै प्रभावशाली देखिन्छ । बाचुन्जेल अन्याय, अत्याचारको विरुद्ध लडिरहने, न्याय र समानताका निम्ति जानेको सकेको लेखिरहने, बोलिरहने, सङ्घर्ष गरिरहने उत्कट अभिलाषा बोकेका बरालीभित्र साहित्यिक व्यक्तित्वका साथै राजनीतिक तथा सामाजिक व्यक्तित्व पनि अन्तर्निहित रहेको छ ।

चार जात र छत्तीस वर्णको साझा फूलबारी भनिने हाम्रो देशमा अझै पनि जातीय विभेदता, शोषण र छुवाछुतको प्रथा कायमै छ । कथित निम्न जातमा जन्मिएका साहित्यकार बराली विभिन्न सङ्घर्षका साथ जीवनका आरोहअवरोहहरूलाई छिचोल्दै समाजको उत्थानका निम्ति अघि बढेका एक प्रगतिशील साहित्यकार व्यक्तित्व हुन् पनि भन्न सकिन्छ । सम्पूर्ण दलित जातिको प्रतिनिधित्व हुने खालको साहित्य सृजना गर्ने उनको प्रयास सार्थक रहेको छ ।

# परिच्छेद - चार

# साहित्यकार रणेन्द्र बरालीको कृतित्व

## ४.१ नेपाली साहित्यमा रणेन्द्र बरालीको आगमन र उनको साहित्य यात्रा

### ४.१.१ नेपाली साहित्यमा रणेन्द्र बरालीको आगमन

रणेन्द्र बरालीको साहित्य लेखन तथा अध्ययनको प्रारम्भ बाल्यावस्थादेखि नै रहेको पाइन्छ। उनी पढ्दाको विद्यालयको वातावरण नै सहित्यमय थियो। शुक्रबारे कार्यक्रम नाचगानका अतिरिक्त गीत कविता, कथा लेख्ने र वाचन गर्ने प्रतिस्पर्धा हुने गर्दथ्यो। विद्यालयका शिक्षक शिक्षिकाहरू पनि साहित्यप्रेमी र विद्यार्थीहरूलाई साहित्य रचनाका लागि प्रोत्साहन गर्ने खालका थिए ।

जीवनमा केही गर्नु पर्दछ भन्ने विचार भएका बराली सानै उमेरदेखि विभिन्न स्वदेशी तथा विदेशी साहित्यकारहरूका कृतिहरू अध्ययन गर्न रुचाउँथे। यसले पनि उनीभित्र रहेको प्रतिभालाई थप टेवा दिएको थियो । कथित दलित परिवारमा जन्मिएर बाल्यकालदेखि नै विविध खाले सामन्ती, शोषण, छुवाछुत, विभेद जस्ता विकृतिहरूको सामना गर्दै हुर्किएका बरालीमा क्रान्तिकारी सोचसँगै लेखन कला जुर्मुराएको पाइन्छ, फलस्वरूप उनका कृतिहरूमा युगीन दासत्व, छुवाछुत, अन्याय, अत्याचार जस्ता सामाजिक समस्याहरूको चित्रण तथा त्यसप्रतिको विद्रोहपूर्ण भावहरू व्यक्त गरिएको पाइन्छ ।

सानै उमेरदेखि नै साहित्य सृजनामा लागे तापनि त्यतिबेलाका उनका रचनाहरू प्रकाशित भएनन्। उनको प्रकाशित प्रथम साहित्य रचना टी.आर. विश्वकर्माद्वारा काठमान्डौंबाट सम्पादित तथा प्रकाशित **‘सञ्जीवनी’** सहित्यिक मासिकमा छापिएको **‘लालचरी’** भन्ने कविता हो, यसै कविताको प्रकाशनसँगै बराली नेपाली साहित्यमा देखापरेका हुन् ।

### ४.१.२ साहित्य सृजनाका लागि प्रेरणा र प्रभाव

हरेक व्यक्तिलाई कुनै विशेष कार्य गर्न अभिप्रेरित गर्ने कुनै न कुनै व्यक्ति प्रेरक स्रोत हुन्छ । यसै गरी साहित्यकार व्यक्तित्व पनि आहूभित्रको प्रतिभा अथवा देश विदेशका प्रसिद्ध साहित्यकार र तिनका कृति आदिबाट प्रेरणा प्राप्त गरी साहित्य सृजनातर्फ अग्रसर हुन पुग्दछन् । रणेन्द्र बरालीको साहित्य सृजन कार्यमा पनि यस्तै विभिन्न प्रेरणा र प्रभाव परेको

पाइन्छ । बरालीको साहित्यिक जीवन निर्माणमा उनी जन्मिएको ठाउँ, त्यहाँको परिवेश र जीवन भोगाइका क्रममा आएका विविध दु:खद तथा सुखद क्षणहरूले प्रभाव पारेको उनले बताएका छन् । स्कुले उमेरताका स्कुलमा हुने साहित्यक कार्यक्रमहरूमा भाग लिई कथा, कविता, गीत लेख्ने र वाचन गर्ने प्रक्रियाले उनलाई साहित्य सृजनामा लाग्न थप उत्साह मिल्नुका साथै स्कुलका गुरु-गुरुआमाबाट पनि उनलाई विशेष प्रेरणा मिलेको देखिन्छ ।

विभिन्न स्वदेशी तथा विदेशी साहित्यकारका साहित्यक कृतिहरूका अध्ययनले पनि आफ्नो साहित्य यात्रामा अघि बढ्न उनलाई उत्साह मिलेको थियो । विशेष गरी साहित्यकार पारिजात, मोदनाथ प्रश्रित, खगेन्द्र संग्रौला, लैनसिंह बाङ्गदेल, डायमण्ड शम्सेर राणा आदि र विदेशी साहित्यकारहरूमा राहुल सांकृत्यायन, प्रेमचन्द, लुसुन, म्याक्सिम गोर्की, जस्ता साहित्यकारहरूका कृतिको अध्ययनबाट आफूलाई थप प्रेरणा मिलेको उनले बताएका छन् ।

## ४.१.३ लेखनको प्रारम्भ, प्रकाशनको थालनी, विकासक्रम

रणेन्द्र बरालीले सानो उमेरदेखि नै साहित्य सृजनामा कलम चलाएको भए तापनि औपचारिक रूपमा उनको लेखन तथा प्रकाशन ढिलो प्रारम्भ भएको पाइन्छ । वि.सं. २०३८ सालमा प्रकाशित खोज तथा अनुसन्धानमूलक पुस्तकाकार कृति ‘नेपालमा अछुत जातीय सङ्घर्ष’ (केही योद्धाहरूको परिचय) नै उनको औपचारिक रूपमा प्रकाशित प्रथम कृति हो भने साहित्यिक रचनातर्फ वि.सं. २०४२ सालमा काठमान्डौंबाट प्रकाशित ‘संजीवनी’ ( नेपाली साहित्यिक मासिक ) को वर्ष १, अङ्क ८,मा प्रकाशित ‘लालचरी’ भन्ने कविता नै उनको प्रथम प्रकाशित साहित्यिक रचना हो । यही कविताबाट नै उनको औपचारिक साहित्यिक यात्राको थालनी भएको थियो । वि.सं. २०४२ सालदेखि २०६८ सालसम्मको छब्बीस वर्षको उनको साहित्यिक यात्रा अझै निरन्तर क्रियाशील देखिन्छ । यस अवधिको यात्रामा उनका विविध विधाका पाँच वटा पुस्तकाकार कृति र सयौं फुटकर कृतिहरू प्रकाशित भइसकेका र हुने क्रममा रहेका छन् ।

रणेन्द्र बरालीको साहित्यिक यात्रालाई सरसर्ती नियाल्दा करिब साठीको दशकपछि मात्र केहीबढी तीब्रता आएको देखिन्छ । उनको साहित्य यात्रालाई दुई चरणमा विभाजन गरेर अध्ययन विश्लेषण गर्नु पर्ने हुन्छ ।

क) वि.सं. २०४२ देखि २०५५ सम्म - प्रथम चरण

ख) वि.सं. २०५६ देखि हालसम्म - द्वितीय चरण

प्रारम्भिक समयमा उनको लेखन आभ्यासिक रूपमा अघि बढेको पाइन्छ । फुटकर, कविता , गीत, कथा, निबन्ध आदि सृजना गरेतापनि कतिपय कापीको पानामै सीमित भए भने केही प्रकाशित पनि भए । यस अवधिलाई उनको साहित्यिक लेखन यात्राको अभ्यासकाल भन्न सकिन्छ। २०५६ सालपछि भने उनको लेखन गतिमा तीब्रता आएको पाइन्छ । यस चरणमा उनका चारवटा पुस्तकाकार कृति र अन्य दर्जनौँ फुटकर कृतिहरू प्रकाशित भएका छन् । लेखनमा स्तरीयता र उच्चता विषयवस्तुको गहनता तथा गुणात्मकता  देखापरेका छन् ।

बरालीले राजनीतिलाई मूल कार्यक्षेत्र बनाए तापनि साहित्य सृजना उनको रुचिको क्षेत्र भएकोले अनवरत रूपमा सृजनरत छन् । उनको आजसम्मको तीस वर्ष लामो साहित्यिक यात्रालाई मोटामोटी रूपमा २०४२ देखि २०५५ सम्म प्रथम चरण र २०५६ देखि हालसम्म द्वितीय चरण गरी विभाजन गर्नु औचित्यपूर्ण देखिन्छ ।

### क) प्रथम चरण वि.सं. २०४२ देखि २०५५ सम्म

रणेन्द्र बरालीको साहित्यिक यात्राको यस चरणको अवधिमा उनको साहित्यिक यात्राले कुनै विशेष उपलब्धि हासिल गर्न सकेन । धेरै समय राजनीति  र घर व्यवहारमा व्यस्त हुनुपरेका कारण यस अवधिमा उनले साहित्य लेखनको क्रमलाई त्यति निरन्तरता दिन सकेका थिएनन् । यस चरणमा उनका साहित्यिक रचनाहरू फुटकर रूपमा मात्र प्रकाशित भएका पाइन्छन् । केही कृतिहरू पाण्डुलिपिमै मात्र पनि सीमित रहेका छन् ।  यस चरणमा उनको एउटा साहित्येतर पुस्तकाकार कृति प्रकाशित भएको थियो, जुन खोज तथा अनुसन्धानमा आधारित कृति थियो । यसका अतिरिक्त उनका गीत कविता, कथा निबन्ध फाट्टफुट्ट रूपमा लेखन तथा प्रकाशन भएको थियो ।[टठ]  यस चरणमा उनले कुनै एउटा विधामा कलम चलाई त्यसमा विशिष्ट उपलब्धि हासिल गर्नुभन्दा बेग्ला बेग्लै विधामा हात हालेको पाइन्छ ।  समग्रमा भन्नुपर्दा उनको साहित्यिक यात्राको प्रथम चरण अभ्यासकालका रूपमा मात्र सीमित रह्यो । यसले नेपाली साहित्यमा कुनै विशेष योगदान दिन सकेन ।

१ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

**ख) द्वितीय चरण वि.सं. २०५६ देखि हालसम्म**

रणेन्द्र बरालीको साहित्यिक यात्रालाई चरणबद्ध रूपमा विभाजन गरेर हेर्दा २०५६ सालदेखि हाल सम्मको समयावधिलाई द्वितीय चरण भन्न सकिन्छ । यस अवधिको पूर्वार्धमा एउटा नाटकको प्रकाशन भएको छ भने उत्तरार्धमा एउटा जीवनी, एउटा यात्रा संस्मरण र एउटा उपन्यास गरी चारवटा पुस्तकाकार कृति प्रकाशित भएका छन् ।[टङ] यस चरणको उत्तरार्धमा गुणात्मक तथा परिमाणात्मक दुवै रूपमा उनको लेखनमा परिष्कार र उच्चता आएको पाइन्छ । यस चरणमा उनले नाटककार, उपन्यासकार, निबन्धकारका रूपमा आफ्नो छवि स्थापित गर्न सफल भएका छन् भने कथा, निबन्धहरू पनि फाट्टफुट्ट रूपमा प्रकाशित भएका छन् । विभिन्न समयमा फुटकर रूपमा प्रकाशित कथाहरूलाई समावेश गरेर ‘दलितको दैलो’ नामक कथा सङ्ग्रह पनि साभ्का प्रकाशन मार्फत छिट्टै प्रकाशन हुने क्रममा रहेको छ ।[टढ]

यस चरणमा प्रकाशित उनका नाटक र उपन्यासले नेपाली समाजमा एउटा बेग्लै अस्तित्व र पहिचान स्थापित गर्न सफल भएको छ । दलित जातिको प्रतिनिधित्व हुने खालको साहित्यिक कृतिको अभाव रहेको वर्तमान परिवेशमा उनको नाटक र उपन्यासले केही हदसम्म भए पनि यसको परिपूर्ति गरेका छन् । उनको २०५६ सालमा प्रकाशित नाटक ‘आफ्नै व्यथा’ मा सदियौंदेखि हाम्रो समाजमा जरा गाडेर बसेको छुवाछुत, जातीय विभेद र सामन्ती संस्कार जस्ता कुरीतिहरूलाई उदाङो पारिएको छ । समाजमा रहेका ठूलाठालु सामन्तहरूले निमुखा, गरिब जनतामाथि गरेको शोषण, अन्याय र अत्याचारलाई यस नाटकमा बरालीले निकै मार्मिक ढङ्गले चित्रण गरेका छन् ।

वि.सं. २०६३ सालमा प्रकाशित उनको निबन्धात्मक कृति ‘**सर्वजित विश्वकर्माको जीवनी’** हो। जसमा जातीय विभेद र सामन्ती संस्कारका विरुद्धमा लडेर सहादत प्राप्त गरेका योद्धाको जीवन गाथालाई निबन्धात्मक रूपमा प्रस्तुत गरिएको छ ।

वि.सं. २०६६ सालमा प्रकाशित बरालीको अर्को कृति ‘इतिहासको एक पैका’ नामक उपन्यास हो । जुन उपन्यास आकारमा पनि विस्तृत छ र गुणात्मकताको दृष्टिले पनि उच्च कोटिको छ । प्रस्तुत उपन्यास जनसङ्घर्षमा आधारित उपन्यास हो । यसमा युगीन

---

२ शोधनायकसँगको अन्तर्वार्ता अनुसार ।

३ ऐजन ।

दासत्वको विरुद्धमा एकजुट भई क्रान्तिको पथमा अघि बढ्न सम्पूर्ण शोषित पीडित जनतालाई आह्वान गरिएको छ । साथै बराली स्वयं क्रान्तिको मार्गमा अघि बढेका एक राजनैतिक योद्धा भएका कारण पनि आफ्नो राजनीतिक जीवनमा भोगेका विभिन्न घटनाक्रम र अनुभव स्मृतिहरूलाई पनि आख्यानात्मक रूपमा यस उपन्यासमा उनले समावेश गरेको पाइन्छ ।

यस चरणको उनको चौँथो पुस्तकाकार कृति **चीनको कोसेली** (२०६६) नामक यात्रा संस्मरणात्मक कृति हो । बराली समेत २० जना लेखक तथा कलाकारहरूले गरेको १७ दिने चीन भ्रमणका विविध अनुभूतिहरूलाई समेटेर तयार पारिएको यो कृति आकारमा त त्यति विस्तृत छैन तर यो कृति पढ्दा बरालीले वर्णन गरेका चीनका विविध स्थलहरूमा आफू स्वयं पुगेको अनुभव हुन्छ । यस कृतिमा उनले चीनमा अवस्थित विश्वकै ठूलो पर्खाल, ल्हासाको पोताला दरबार, अरनिकोद्वारा निर्मित स्वेत चैत्य, सियान शहर, तेराकोटा सङ्ग्रहालय, राजधानी बेजिङ, एसियाको ठूलो बन्दरगाह तेन्जेन, व्यापारिक शहर, हङकङ् आदिको रोचक ढङ्गले वर्णन गरेका छन् ।

यस प्रकार रणेन्द्र बरालीको साहित्य लेखन यात्राको विश्लेषण गर्दा प्रारम्भमा त्यति निरन्तरता तथा तीब्रता नभई पछिल्लो समयमा तीब्रता आएको पाइन्छ । लेखनयात्राको पूर्वार्ध अभ्यासकालका रूपमा मात्र सीमित रह्यो भने दोस्रो चरणको उनको साहित्यिक यात्राले विभिन्न कृतिहरू उपलब्धिका रूपमा सिर्जना गऱ्यो । यस चरणमा उनी उपन्यासकार, नाटककार, निबन्धकारका रूपमा स्थापित भएका छन् ।

## ४.२ रणेन्द्र बरालीको साहित्यिक प्रवृत्ति

बरालीको वि.सं. २०४२ देखि आजसम्म करिब साढे दुई दशकको साहित्यिक यात्राको क्रममा उपन्यास, नाटक, निबन्ध, यात्रासंस्मरण, समसामायिक लेख, विभिन्न खोज तथा अनुसन्धानमूलक लेखहरूका माध्यमबाट उनको लेखकीय व्यक्तित्वमा क्रियाशीलता देखिन्छ । हालसम्म उनका पाँचवटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् भने दर्जनौं कथा, निबन्ध तथा अन्य विधाका लेखहरू विभिन्न पत्रिकाहरूमा छरिएर रहेका छन् । पुस्तकाकार कृतिको रूपमा एउटा कथासङ्ग्रह छिट्टै नै साझा प्रकाशनबाट प्रकाशोन्मुख रहेको छ । दलित जातिका प्रतिनिधि साहित्यकार बरालीका साहित्यिक रचनाहरूका आधारमा उनका मूल प्रवृत्तिहरूलाई यसप्रकार प्रस्तुत गरिन्छ :-

क) बराली मूलतः सामाजिक यथार्थताका धरातलमा सामाजिक विषमता अन्यायका विरुद्ध कलम चलाउने प्रगतिवादी साहित्य सर्जक हुन् । साथै उनका कृतिहरूमा राष्ट्रप्रेम, राष्ट्रियता र सामाजिक आर्थिक उन्नतिको चाहना व्यक्त गरिएको हुन्छ ।

ख) साहित्यकार बरालीका प्रायः सबै कृतिहरूमा निम्नवर्गीय समाजको चित्रण गरिएको छ । समाजका हुनेखाने शोषक वर्गले निम्नवर्गीय गरिब जनतालाई शोषण गरेका विविध उदाहरण पनि उनका कृतिहरूमा देख्न सकिन्छ ।

ग) साहित्यकार बरालीका कृतिहरूमा सामाजिक शोषण, सामन्ती संस्कार, युगीन दासत्वपूर्ण परिवेश, चोरी, डकैती, तस्करी, हत्या, लुटपाट, घुसखोरी जस्ता वर्तमान जीवनले भोग्नु परेका सामाजिक, नैतिक र मानवीय समस्याको यथार्थ चित्रण गरिएको पाइन्छ ।

घ) बराली स्वयं कथित तल्लो जातमा जन्मिएका हुनाले उनी बाल्यावस्थादेखि नै जातीय छुवाछुत प्रथाबाट पीडित हुनुपरेको थियो । त्यस कारण पनि जातीय छुवाछुत जस्तो कुसंस्कारप्रति उनका कृतिहरूमा तीब्र विद्रोह व्यक्त गरिएको हुन्छ ।

ङ) बरालीले आफ्ना कृतिहरूमा सरल र सुबोध भाषाशैलीको प्रयोग गरेका छन् । भाषाशैली सहज सम्प्रेष्य भइकन पनि लेखन कला परिपक्व र प्रौढ देखिन्छ ।

च) बरालीका कृतिहरूमा जीवनप्रतिको सकारात्मक दृष्टिकोण पाइन्छ । प्रत्येक व्यक्तिले जीवनमा विविध उतारचढाव र सङ्घर्ष पूर्ण समयको सामना गर्नैपर्दछ । यसो भए तापनि हामीले त्यसको डटेर सामना गर्दै बाँच्नुपर्दछ । ईश्वरीय देनको रूपमा पाइएको मानव जीवनमा हामीले केही गर्ने उत्साह, जोश र जाँगरका साथ जीवन पथमा अघि बढ्नुपर्दछ भन्ने जीवनवादी विचार उनका कृतिहरूमा पाइन्छ ।

छ) साहित्यकार बरालीका कृतिहरूमा समाजमा विद्यमान विविध विकृति र विसङ्गतिहरूको चित्रण गर्दै मानवता र मानव अस्तित्वको खोजी गरिएको पाइन्छ ।

ज) साहित्यकार बरालीले आफ्ना कृतिहरू मार्फत् समाज परिवर्तनका लागि क्रान्तिकारी र सुधारवादी चेत व्यक्त गरेका छन् ।

झ) बरालीले आफ्ना कृतिहरूमा प्रायः ग्रामीण निम्नवर्गीय पात्रहरूको प्रयोग गरेका छन् भने उनीहरूले बोल्ने ग्रामीण सामान्य बोलीचालीका भाषाहरूको प्रयोग उनका कृतिहरूमा गरिएको हुन्छ ।

## ४.३ रणेन्द्र बरालीका पुस्तकाकार कृतिहरूको अध्ययन

रणेन्द्र बराली बहुमुखी प्रतिभा हुन् । उनले नेपाली साहित्यका निबन्ध, नाटक, उपन्यास, कथा, यात्रासंस्मरण, गीत, कविता आदि विधामा कलम चलाएका छन् । अहिलेसम्म उनका ‘इतिहासको एक पैका’, ‘आफ्नै व्यथा’, ‘सर्वजीत विश्वकर्माको जीवनी’ ‘चीनको कोसेली’ र ‘नेपालमा अछुत जातीय सङ्घर्ष गरी पाँच वटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् भने अन्य फुटकर रचनाहरू विभिन्न पत्र पत्रिकाहरूमा छरिएर रहेका छन् । उनको प्रकाशोन्मुख **दलितको दैलो** (साझा प्रकाशन) नामक कथा सङ्ग्रह पनि छ । यस क्रममा उनलाई उपन्यासकार, नाटककार र नियात्राकारका रूपमा अध्ययन गरिन्छ ।

## ४.४ उपन्यासको अध्ययन

उपन्यासको अध्ययन विश्लेषणका लागि सैद्धान्तिक आधार चाहिने भएकोले यस परिच्छेदमा सैद्धान्तिक चर्चा गरिएको छ ।

## ४.४.१ उपन्यासको परिचय

### उपन्यास शब्दको व्युत्पत्ति र प्रारम्भ

‘उपन्यास’ तत्सम शब्द हो । शाब्दिक व्युत्पत्ति अनुसार उपन्यास शब्द ‘अस्’ धातुमा ‘उप’ र ‘नि’ उपसर्ग तथा ‘घञ’ (अ) प्रत्यय लागेर बनेको हो – उप ं नि ं अस् ं घञ् ं (अ) . उपन्यास ।

उपन्यास शब्दको सोझो अर्थ हो, निकटस्थ वस्तु या जीवनको अनुभूति, उप ं न्यासलाई आधार मानेर बढी अर्थ निकाल्न खोज्ने हो भने साहित्यका अन्य विधाहरूभन्दा उपन्यासमा ज्यादै निकटता, स्वच्छता र स्वाभाविकता पूर्वक जीवनको अध्ययन गरिएको हुन्छ अर्थात् मानवजीवनको कलात्मक गद्याख्यानयुक्त रचना, जसले जीवनको जटिलताको प्रतिनिधित्व गर्छ त्यो नै उपन्यास हो ।[४]

४ भानुभक्त पोखरेल, *सिद्धान्त र साहित्य,* दोस्रो संस्करण. (ललितपुर:साझा प्रकाशन २०५९) पृ.१८८ ।

## ४.४.२ उपन्यासको परिभाषा

अन्य साहित्यिक विधाहरूको जस्तै उपन्यास विधाको परिभाषा दिने क्रममा पनि विद्वान्हरू बीच मतैक्य पाइँदैन । उपन्यासको परिभाषा दिने क्रममा विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरूले आफूभन्दा अगाडिका र आफ्ना समयावधिमा प्रकाशित औपन्यासिक कृतिहरूका आधारमा यस विधालाई चिनाउने जमर्को गर्दै आ-आफ्ना मतहरू अघि सारेको पाइन्छ । राल्फ फक्सका अनुसार “उपन्यास कोरा कथात्मक गद्य लेखन होइन यो त मानव जीवनको गद्य हो । उपन्यास कलानै पहिलो कला हो, जसले मानवको सम्पूर्ण जीवनलाई अभिव्यक्त गर्ने प्रयास गर्छ ।”[५] इन्द्रबहादुर राईका अनुसार “यथार्थसंग परिचयन, सत्यको सन्धान, मूल्यको संरक्षण, जीवन वैविध्यमाथि एकरूपता प्रदान, जीवन शिक्षण, व्यक्तिको पुनरान्वेषण, मानवताको प्राप्ति उपन्यासका प्रमुख उत्तरदायित्व हुन् ।”[६]

ऋषिराज बरालका अनुसार उपन्यास “मान्छे र समाज बीचको सम्बन्धको कथाक्रम बन्दै आएको छ । यसै अर्थमा उपन्यास समाज, व्यक्ति र उत्पादन इतिहासको स्थिति बोध गराउने सबभन्दा प्रभावकारी विधा पनि हो ।”[७]

बैब्सटरका अनुसार “मानवको सच्चा जीवन प्रस्तुत गर्ने चरित्र र कार्यहरू कथासूत्रमा उनिएको कल्पनामूलक उचित विस्तारयुक्त गद्यमय आख्यान उपन्यास हो ।”[८]

## ४.४.३ आधुनिक नेपाली उपन्यासको विकासक्रम

उपन्यास विधा पाश्चात्य जगत्‌बाट जन्मिएको हो । पाश्चात्य साहित्यमा उपन्यासको जन्म अठारौं शताब्दीमा भएको थियो ।[९] नेपाली आख्यान साहित्यको विकासकालको प्रारम्भमा संस्कृत, हिन्दी, उर्दू , फारसीका विविध आख्यानात्मक ग्रन्थहरूबाट अनुवाद, रूपान्तरण गर्ने प्रचलन थियो । तिलस्मी शैलीविधानको आवरणभित्र भए पनि नेपाली नरनारीलाई पात्र, पात्राको रूपमा लिएर, नेपाली धरातलमा घटनाचक्र घुमाएर

---

५ कृष्णहरि बराल र नेत्र एटम (सम्पा), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , दोस्रो संस्करण, (ललितपुर:साझा प्रकाशन , २०५८) ।

६ इन्द्रबहादुर राई , *नेपाली उपन्यासका आधारहरू* , तेस्रो संस्करण .(ललितपुर:साझा प्रकाशन , २०५८) पृ.२९१ ।

७ ऋषिराज बराल , *उपन्यासको सौन्दर्यशास्त्र* , प्रथम संस्करण .(ललितपुर:साझा प्रकाशन , २०५६) पृ.१ ।

८ भानुभक्त पोखरेल, *सिद्धान्त र साहित्य* पूर्ववत् , पृ.१८९ ।

९, दयाराम श्रेष्ठ र मोहनराज शर्मा, *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास*(सम्पा).छैठौं संस्करण,(ललितपुर:साझा प्रकाशन २०५९)पृ.९५ ।

लेखिएको प्रथम नेपाली उपन्यास **वीरचरित्र** हो ।[ठट] यो उपन्यास गिरीशवल्लभ जोशीद्वारा वि.सं.१९५६ मा लेखिएको थियो ।[ठठ]

प्राचीन नेपाली उपन्यासहरू प्रायः जासुसी, तिलस्मी, तथा अतिरञ्जित खालका विषयवस्तुमा आधारित हुने गरेको देखिन्छ। आधुनिक कालमा आएर मात्र विविध मौलिक विषयवस्तुमा आधारित औपन्यासिक कृतिहरू जन्मिएको पाइन्छ । वि.स.१९९१ मा प्रकाशित रुद्रराज पाण्डेको 'रूपमती' को प्रकाशनसँगै नेपाली उपन्यास आधुनिक युगमा प्रवेश गरेको हो र विविध धारा र वाद अन्तर्गतका उपन्यासहरू लेखिनेक्रम शुरु भएको हो ।[ठड] आधुनिक नेपाली उपन्यासको विकासक्रममा देखापरेका केही मुख्य वाद र धाराहरूलाई निम्न अनुसार संक्षिप्त चर्चा गरिएको छ :-

**क) आदर्शोन्मुख यथार्थवादी धारा** : आदर्शवादी जीवनदृष्टि र यथार्थवादी कलाप्रयोग गरेर लेखिएका साहित्यिक कृतिमा आदर्शोन्मुख यथार्थ पाइन्छ । उद्देश्यका रूपमा आदर्शको स्थापना गर्नु तर चित्रणको पद्धति चाहिँ यथार्थवादी हुनु यसको मूल विशेषता हो ।[ठढ] यस धाराका मुख्य औपन्यासिक कृतिहरूमा रुद्रराज पाण्डेको **रूपमती** (१९९१), विष्णुचरण श्रेष्ठको **सुमति** (१९९१), र **भीष्म प्रतिज्ञा** (१९९३), काशीबहादुर श्रेष्ठको **उषा** (१९९५), र **वचन** (२००१), भवानीभक्त सिंहको **यौवनको आँधी** (१९९६), टुकराज पद्मराज मिश्रको **रजबन्धकी** (१९९६), आदि पर्दछन् ।[डण]

**ख) स्वच्छन्दतावादी धारा** : नेपाली उपन्यासका क्षेत्रमा स्वच्छन्दतावाद अंग्रेजी, बङ्गाली र हिन्दीको प्रभावबाट प्रवेश गरेको हो । दार्जीलिङ्मा अंग्रेजी र बङ्गाली भाषामा निकै दक्ष रहेका उपन्यासकार रूपनारायण सिंहको **भ्रमर** (१९९३) बाट यसले नेपाली उपन्यास साहित्यमा प्रवेश पाएको हो ।[डञ] यसधारा अन्तर्गतका केही औपन्यासिक कृतिहरू मध्ये मोहनबहादुर मल्लको **उजेली छायाँ** (२००८), लीलाध्वज थापाको **मन** (२०१५), **पूर्वस्मृति**

---

१०. भानुभक्त पोखरेल, *सिद्धान्त र साहित्य* पूर्ववत् , पृ.१९८ ।

११ कृष्णहरि बराल र नेत्र एटम, *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* पूर्ववत् , पृ. ८२ ।

१२ केशवप्रसाद उपाध्याय, *साहित्य प्रकाश,* छैटौं संस्करण,(काठमाण्डौः साझा प्रकाशन,२०५९) पृ.१३३ ।

१३ कृष्णहरि बराल र नेत्र एटम, *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.९८ ।

१४ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* पूर्ववत् , पृ. १०५ ।

१५ कृष्णहरि बराल र नेत्र एटम, *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.१०२ ।

(२०१६), युधीर थापाको **जिन्दगी** (२०२२), **अधुरो माया** (२०२४), वानीरा गिरिको **कारागार** (२०३४), आदि प्रमुख रहेका छन् ।[16]

**ग) सामाजिक यथार्थवादी धारा :** नेपाली उपन्यासमा रुद्रराज पाण्डेको **रूपमती** (१९९१), बाटै आंशिक रूपमा यथार्थवादको प्रारम्भ भएको पाइए तापनि फ्रान्सेली यथार्थवादी रचनाका विशेषताहरूलाई आत्मसात् गरेर युरोपबाट फर्केका उपन्यासकार लैनसिंह वाङ्देलको **मुलुक बाहिर** (२००४) पहिलो सामाजिक यथार्थवादी उपन्यासका रूपमा देखापर्दछ ।[17] यसधारा अन्तर्गतका केही मुख्य उपन्यासहरूमा लैनसिंह वाङ्देलको **माइतघर** (२००७), **ल•डाको साथी** (२००८), **रेम्ब्रान्ट** (२०२३), लीलाबहादुर क्षेत्रीको **'बसाइँ'** (२०१४), **अतृप्त** (२०२६), केशवराज पिंडालीको **एकादेशकी महारानी** (२०२६), **अन्तदेखि शुरु** (२०३४), वासु रिमाल 'यात्री'को **मायाकी मूर्ति** (२०३१), आदि पर्दछन् ।[18]

**घ) आलोचनात्मक यथार्थवादी धारा :** समाजको उन्नतोन्मुखी कार्यहरूको अभीप्सा मानव हिततर्फ उन्मुख भएको देखिन्छ र शोषण, दमन र उत्पीडन प्रतिको कटु विद्वेष देखिन्छ भने त्यो यथास्थितिप्रतिको आलोचना हो र त्यही चिन्तन प्रणाली आलोचनात्मक यथार्थवाद हो ।[19] नेपाली उपन्यास साहित्यमा आलोचनात्मक यथार्थवादको आरम्भ हृदयचन्द्र सिंह प्रधानको **स्वास्नीमान्छे** (२०११), बाट भएको देखिन्छ ।[20] यस धाराका अन्य औपन्यासिक कृतिहरूमा मदनमणि दीक्षितको **माधवी** (२०३९), ध्रुवचन्द्र गौतमको **अलिखित** (२०४०), **निमित्तनायक** (२०४३), **स्वर्गीय हीरादेवीको खोज** (२०४५), हृदयचन्द्र सिंह प्रधानको **एक चिहान** (२०१७), आदि पर्दछन् ।[21]

**ङ) मनोविश्लेषणवादी धारा :** मनोविश्लेषणको प्रयोग आधुनिक कालका पूर्ववर्ती उपन्यासहरूमा फाटफुट रूपमा पाइए तापनि यसको विशिष्ट प्रयोग भएको प्रथम उपन्यास गोविन्दबहादुर मल्ल 'गोठाले'को **पल्लो घरको झ्याल** (२०१६) हो । मनोविश्लेषणवादी उपन्यासहरूमा मानवीय मनोदशाका विविध स्वरूपहरूको विश्लेषण गरिएको हुन्छ । यस

---

१६ राजेन्द्र सुवेदी, *नेपाली उपन्यासः परम्परा र प्रवृत्ति,* दोस्रो संस्करण, ललितपुर, साझा प्रकाशन,२०६४, पृ. ८६ ।

१७ कृष्णहरि बराल र नेत्र एटम, *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.१०६ ।

१८ राजेन्द्र सुवेदी, *नेपाली उपन्यासः परम्परा र प्रवृत्ति,* पूर्ववत् , पृ. ११० ।

१९ ऐजन पृ. १८३ ।

२० कृष्णहरि बराल र नेत्र एटम, *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.११९ ।

२१ ऐजन ।

धाराका मुख्य औपन्यासिक कृतिहरूमा विजयबहादुर मल्लको ‘**अनुराधा’** (२०१८), **कुमारी शोभा** (२०३९), इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१), वि.पि. कोइरालाका **तीन घुम्ती** (२०२५), **सुम्निमा** (२०२७), **नरेन्द्र दाइ** (२०२७), **मोदि आइन** (२०३६), आदि पर्दछन् ।[22]

**च) विसङ्गतिवादी धारा :** जर्मनेली दार्शनिक ‘फ्रेडरिक विल्हेम नित्से’ले ‘ईश्वरको मृत्यु’ घोषणा गरेदेखि विसङ्गतिवादी चेतनाको प्रार्दुभाव भएको पाइन्छ ।[23] नेपाली उपन्यास सृजनाको परम्परामा विसङ्गतिवादी चिन्तन धाराको आरम्भ इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१), बाट भएको हो ।[24] विसङ्गतिवादी धारा अन्तर्गत मुख्य औपन्यासिक कृतिहरूमा पारिजातको **शिरीषको फूल**(२०२२) **महत्ताहीन** (२०२५), **बैंसको मान्छे** (२०२९), ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४), **डापी** (२०३३), सरुभक्तको **पागलवस्ती** (२०४८), **तरुनी खेती** (२०५२), **चुली** (२०६०) आदि पर्दछन् ।[25]

**छ) अस्तित्ववादी धारा :** कुण्ठा, विशृङ्खलता, अस्तव्यस्तता र निराशा आदिको विषाक्त ग्याँसले रन्थनिएर अत्तालिएको भएपनि मानव सधैं जिउन चाहन्छ अथवा मानवको जीवनेच्छा जुनसुकै खतराका बीचमा पनि अस्तित्व राख्न प्रयत्नशील रहिरहेको हुन्छ भन्ने देखाउनु अस्तित्ववाद अन्तर्गतको मूल मर्म हो ।[26] नेपाली उपन्यासका क्षेत्रमा पारिजातको **शिरीषको फूल**(२०२२), अस्तित्ववादी परम्परा आरम्भ गर्ने महत्वपूर्ण उपन्यास हो । ध्रुवचन्द्र गौतम, वि.पि. कोइराला, सरुभक्त आदि महत्वपूर्ण अस्तित्ववादी उपन्यासकार हुन् ।[27]

**ज) प्रगतिवादी धारा :** मार्क्सवादी मान्यतालाई आधार मानेर स्थापित यथार्थवादलाई सामाजिक वा समाजवादी यथार्थवाद मानिन्छ र यसैलाई प्रगतिवाद वा प्रगतिवादी यथार्थवाद पनि भन्न सकिन्छ ।[28]

---

२२ राजेन्द्र सुवेदी, *नेपाली उपन्यास: परम्परा र प्रवृत्ति,* पूर्ववत् , पृ. २५० ।

२३ कृष्णहरि बराल र नेत्र एटम, *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.१४४ ।

२४राजेन्द्र सुवेदी, *नेपाली उपन्यास: परम्परा र प्रवृत्ति,* पूर्ववत् , पृ. २९६ ।

२५ ऐजन , २९७ ।

२६ भानुभक्त पोखरेल, *सिद्धान्त र साहित्य* पूर्ववत् , पृ.२०५ ।

२७ कृष्णहरि बराल र नेत्र एटम, *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.१५० ।

२८ केशवप्रसाद उपाध्याय, *साहित्य प्रकाश,* पूर्ववत् , पृ. १३४ ।

नेपाली उपन्यास साहित्यमा प्रगतिवादी खास पहिचान लिएर डी.पी. अधिकारीको **आशमाया** (२०२५), उपन्यास लेखिएको पाइन्छ ।[29] यस धाराका अन्य औपन्यासिक कृतिहरूमा डी.पी. अधिकारीको **धरती अझै बोल्दैछ** (२०२७), खगेन्द्र संग्रौलाको **चेतनाको पहिलो डाक** (२०२७), र **आमाको छटपटी** (२०३४), पारिजातको **तोरीबारी, बाटा र सपनाहरू** (२०३२), **पर्खालभित्र र बाहिर** (२०३५), **उसले रोजेको बाटो** (२०३५), रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** (२०४०) आदि हुन् ।[30]

**झ) प्रयोगवादी धारा :** साहित्यिक रूढिलाई तोडेर नयाँ परम्पराको निर्णय नै प्रयोगवाद हो, यसले प्रवृत्तिको नयाँ दिशा पहिल्याउने ढोका खोल्छ र परीक्षण गर्दछ ।[31] नेपाली उपन्यास साहित्यमा ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४), बाट प्रयोगको विशिष्टरूप देखा परेको हो ।[32] यस धाराका अन्य औपन्यासिक कृतिहरूमा भीमचरण थापाका **माया** (२०३१), **मोड** (२०३३), **प्रतीक्षा** (२०३८), रमेश विकलको **सुनौली** (२०३१), डोरबहादुर विष्टको **सोताला** (२०३३), किशोर नेपालको **र॰मण्डल** (२०३४) आदि पर्दछन् ।[33]

माथि उल्लिखित केही विशेष वाद र धाराहरूका अतिरिक्त ऐतिहासिक यथार्थवादी धारा, अतियथार्थवादी धारा, नारीवादी धारा, प्रकृतवादी धारा, मिथकीय धारा अन्तर्गतका औपन्यासिक कृतिहरू पनि नेपाली उपन्यास परम्परामा भेट्न सकिन्छ ।

### ४.४.४ उपन्यासका तत्वहरू

उपन्यास बन्नका लागि आवश्यक पर्ने तत्वहरू यी नै हुन् भने बारेमा पनि विद्वान्हरू बीच मतैक्य पाइँदैन । तर पनि उपन्यासका आधारभूत तत्वहरूका सम्बन्धमा भने प्रायः सबै विद्वान्हरूको एकै खाले मत रहेको पाइन्छ । कथानक, पात्र एवम् चरित्र चित्रण, कथोपकथन, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैली गरी सातवटा तत्वलाई

२९ कृष्णहरि बराल र नेत्र एटम (सम्पा), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.१५९ ।

३० राजेन्द्र सुवेदी, *नेपाली उपन्यासः परम्परा र प्रवृत्ति,* पूर्ववत् , पृ. ४२८ ।

३१ कृष्णहरि बराल र नेत्र एटम (सम्पा), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.१५३ ।

३२ ऐजन , पृ . १५४ ।

३३ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* पूर्ववत् , पृ. १०९ ।

उपन्यासका आधारभूत तत्वहरू मानिएको पाइन्छ । यिनै तत्वहरूको आधारमा बरालीको 'इतिहासको एक पैका' उपन्यासको अध्ययन गरिन्छ ।

**क) कथानक**

कथानक उपन्यासको महत्वपूर्ण तत्व हो । उपन्यासमा घटनावली, प्रस·ावली र कार्यव्यापारको योजनायुक्त प्रस्तुतिलाई कथानक भनिन्छ , जसले पाठक/श्रोतामा उत्सुकता र कौतुहलता जगाउने काम गर्दछ ।

भानुभक्त पोखेलका अनुसार "कथानक पौराणिक ऐतिहासिक लोककथाश्रित या सामाजिक जस्तो पनि हुन सक्दछ तर कुन-कुन अंशलाई कति कति मात्रामा लिँदा कथानक स्वरूप सुहाउँदिलो हुन्छ त्यो छान्न सक्नु पर्छ ।"[34] कथानकमा चरित्र, विचार बुद्धि, कल्पनाजस्ता कुराहरू समाविष्ट हुन्छन् । कथानकले नै उपन्यासको मूल ढाँचा निर्माण गर्ने प्राथमिक तत्वको काम गर्दछ ।[35]

घटनाहरूलाई एक अर्कोसित उनेर सम्बन्ध जोर्न र सुसङ्गठितता प्रदान गर्ने काम कथानकले गर्छ , यसलाई कार्यकारणहरूको तारतम्यपूर्ण सूत्रबद्ध स्वरूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ ।[36]

**ख) पात्र एवं चरित्र चित्रण**

उपन्यासमा विभिन्न भूमिका निर्वाह गर्ने र कथावस्तुलाई अघि बढाउने व्यक्तिलाई पात्र वा चरित्र भनिन्छ । प्रायः गरेर उपन्यासमा पात्रहरू भन्नाले मानवपात्रहरू पुरुष वा स्त्रीको बिम्ब सामु आउँछ परन्तु विश्व साहित्यमा मानव पात्रलाई छाडेर मानवेतर, अतिमानवेतर पात्रहरूलाई लिएर पनि उपन्यासहरू लेखिएका छन् ।[37]

उपन्यासमा पात्रका साथसाथै चरित्र चित्रणको पनि भारी महत्व हुन्छ, अर्थात् चरित्र चित्रणकै निम्ति पात्रको महत्व स्विकारिन्छ वा पात्र भन्नु नै चरित्र चित्रणको निम्ति प्रस्तुत गरिएको  आधार बिन्दु हो भने हुन्छ ।[38]

---

३४ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* पूर्ववत् , पृ. १९० ।

३५ कृष्णहरि बराल र नेत्र एटम (सम्पा), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.२३ ।

३६ कृष्णचन्द्रसिंह प्रधान , *नेपाली उपन्यास र उपन्यासकार* , तेस्रो संस्करण .(ललितपुर:साझा प्रकाशन , २०५२) पृ.७ ।

३७ ऋषिराज बराल , *उपन्यासको सौन्दर्यशास्त्र* , पूर्ववत् , पृ.३२ ।

३८ भानुभक्त पोखरेल, *सिद्धान्त र साहित्य,* पूर्ववत् , पृ.१९१ ।

लि·का आधारमा पुरुष र स्त्री कार्यका आधारमा प्रमुख , सहायक र गौण, जीवन चेतनाका आधारमा वर्गीय र व्यक्तिगत, स्वभावका आधारमा गतिशील र गतिहीन, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, आबद्धताका आधारमा बद्ध र मुक्त गरी उपन्यासमा समावेश हुने पात्र वा चरित्रहरूको वर्गीकरण गर्न सकिन्छ ।

### ग) कथोपकथन/संवाद

कथोपकथन वा संवाद पनि उपन्यासको एक महत्वपूर्ण तत्व हो । औपन्यासिक कृतिभित्र धेरै थोरै पात्र हुन्छन् र तिनीहरू बीचको वार्तालाप पनि समावेश हुन्छ, जसले पात्रहरूको स्थान, नैतिक आचरण, स्वभाव आदिलाई झल्काउने काम गर्दछ यसैलाई कथोपकथन वा संवाद भनिन्छ, जसका माध्यमबाट उपन्यासको कथानकमा गतिशीलता ल्याउन र नयाँ घटनाहरू थप्न मद्दत पुग्दछ । संवादको प्रमुख कार्य औपन्यासिक चरित्रको चित्रण गर्नु र घटनाहरूलाई नाटकीकरण गरेर अगाडि लैजानु हो ।[३९] तथापि कथावस्तु विकास गराउने, त्यसमा स्वाभाविकता ल्याउने र चरित्र चित्रणमा प्रकाश पुऱ्याउने उद्देश्यले पात्रहरूका बीच जुन कुराकानी गराइन्छ त्यही नै कथोपकथन हो ।[४०]

### घ) परिवेश

उपन्यासका पात्रहरूका माध्यमबाट जुन स्थान र समयमा कार्यव्यापार घटित हुन्छ । त्यसैलाई नै उपन्यासमा परिवेश वा देश, काल, वातावरण भनिन्छ । उपन्यासमा परिवेश कथानक र चरित्रसँग सुहाउँदो र वास्तविक जीवन जगत्सँग मेल खाने खालको हुनु पर्दछ । तब मात्र पाठकलाई उपन्यासको कथानक साँच्चैको कथा हो जस्तो भान हुन्छ । देशकाल र वातावरणको औचित्यपूर्ण योजना भएमा उपन्यास उच्च कोटिको बन्न पुग्दछ ।

उपन्यासकारहरूले उपन्यासमा कथावस्तु र चरित्रको संयोजन गर्दा खास समय, खास स्थान, खास परिस्थितिको निर्माण गर्दछन् । यसरी लेखकले आफ्नो अनुभवबाट प्राप्त स्थान, समय र परिस्थितिलाई उपन्यासको कथानकमा प्रयोग गर्ने कार्य परिवेश हो ।[४१]

---

३९ कृष्णहरि बराल र नेत्र एटम (सम्पा), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.३५ ।

४० भानुभक्त पोखरेल, *सिद्धान्त र साहित्य,* पूर्ववत् , पृ.१९२ ।

४१ ऋषिराज बराल , *उपन्यासको सौन्दर्यशास्त्र* , पूर्ववत् , पृ.५४ ।

**ङ) उद्देश्य**

उपन्यासकारले उपन्यासको माध्यमबाट दिन चाहेको चिन्तन, विचार वा सन्देश नै उपन्यासको उद्देश्य हो , उपन्यासकारले आफ्नो जीवनमा भोगेका अनुभव गरेका दुःखपीडा हर्ष, आनन्द जस्ता कुरालाई उपन्यासमा प्रस्तुत गर्ने उद्देश्य लिएको हुन्छ ।[ज्ञण्ड]
भानुभक्त पोखेलका अनुसार “कुनै न कुनै तरिकाले उपन्यासको समग्रताबाट एउटा न एउटा उद्देश्य, प्रयोजन या विचार झल्किरहेकै हुन्छ र त्यो हुनु पनि नितान्त आवश्यक छ । ”[ज्ञण्ढ]

उपन्यासकारले आफ्नो मूल्य, मान्यता र जीवन जगत् प्रतिको कुनै एकपक्षको दृष्टिकोणलाई उद्देश्यमार्फत प्रस्तुत गरेको हुन्छ ।

**च) दृष्टिबिन्दु**

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दु प्रथम पुरुष र तृतीय पुरुष गरी दुई प्रकारका छन् ।[ज्ञज्ञण] प्रथम पुरुष दृष्टिबिन्दुमा सामान्यत ˘म’ वा ˘हामी’ पात्रका रूपमा र तृतीय पुरुष दृष्टिबिन्दुमा समाख्याता ˘ऊ’ पात्रका रूपमा रहेको हुन्छ ।

दृष्टिबिन्दु उपन्यासमा आदिदेखि अन्तसम्म तन्किएको एउटा धागोको रूपमा देखा पर्दछ र प्रस्ट रूपमा यसले उपन्यासको संरचनागत प्रभावकारितामा महवपूर्ण भूमिका खेल्ने गर्दछ । त्यसैले दृष्टिबिन्दु कथाकथनको परिपाटी र यथार्थप्रतिको ठम्याइको निचोड हो ।[ज्ञज्ञज्ञ]

**छ) भाषाशैली**

उपन्यासमा कुनै न कुनै भाव विचार वा अनुभूति हुन्छ, त्यसलाई व्यक्त गर्न भाषाशैलीको आवश्यकता पर्दछ । तसर्थ यो पनि उपन्यासको आवश्यक तत्व हो । भाषा

---

४२ पार्वती सापकोटा ,*शारदा ढुंगानाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,*(अप्रकाशित स्नातकोत्तर शोधपत्र,त्रि.वि.बिरेन्द्र बहुमुखी क्याम्पस,२०६७ )पृ.३९।

४३ भानुभक्त पोखरेल, *सिद्धान्त र साहित्य* , पूर्ववत् , पृ.१९४ ।

४४ कृष्णहरि बराल र नेत्र एटम (सम्पा), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.३९ ।

४५ ऋषिराज बराल , *उपन्यासको सौन्दर्यशास्त्र* , पूर्ववत् , पृ.४९ ।

विचार विनिमय र सामाजिक संवेदनाको उद्बोधन गर्ने माध्यम हो भने शैली प्रस्तुतिको भङ्गिमा हो, यो लेखकको आफ्नोपन हो ।[४६]

उपन्यासका सबै तत्वसित आन्तरिक सम्बन्ध राखेर तिनीहरूको रूपात्मक निर्णयमा शैली सहायक हुन्छ, शैली स्वयंमा रूपहीन जस्तो लागे पनि वास्तवमा उपन्यासको रूप, सीप, सौन्दर्य र भाव वैशिष्ट्य यसकै रूपाकृति हुन् ।[४७] भाषाशैलीको दृष्टिले उपन्यास सरल , सहज, स्वाभाविक र प्रसादगुण सम्पन्न हुनुपर्दछ ।

**ज) प्रतीक बिम्ब**

उपन्यासमा प्रतीक र बिम्बका सहायताले विविध भाव वा विचार व्यक्त गरिएको हुन्छ । तसर्थ यसलाई पनि उपन्यासको आवश्यक तत्व मान्न सकिन्छ । कुनैपनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गर्न सकिन्छ । यसरी प्रयोग गरिने वस्तु वा घटना, जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ ।[४८] र शब्दका माध्यमबाट श्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, घटना, स्थान वा पात्रको यथार्थ सदृश्य छाया पारिदिने पद्धतिलाई बिम्ब विधान भनिन्छ ।[४९]

## ४.४.५ नेपाली उपन्यास परम्परा र उपन्यासकार रणेन्द्र बराली

साहित्यका प्रमुख चार विधा कविता, आख्यान (कथा र उपन्यास) नाटक र निबन्ध मध्ये आख्यान विधा अन्तर्गतको उपन्यास एउटा प्रमुख आधुनिक गद्य हो । कतै कतै उपन्यासलाई गद्य महाकाव्य भन्ने गरिएको पनि पाइन्छ किनकि महाकाव्यमा जस्तै गरी यस विधामा पनि जीवन जगत्का विविध पक्षहरूको व्यापक चित्रण गरिएको हुन्छ । यसो भए पनि यी दुवै विधाले आफ्नै केही विधागत विशेषता र पहिचानहरू बोकेका छन् । नेपाली साहित्यको इतिहासको पाना पल्टाउने हो भने प्राचीन कालदेखि नै विविधखाले आख्यानात्मक रचनाहरूको अस्तित्व देख्न सकिन्छ । नेपाली साहित्यमा आख्यानको प्रारम्भ वि.सं. १८२७

४६ ऐजन ।

४७ कृष्णचन्द्रसिंह प्रधान , *नेपाली उपन्यास र उपन्यासकार* , पूर्ववत , पृ.९ ।

४८ कृष्णहरि बराल र नेत्र एटम (सम्पा), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.४३ ।

५९ ऐजन, पृ.४५ ।

देखि भएको पाइन्छ । शक्तिबल्लभ अर्ज्यालद्वारा अनूदित ँविराटपर्व' नेपाली साहित्यमा पहिलो आख्यानात्मक स्वरूप लिएर देखा पर्दछ ।[ज्ञज्ञट]

आधुनिक नेपाली उपन्यास परम्पराअन्तर्गत वि.सं. २०११सालमा मुक्तिनाथ तिम्सिनाले लेखेको ँको अछुत' उपन्यासले प्रगतिवादी धाराको बीजारोपण गरेको थियो ।

वर्गीय समाजमा विकृतिका रूपमा रहेका शोषण, धार्मिक, रूढिवादी मूल्य र मान्यता, सांस्कृतिक उपनिवेश आदि अनेकौँ पाखण्डहरूबाट सताइएका गरिब र निमुखाहरूको मुक्तिका लागि द्वन्द्वात्मक भौतिकवादी मार्ग अपनाउनु प्रगतिवादी रचनाको वैशिष्ट्य हो ।[ज्ञज्ञठ]

प्रगतिशील साहित्यले समाज र सामाजिक व्यवस्थामा परिवर्तन चाहन्छ, यसले सामाजिक बौद्धिक, राजनीतिक अवरोधहरू पन्छाउनु पर्ने अनिवार्यता उधारो पार्छ ।[ज्ञज्ञड]

प्रगतिवादी धारालाई समाजवादी यथार्थवादी धारा पनि भनिन्छ । रणेन्द्र बरालीको ँइतिहासको एक पैका' उपन्यास प्रगतिवादी धारा अन्तर्गतको शैली र चिन्तनलाई आत्मसात् गर्दै लेखिएको उपन्यास हो । यो उपन्यास मार्क्सवादी विचारधाराद्वारा प्रभावित देखिन्छ । यस उपन्यासका माध्यमबाट उपन्यासकार बरालीले समाजमा विद्यमान वर्गविभेद, जातीय असमानता, छुवाछुत, सामन्तवाद जस्ता प्रथाहरूको विरोध गर्दै आफ्नो नैसर्गिक हकहित र अधिकारका लागि सङ्गठित भई अघि बढ्न सम्पूर्ण शोषित पीडित वर्गलाई आह्वान गरेका छन् ।

## ४.४.६ इतिहासको एक पैका उपन्यासको अध्ययन

प्रस्तुत ँ**इतिहासको एक पैका'** (२०६६) नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानद्वारा प्रकाशित जनसङ्घर्षमा आधारित उपन्यास हो । यसमा विविध खाले राजनीतिक तथा सामाजिक घटनाक्रम र विषयवस्तुहरू अन्तरनिहित छन् । यस उपन्यासमा समाजमा विद्यमान छुवाछुत, अन्धविश्वास, वर्ग विभेदता, सामन्तीशोषण प्रथा जस्ता सामाजिक समस्याहरूप्रति सचेत गराउँदै क्रान्तिकारी तथा सुधारवादी चिन्तन व्यक्त

५० कृष्णहरि बराल र नेत्र एटम (सम्पा), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.७७ ।

५१ कृष्णहरि बराल र नेत्र एटम (सम्पा), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , पूर्ववत् , पृ.१९७ ।

५२ इन्दबहादुर राई , *नेपाली उपन्यासका आधारहरू,* पूर्ववत् , पृ.११६ ।

गरिएको छ । मार्क्सवादी विचारधाराले ओतप्रोत यस उपन्यासमा सर्वहारावर्गको मुक्तिको आकाङ्क्षा राखिएको पाइन्छ । त्यसैकारण यो प्रगतिवादी उपन्यास हो ।

**४.४.६.१ कथानक**

इतिहासको एक पैका उपन्यासको मूल कथानक चितवनका कम्युनिष्ट आन्दोलनका हस्ती रूपलाल विश्वकर्मा 'मानसिंह' को जीवनको उत्तरार्धमा आएको वैचारिक विचलनमा आधारित रहेको छ भने उपन्यासको कथयिता 'म' पात्रको राजनैतिक र भूमिगत जीवन व्यतीत गर्दाखेरिका विविध प्रसङ्गहरू पनि सहायक कथानकका रूपमा आएका छन् । यो उपन्यास एउटै मात्र कथावस्तुमा आधारित नभई विविध खाले सहायक र प्रासङ्गिक कथावस्तुलाई समेटेको पाइन्छ, यसले गर्दा कथानक निकै लामो पनि बन्न पुगेको छ । विभिन्न छत्तीसवटा उपशीर्षकहरू दिइएर लेखिएको उपन्यास एउटा संस्मरणात्मक शैलीमा लेखिएको छ ।

**भाग १** को उपशीर्षक **नयाँ यात्राको पाइला** राखिएको छ । यसमा चितवनको दुर्गम गाउँ माडीको अमेलियामा 'म' पात्र लगायत दश जना राजनैतिक कार्यकर्ता साथीहरूको भूमिगत प्रशिक्षणको प्रसङ्गलाई कथानकका रूपमा प्रस्तुत गरिएको छ ।

**भाग २** अन्तर्गत **कहिल्यै नबिर्सने झापट** शीर्षक दिएर कथित तल्लो जातका 'म' पात्रले विद्यालयको कक्षा कोठामा राखिएको माटाको गाग्रोबाट पानी सारेर खाँदा शिक्षकद्वारा झापट खान परेको घटनाक्रम कथानकका रूपमा प्रस्तुत गरिएको छ ।

**भाग ३, ४ र ५** को क्रमशः **गोरेले खोलिदिए मनको आँखा**, **हामीले मात्र जात फाल्ने** र **सङ्घर्षको प्रतिज्ञा** उपशीर्षक अन्तर्गत 'म' पात्रको क्रान्तिको पथमा लागेका महायोद्धा मानसिंह सँगको प्रथम भेट, उनको प्रभावशाली विचार र उज्ज्वल व्यक्तित्वले 'म' पात्रको

मनमा परेको अमिट छाप साथै क्रान्तिको मार्गमा लाग्न थप प्रेरणा जागेका प्रसङ्गहरू कथानकका रूपमा आएका छन् ।

**भाग ६** को **जनकारबाही** उपशीर्षक अन्तर्गत धर्म भकारीमा जम्मा गरिएको गाउँका गरिब किसानहरूको अन्न तथा स्कुलको नाममा उठेको चन्दा रकम हसुर्ने गाउँका सामन्त प्रेमनाथलाई कारबाही गरेर चितवनमा सामन्त जाली फटाहा विरोधी जनकारबाहीको आन्दोलनको थालनी भएको प्रसङ्ग कथानकको रूपमा आएको छ ।

**भाग ७** को **हात्ती समेत रोयो** उपशीर्षक अन्तर्गत चितवनका तिलकाने, झनझने, बरन्डाभार, अमृतनगरका सुकुमबासी बस्तीलाई उठिबास गर्न हात्ती लगाएर भत्काउने, आगो लगाएर झुपडी डढाउने भन्ने प्रशासनको योजनाका विरुद्धमा मानसिंहले विद्यार्थी, महिला, दलित, सुकुमबासीहरू तथा आफ्नो सङ्गठनका कार्यकर्ताहरू जुटाएर शाही बनपाले र सेनाहरूको सामना गर्दै गरिब सुकुमबासी बस्तीलाई उठीबास हुनबाट रोक्ने प्रयास गरेका तर सफल नभएका र पुन पाँच छ हजार सुकुमबासी उठाएर प्रशासन कार्यालय घेराउ गरेर विरोध जनाएपछि बल्ल वन जङ्गल नमास्ने शर्तमा जो जहाँ बस्दै आएका छन् , त्यो त्यही त्यही ठाउँमा नै थप छ महिना बर्खासम्म बस्न पाउने शर्तमा सहमति गराइएका प्रसङ्गहरू कथानकका रूपमा आएका छन् ।

**भाग ८** को **जनता जुटेपछि** उपशीर्षक अन्तर्गत पुरानै ठाउँमा आफ्नो घर डढेको कोइला पन्छाउँदै स्याउलाकै भए पनि नयाँ झुपडी बनाउने क्रम ध्वस्त पारिएको सुकुमबासी बस्तीमा शुरु भएको थियो, आगजनी र हात्तीपेलाइबाट बचेखुचेको धान र तोरीका बीउ जतन गरेर साँच्दै उनीहरूले केही सन्तोषको सास फेर्न लागेका थिए । गरिब सुकुमबासी जनतालाई शोषण गरी आफ्नो पेट भर्न पल्केका शिकारी गुरुङ र उपप्रधानपञ्च जस्ता सामन्तहरू पुनः ती पीडित सुकुमबासीहरूको आलो घाउमा नुनचुक छर्न पुगेका, सुकुमबासी बस्तीको जग्गा उनीहरूकै नाउँमा बनाइदिने प्रलोभनमा जाँडपानी र रुपैयाँपैसाको जोहो गर्न लगाएका, यस्तो प्रवृत्तिले भर्खरै पञ्चे सरकारको महाअत्याचारबाट पीडित भई आफ्ना नानाबानाको पेटपाल्न समेत नसक्ने स्थिति भएका निमुखा सुकुमबासीहरूको बस्तीमा पुनः हाहाकार मच्चिएको, जेनतेन गरेर उनीहरूका लागि कुखुरा जाँडको बोतल र धान, तोरीको बीउ बेचेर केही रुपैयाँको जोहो गरेका र यो कुराको सुँइको

पाएर ˝म’ पात्र तथा मिलन मास्टरको नेतृत्वमा अरू स्कुले युवा विद्यार्थी तथा गाउँलेहरूको समूहले ती दुई सामन्त तथा तिनका चम्चाहरूलाई पाता फर्काएर बाँधी ठानामा पुऱ्याएको घटनाक्रम कथावस्तुका रूपमा आएको छ ।

**भाग ९** को **महाअत्याचार** उपशीर्षक अन्तर्गत घनघोर चारकोसे जङ्गलभित्रको घाँसे मैदानमा भैंसी पालेर बसेका धनबहादुर क्षेत्री बुढा र उसकी विधवा बुहारीमाथि गाउँका शोषक सामन्तहरूले सर्वस्वहरण सहित गरेको महाअत्याचारको प्रसङ्ग र ˝म’ पात्रको नेतृत्व सहितको किसान सङ्घको टोली र गाउँका अन्य पीडित जनताहरूबाट ती अत्याचारीहरूलाई कालोमोसो दलेर सातगाउँ घुमाइएको घटनाक्रमहरूलाई कथानकका रूपमा प्रस्तुत गरिएको छ ।

**भाग १० र ११** को क्रमशः **महाजनको’ र ब्रमपुत्रको छेउ** उपशीर्षक अन्तर्गत दलित जातिका महाजन बुढाको राजसी ठाँटबाट, सुविधासम्पन्न घर, प्रवासी जीवनको कहानी र उनकी कान्छी छोरी मनमायाँमाथि गाउँकै लक्ष्मण भन्ने फटाहाले हातपात गरेको प्रसङ्ग, सोको विरुद्ध दलित समाजको जिल्ला सङ्गठनमा उजुरी परेका प्रसङ्ग र ˝म’ पात्र लगायत दलित सङ्गठनका सदस्यहरूद्वारा सम्पूर्ण न्यायप्रेमी गाउँले जनाताहरूलाई एकजुट पारी लक्ष्मणेलाई गरिएको कारबाहीका प्रसङ्गहरू कथानकका रूपमा आएका छन् ।

**भाग १२** को **सोमेश्वर पहाडमाथि** उपशीर्षक अन्तर्गत तत्कालीन जाली फटाहा तथा सामन्त विरोधी आन्दोलनलाई लक्ष्य अनुरूप अघि बढाउनका लागि विशेष छलफल गर्ने उद्देश्य लिएर गोप्य ठाउँमा पार्टीका कार्यकर्ता र सङ्घर्षशील युवाहरूको भेला आयोजना गर्ने सहमति अनुसार ˝म’ पात्र मानसिंह लगायतका अन्य भूमिगत साथीहरूको समूहले रातीको नौ बजे राप्ती नदी तरेर घना जङ्गलको बाटो पैदल यात्रा गरेको, ठाउँ ठाउँमा पाटेबाघ र पहाड जत्रा शरीर भएका गैंडा जम्का भेट भएर सात्तो लगेका प्रसङ्गहरू कथावस्तुका रूपमा आएका छन् । कार्यकर्ताहरू भेला हुने स्थान नेपाल भारत सिमाना, चुरे पहाडको टाकुरामा रहेको ऐतिहासिक सोमेश्वर दरबार जहाँ पचास जनालाई पुग्ने रासन पानी दिउसोमा अन्य

साथीहरूले ओसारेपश्चात राति नौ बजेपछि फेरि जङ्गलकै बाटो 'म' पात्र र मानसिंह लगायतका पात्रहरूले सोमेश्वर यात्रा शुरु गरेका थिए । बाटोको भालुबस्ती, घनघोर आँधीसहित आएको असिना पानीको सामना गर्दै लतारिँदै, पछारिँदै रातको बाह्रबजे भग्नावशेष मात्र रहेको सोमेश्वर दरबारमा पुगेर रात गुजारेको प्रसङ्ग, कार्यक्रमको समयावधि लम्बिँदा अड्कलेर लगेको रासनपानी सकिएकोले सोमेश्वर बसाइको चौथो दिन बिहानै भोको पेटमा रित्ता हाँडाभाँडा लिएर 'म' पात्र लगायतका साथीहरू त्यहाँबाट फर्केका, फर्कने क्रममा भोकले रन्थनिएर जङ्गलमा भेटाइएका फलफुल र च्याउ साँधेर खाँदा विषयुक्त च्याउ परेर सबै जना बिरामी परेका, नजिकको गाउँमा घर भएका साथीले अमिलो दही ल्याएर खुवाएपछि बान्ता भएर बिरामीहरूको स्वास्थ्यमा केही सुधार भएको जस्ता घटनाक्रमहरू कथानकको रूपमा आएका छन् ।

**भाग १३** को **पहिलो प्रवास** उपशीर्षक अन्तर्गत 'म' पात्र र मानसिंहको प्रवास (भारत) को यात्राका विविध घटना प्रसङ्गहरू कथानकका रूपमा आएका छन् । 'म' पात्रको रेलयात्रा र भारतभूमि टेक्नेकाम दुबै पहिलो अनुभव हुन्छ । दरभङ्गाको स्टेशन टावर, कामरेड रोहित (अहिलेका चर्चित नेता नारायणमान बिजुक्छे, जसको त्यतिबेला भूमिगत बस्दाको छोपुवा नाम रोहित थियो) सँगको भेट उनको प्रभावशाली व्यक्तित्व र कुरा गर्ने शैली देखेर 'म' पात्र दङ्ग परेका होटेलमा खाना खान जाँदा अरू साथीहरूले निकै मिठो मानेर खाएको गोरुको मासुको सुप र पाउरोटी 'म' पात्रले बडो बाध्यताका साथ किलकिल मान्दै खाएका प्रसङ्गहरू यस भागको कथानक बनेर आएका छन् ।

**भाग १४** को **खाली पेटको मुक्ति यात्रा** उपशीर्षक अन्तर्गत दशदिने दरभङ्गा बसाइपछि नेपाल फर्कने दिनमा 'म' पात्र र मानसिंहले साथी द्रव्यमानको घरमा दशैंको उपलक्ष्यमा मिठा मिठा परिकारहरू खाएका, दरभङ्गा स्टेशनबाट नरकटियागन्ज आउने टिकट लिएर रातभरि कुर्दा भोलिपल्ट मात्र रेल आएको, खल्ती रित्तो भएकाले भोको पेटमा रेलयात्रा गरेका, रेल गन्तव्य सम्म नपुग्ने हुनाले बीचबाट फेरि चार पाँच घण्टा कुरेर अर्को रेल चढेको र त्यसले पनि बिना स्टेशन आधा आधा घण्टा रोक्दै हिँडाएका प्रसङ्गहरू कथावस्तुका रूपमा आएका छन् ।

**भाग १५** को  **उनी राजखलकै रहेछन्** उपशीर्षक अन्तर्गत तीन दिन लामो रेलयात्रा र भोको पेटको रन्कोलाई केही मात्रामा भए पनि भुलाउन मानसिंहले ‍‍`म' पात्रलाई आफ्नो पुर्खाले बझाङ राजाकी जेठी रानीलाई भगाएर खरको भारीभित्र लुकाई चौध दिनको पैदलयात्रा गरी बोकेर पर्वत जिल्लाको अनकण्टार गाउँमा पुऱ्याएको कहानी बताए, जसबाट `म' पात्रले मानसिंहसँग राजखलकको रक्त सम्बन्ध रहेछ भन्ने थाहा पाएको प्रसङ्ग, बिहानै पुनः खाली पेटमा नेपाल फर्कने पैदलयात्रा शुरु गरेका, बाटोमा भेटिएको उँखुबारीको मैदान, उँखु भाँचौं भनेर `म' पात्रले भन्दा मानसिंहले जनताको सियोसम्म पनि सित्तैमा लिन हुँदैन भन्दै माओको कथन सम्झाएका, एउटा किसानको घरमा भेली पानी खाएर भोको पेटलाई केही राहत दिएका, बाटोमा पर्ने बकरी बजार भन्ने स्थानमा मानसिंहको साथीको घरमा खाना खाएका, पचहत्तर घण्टाको खाली पेट पछि घाँटीले पनि भात निल्न बिर्सेर पानीसँग बल्लतल्ल निलेका, त्यहाँबाट फेरि पैदलयात्रा गरी गोबर्द्धनवा गाउँमा मानसिंहको मितको घरको मेजमानी खाएर बासबसेको प्रसङ्ग, त्यही बाटो भएर भारत पस्दा छाडेका जोखिमपूर्ण सामानहरू मिलाइओरी फेरि मानसिंहको मितको घरमा मेजमानी खाएर `म' पात्र मानसिंह र कृष्ण नामका अर्का साथीले नेपाल यात्रा प्रारम्भ गरेका प्रसङ्ग, झन्डै पचहत्तर घण्टा अन्न नपरेको पेटमा पन्ध्र घण्टा भित्र तीन छाक, त्यो पनि मासु, चिल्लो, पिरो, मसलादार खाँदा `म' पात्रको पेटमा गढबडी शुरु हुन्छ । ठाउँठाउँमा दिसा बस्दै जादा `म' पात्रका साथी मानसिंह  र कृष्ण अघि अघि छुट्टै बाटो समातेर जान पुग्छन् र `म' पात्रले पहिले आएकै बाटो समाती खोलाको किनारै किनार जाँदा बाढीले बगाएर ल्याएका माछा असरल्ल रूपमा भेटेर टिप्दै हिँडेको प्रसङ्ग, दशघण्टाको पैदल यात्रा गरेर छिचोल्नु पर्ने घनघोर जङ्गल बाघ, भालु ,सर्प, बिच्छी, चोरडाँका यावत् चीजको डर `म' पात्र एक्लै चक्कु लुकाइएको गुप्त लट्ठीको सहाराले मन दह्रो गर्दै हिडेका, खोल्साको घुम्ती पार गर्दै जाने क्रममा माथिबाटै रुखको ठूलो हाँगा भाँचिएजस्तै गरी आवाज निकालेर अजिङ्गरले `म' पात्रलाई बाँकटे हानेको प्रसङ्ग, ज्यान जोगाएर `म' पात्र न्वारनको बलनिकालेर कुद्दा उकालोको टाउकोमा टेक्न पुगेका र त्यहींको ठूलो ढुङ्गामा उनका छुटेका साथीहरू भेट भएका प्रसङ्ग, उनीहरू पनि बाघसँग जम्का भेट भएर बल्लतल्ल बाँचेर आएको घटनाक्रम बताएका, `म' पात्रले ल्याएको एकभारी माछा पोलेर खाएका प्रसङ्गहरू नै यस भागको कथानकका रूपमा आएका छन् ।

**भाग १६** को **चेपाङ राज्य** उपशीर्षक अन्तर्गत पहाडी क्षेत्रमा केन्द्रित भएर काम गर्ने र क्रान्तिका लागि ग्रामीण जनआधार तयार पार्ने उद्देश्यले 'म' पात्र लगायत दुई साथीहरू चण्डी भन्ज्याङ, भुलघारी र काउले जस्ता दुर्गम पहाडी भेगमा गरिब गाउँलेहरूको सुख दुःखको साथी बनेर उनीहरूको काम सघाउने, केटाकेटी पढाइदिने र उनीहरूले जस्तो खाना खान्छन् र दिन्छन् उस्तै खाएर जनसङ्गठन निर्माण गरेका प्रसङ्गहरू कथानकका रूपमा आएका छन् ।

**भाग १७** को **जातीय आन्दोलन वर्गीय आन्दोलनमा परिणत** भन्ने उपशीर्षक अन्तर्गत राजा वीरेन्द्रको अनुकम्पाले मन्त्री भएका दलित नेता हिरालाल वि.क. स्वयंले दलित सङ्गठनको विरोध गरेका, जातीय समस्याको मूल कारण वर्गीय नै हो भन्ने महसुस गरी 'म' पात्र लगायतका दलित सङ्गठनका कार्यकर्ताहरूले एक बिगाहा जमिन किन्ने शर्त गरेर थप चार बिगाहलाई चार किल्लाभित्र पारी जालसाजी गरेर खाने सामन्तलाई कारबाही गरेको घटनाक्रम कथानकको रूपमा आएको छ ।

**भाग १८** को **मुग्लिन हान्न रोकियो** उपशीर्षकमा 'म' पात्रले सरकारद्वारा आयोजित कार्यक्रमको उद्घोषण गर्ने क्रममा पञ्चे सरकार विरोधी वक्तव्य दिएको कारण अञ्चलाधीश नन्दबहादुर मल्लले उनलाई तत्काल पक्राउ गर्न आदेश दिए पछि 'म' पात्र कार्यक्रम स्थलबाट भागेर ज्यान जोगाएका प्रसङ्ग, निर्माणधीन पृथ्वी राजमार्गका कुल्लीहरूलाई रासन वितरण गर्ने ठेकेदारहरूले कुहिएको चामल वितरण गरेर रातारात धनी भएका र चितवनका अति दुर्गम काउले, कोराक, दाह्रेचोक जस्ता पहाडी गाउँका गरिब जनता खान नपाएर भोकभोकै मरेका कारण ठेकेदारहरूको गोदाम कब्जा गरेर ती गरीब जनताहरूलाई रासन बाँड्ने पार्टीको निर्णय अनुसारको योजना प्रतिकूल परिस्थितिका कारण स्थगित हुन पुगेका प्रसङ्गहरू कथानकका रूपमा आएका छन् ।

**भाग १९** को **नाक काटेको रगत कन्काई बससम्म** उपशीर्षक अन्तर्गत चितवनको जङ्गल नजिकको थारु बस्तीमा आएर उनीहरूलाई डर धम्की देखाई साथमा लिएर गैंडा मार्ने र खाग लैजान पल्केका काठमान्डौंका घरानियाँ तस्करहरूलाई तह लगाउने योजना अनुरूप

गैँडा मारेर खाग लैजान आएका एउटा राजाबाबुलाई गैँडा मार्न भनी दुई चारजनाले पूर्व तयारीका साथ जङ्गलमा लगेर गैँडाको नाक काटेजस्तै गरेर खुँडाले उसको नाक काटेको प्रसङ्ग, इन्डोचाइनामा नवऔपनिवेशवादी रुसी हस्तक्षेप भएको विरुद्धमा देश ब्यापी विरोध प्रदर्शन गर्ने नीति अनुरूप भरतपुरमा भएको जुलुसमा भागलिन पूर्व चितवनबाट आएको यात्रुले खचाखच बस चौबिसकोठी नजिकै आएर पल्टिदा ठूलो दुर्घटना भएको  र तत्कालै ११ जनाको मृत्यु र धेरै सर्वसाधारण घाइते भएको प्रसङ्ग कथानकको रूपमा आएको छ ।

**भाग २०** को **किसानले खेदे सामन्तलाई** उपशीर्षक अन्तर्गत ब्याजको स्याज, तोरी ब्याज, धाने ब्याज आदि बहानामा गरिब किसान लुट्ने सामन्तहरूलाई किसानहरूको बर्खे बाली भित्राउने मौका पारेर ॅम’ पात्र लगायत पार्टी कार्यकर्ताहरूले अब उपरान्त ब्याज लगाएर बाली हडप्दै गरीब जनता ठग्न नपाउने चेतावनी दिँदै तिनका साउँ चुक्ता गर्दै, तमसुक च्यात्दै त्यो कुप्रथा अन्त्य गरेका घटनाक्रमहरू कथानकका रूपमा आएका छन् ।

**भाग २१** को **खरकट्टा खोलामा रगतको भेल** उपशीर्षक अन्तर्गत जातीय छुवाछुत हटाउनलाई सङ्गठन बनिसकेको, यदि सार्वजनिक ठाउँमा समान व्यवहार गर्न रोक लगाइयो भने दलितका पक्षमा सङ्गठन लड्ने छ भनी दलित नेता मानसिंह  लगायत अरू नेताहरूले भाषण गरे लगत्तै गाउँमा भएको दलित परिवारको विवाह समारोहमा खरकट्टा गाउँमा जन्ती गएका दुइतीन सय गाउँलेहरू फर्कने क्रममा बाटोमा पर्ने स्याउले बजारको होटेलमा खाजापानी खाएर अब त जातीय छुवाछुत मेटिइसक्यो तिमी हामी सराबरी भइसक्यौँ भन्ने सम्फेर खाएको भाँडा माभ्दैनन् र होटेलको गाग्रीको पानी आफै सारेर खान्छन् । त्यसपछि होटेलवाला र जन्तीहरू बीच भनाभनको क्रमबाट शुरु भएको भगडा महाभारतको युद्धमा परिणत हुन्छ र हिउँदमा पानी सुक्ने खरकट्टा खोलामा रगतको भल बग्छ । यही प्रसङ्ग कथानकको रूपमा आएको    छ ।

**भाग २२** को **नगद छापा मार्ने योजना** उपशीर्षकमा पार्टी सङ्गठनको खर्च चलाउन मुस्किल भएकाले पैसाको जोहो गर्नेबारेको छलफलमा माडी हाइस्कुलका प्र.अ. कृष्णानन्द न्यौपानेले आफूले शिक्षकहरूको तलब सदरमुकामबाट ल्याउने र बाटोमा सङ्गठनका केही साथीहरू बनावटी डाँका बनेर त्यो पैसाको भोला लुट्ने भनेर ल्याएको प्रस्तावमा उनी

आँफैले घात गरी पैसा बोकेर अर्कैबाटो गएको र डाँकाको भेसमा गएका 'म' पात्र लगायत अन्य साथीहरू गाउँलेहरूको घेराबन्दीमा परेर बल्ल तल्ल भागेर ज्यान जोगाएको प्रसङ्ग कथानकको रूपमा आएको छ ।

**भाग २३** को **जुगेडी सङ्घर्ष एक उत्कर्ष** उपशीर्षक अन्तर्गत जुगेडी नजिकैको बजारका सेता पक्की घरमा बसेर गाउँका सोझा जनता ठग्ने सामन्तलाई कारबाही गरी उनीहरूको पसलमा भएका मालसामान, लत्ताकपडा गरिब जनतालाई बाँड्ने पार्टीको योजना अनुरूप भएको काममा सशस्त्र प्रहरीको हस्तक्षेप भई भिडन्त भएको र दुईजना चेपाङ दाजुभाइले शहादत प्राप्त गरेको प्रसङ्ग कथानकको रूपमा आएको छ ।

**भाग २४** को **जुटपानीमा रातो झन्डा** उपशीर्षक अन्तर्गत जुटपानी गाउँको शोषक सामन्त मेघनाथ अर्यालको घर, गोठ, मिल, गोदाम कब्जा गरेर एकै ठाउँमा अन्नपात, जिन्सी, थुपारेर, गाउँका गरिब जनताहरूलाई वितरण गरेका प्रसङ्ग 'म' पात्र र अर्का साथी मिलेर पहाडका आफन्त कहाँ गई पार्टीको लागि आवश्यक दुईवटा कटुवा र एउटा भरुवा बन्दुक बनाएर ल्याएका प्रसङ्गहरू कथानकका रूपमा आएका छन् ।

**भाग २५ प्रथम बालसहिद कर्ण बुढाथोकी** उपशीर्षक अन्तर्गत जुटपानीको कार्की साहु भन्ने सामन्तको गोदाम पसल कब्जा गर्ने तथा त्यहीँ नजिकको प्रहरी चौकी घेराउ गरी हतियार लुट्ने पार्टीको योजना बमोजिम 'म' पात्र र मदन कविलास गढी पुगेका, त्यहाँका पुराना अड्डा, दरबार आदिका अवशेषहरूको अवलोकन, दोस्रो विश्वयुद्धमा भिक्टोरीया क्रस जित्ने टेकबहादुर गुरु·सँगको भेट, गोदाम र चौकी कब्जा गर्ने योजना अन्तर्गतको कारबाही विफल भएको, १३ वर्षे बालक कर्णबहादुर बुढाथोकीलाई गोली लागी शहादत प्राप्त गरेका र अन्य धैरै जना लडाकु कार्यकर्ता घाइते भएका प्रसङ्गहरू कथानकका रूपमा आएका छन् ।

**भाग २६** को **पाँचसय जना वारेन्टेड** उपशीर्षक अन्तर्गत मानसिंहको नेतृत्वमा भएको जुटपानी सङ्घर्ष असफल भएपछि उनले तत्कालै नेपाली क्रान्तिकारी राजनीतिक कम्युनिष्ट पार्टीहरूसँग एकताको खाँचो भएको र जनतालाई आधुनिक हतियारले सुसज्जित पार्नु पर्ने

निष्कर्ष निकालेका, उनकै पहलमा सर्वहारावादी कम्युनिष्ट लिग, श्रमिक पार्टी र मानसिंहको मजदुर किसान पार्टी एकता भई ˘सर्वहारावादी श्रमिक पार्टीँ भनी सङ्गठनको नाम राखिएको, माडीको बसन्तपुरमा अखिल र ने.वि. सङ्घका विद्यार्थी तथा अन्य गाउँलेहरू बीच भिडन्त हुँदा गाउँका लाहुरे टेकबहादुर घर्तीको मृत्यु भएको र मानसिंहको पार्टीका पाँचसय जना जति नेता तथा कार्यकर्ताहरूलाई पक्राउ पुर्जी जारी भएका घटनाक्रमहरू कथानकका रूपमा आएका छन् ।

**भाग २७** को **पूर्तिघाटमा बगेको रगत** शीर्षक अन्तर्गत पार्टीको आर्थिक स्रोत जुटाउनको लागि बैंक लुट्ने योजना अनुसार इन्स्पेक्टर र प्रहरीहरूको भेसमा हतियार सहित गुल्मीको पूर्तिघाट स्थित नेपाल बैंकको शाखा लुट्न गएका आठजना पार्टी कार्यकर्ताहरूमध्ये चारजना लुटेको सुन र नगदसहित पक्राउ परेका र चारजनाले ल्याएका करिब दुई किलो सुनबाट आएको छ लाख रुपैयाँ पनि पार्टीका नेता सोनाम र मानसिंहकै हातमा हुँदा पुरानो ऋण तिर्ने, थोत्रो गाडी किन्ने, मिठो खाने र राम्रो लगाउने अभ्यास गर्दा तथा हतियार किन्न भारत भ्रमण गर्दा गर्दै सकिएको, बैंक लुट्ने क्रममा र अन्य पार्टीगत कामको सिलसिलामा पक्राउ परेका कार्यकर्ताहरूको जिम्मा पार्टीले नलिएकोमा उनीहरूले पोखेको आक्रोश नै कथानकको रूपमा आएको छ ।

**भाग २८** को **वेदना** उपशीर्षक अन्तर्गत २०४६ सालको जन आन्दोलनको शुरुवातका प्रसङ्गहरू मानसिंहले आफू असक्त हुँदै गएको र भूमिगत बस्दा रेखदेख गर्न एउटी महिला साथी जरुरी भएकोले आफ्नो दोस्रो बिहे गर्नु पर्ने भनी ल्याएको प्रस्ताव मा ˘म’ पात्रले जनाएको विरोध, मानसिंहकी जेठी पत्नीले आफ्नो लोग्ने र आफूबिचको मनमुटावको बारेमा ˘म’ पात्रलाई लगाएको बेलिविस्तार नै कथानको रूपमा आएको छ ।

**भाग २९** र **३०** को **विवाह प्रकरण** र **भूमिगत परिपाटीको नाटक** उपशीर्षक अन्तर्गत विवाहका लागि केटी खोज्न मानसिंहका साथै म पात्र र प्रमोद लागिपरेका, आ-आफ्ना नातेदार केटीहरू देखाएका, यसै क्रममा गरिएका भारतका विभिन्न स्थानको भ्रमणको वर्णन र भूमिगत परिपाटीको नियमअनुसार ढाँटछल गरी प्रमोदकी भान्जी मनकलीसँग भारतको

मध्य प्रदेशमा हिन्दू परम्पराअनुसार धुमधामले मानसिंहको दोस्रो बिहे सम्पन्न भएको, मानसिंह पुनः नेपाल फर्केपछि पार्टी सङ्गठन धेरै कमजोर हुँदै गएकाले सोनाम, मानसिंह आदिको पहलमा नेकपा मोटो मसाल, ने.क.पा. चौम र ‘म’ पात्र, मानसिंह संलग्न सर्वहारावादी श्रमिक सङ्गठन गरी तीनवटा पार्टीलाई एकीकरण गरिएको प्रसङ्ग, त्यस पछि म पात्र काठमान्डौं जाँदा **विमर्श** नामक पत्रिकामा मानसिंहले मार्क्सवाद र कम्युनिष्ट क्रान्तिका बारेमा लेखेको नकारात्मक कुरा पढ्दा छाँगाबाट खसेजस्तो भएका आदि प्रसङ्गहरू कथानकका रूपमा आएका छन् ।

**भाग ३१** को **शंकैशंकाले** उपशीर्षक अन्तर्गत ‘म’ पात्रले मानसिंहको मार्क्सवाद विरोधी विचार परिवर्तन गरी पुनः पार्टीका कामकाजमा फर्काउन गरेको पहल र अन्यसाथीहरूसँग गरेको कुराकानी नै यसभागको कथावस्तु बनेर आएको छ ।

**भाग ३२** को **आफै भित्रको बैरीलाई जित्न नसक्दा** उपशीर्षक अन्तर्गत आजीवन क्रान्तिको बाटोमा हिँड्दै सर्वहारा वर्गको पक्ष पोषण गरेका मानसिंह कसरी एकाएक पलाएन भए, कसैको आँखामा राख्दा नबिझाउने आँखाकै नानी बनेर बसेका मानसिंह आज कसरी सबैका अर्घेला भए, भन्ने विषयमा ‘म’ पात्र, सुशील र मदन बीचभएको छलफल नै यो भागको कथानक बनेर आएको छ ।

**भाग ३३** को **ननिको नतिजा** शीर्षक अन्तर्गत धरानमा भएको एउटा दलित कार्यक्रममा भाग लिन म पात्र र अन्य साथीहरू गएका, संयोगले मानसिंह पनि त्यहीँ भेट भएका, त्यहाँ पनि उनले मार्क्सवाद र कम्युनिज्म विरोधी भाषण गरेका, म पात्र लगायत हितैषी साथीहरूसँग पनि निकै झर्केर बेवास्ता पूर्ण ढङ्गले कुराकानी गरेका प्रसङ्ग, त्यस पछि चितवनको माडीमा भएको दलित श्रमिक आम भेलाको अवसरमा मानसिंह सशस्त्र प्रहरीको सुरक्षामा गएर भाषण गरेको, त्यहाँको स्थानीय जनता जसले आजीवन मानसिंहलाई आफ्ना आदर्श व्यक्तित्व मानेका थिए । त्यस दिन उनीहरूले मानसिंहमाथि आक्रोश र घृणा भावले विरोध गरेका प्रसङ्गहरू कथानकको रूपमा आएका छन् ।

**भाग ३४** को **हिमचिमको उडान** उपर्शीर्षक अन्तर्गत जेठको खडेरीले गर्दा मानसिंहका कान्छा भाइ सिकिस्त बिरामी परेको, ‘म’ पात्र सहितका व्यक्तिले काठमान्डौं लगी टेकु अस्पतालमा भर्ना गरेका, डाक्टरले अवस्था गम्भीर छ भनेका, अकस्मात् मानसिंह आएर मेरो भाइ हो म आफै लगेर उपचार गर्छु भन्दै अस्पतालबाट निकाल्न खोजेका, वीरसिंह ठकुरी भन्ने साथी र म पात्रले बल्लतल्ल सम्झाई भाइको उपचारमा निरन्तरता दिएका, यता चितवनमा मानसिंहका राजनैतिक हितैषी खड्गबहादुर वि.क.ले आफ्नै श्रीमतीलाई खुकुरी प्रहार गरी हत्या गरेका प्रसङ्गहरू कथानकका रूपमा आएका छन् ।

**भाग ३५** मा मानसिंह बिरामी भएका र उपचार खर्च जुटाउन सांसद मानबहादुरले अभियान चलाएका, ‘म’ पात्र हालखबर बुझ्न मानसिंहकहाँ जाँदा मानसिंहले खुलेर कुरा नगरेका, एकरात ‘म’ पात्रले सपनामा मानसिंहसँग भेटेर पहिले जस्तै गरी क्रान्तिकारी गफ गरी गीत गाएर नाचेको सपना देखेका, बिहान ब्युँझदा अचानक बुहारीले मानसिंहको दुःखद निधन भएको खबर बताउँदा ‘म’ पात्रले आकाश खसेजस्तो अनुभव गरेका, मानसिंहका केही आफन्तहरूलाई लिएर ‘म’ पात्र काठमान्डौंको त्रि.वि. शिक्षण अस्पताल पुगेका, निकै सामान्य ढ•ले सीमित मलामीको साथमा शवयात्रा शुरु भएको, जनक्रान्तिको मार्क्सवादी बाटो नछोडेको भए आज मानसिंहको मृत्यु पनि स्टालिन, लेनिन र माओको जस्तै हुन्थ्यो, शवयात्रामा विशाल जनसहभागिता हुन्थ्यो भन्ने जस्ता कुराहरू ‘म’ पात्रले मनमनै व्यक्त गरेका, मानसिंहको मृत्युले मर्माहत भएका उनका पहिलेका अनन्य मित्रहरू आर्यघाटसम्म आए पनि एउटा फूल अर्पण गरेर आत्मीय श्रद्धाञ्जली भाव समेत व्यक्त नगरी परै बसेर हेरेका, समग्र जीवनको तिसौं वर्ष जनताको लागि आफ्नो जीवन अर्पण गरेर क्रान्तिको मार्गमा हिँडेका एक वीर पुरुषको निकै सामान्य तरिकाले अन्त्येष्टि गरिएको, मानसिंहको निधनको भोलिपल्ट अर्थात २०५८ जेठ १९ गते नारायणहिटी दरबार हत्याकाण्डमा राजा वीरेन्द्रको सम्पूर्ण वंश नै नाश भएको खबरले मानसिंहको मृत्युको खबर ओझेलमा परेको आदि प्रसङ्गहरू पनि यसभागको कथानकमा आएका छन् ।

**भाग ३६** अर्थात् उपन्यासको अन्तिम भाग अन्तर्गत मानसिंहको निधनको १५ औ दिनमा चितवनको नारायणगढमा आयोजित शोक सभामा बिभिन्न व्यक्तिहरूको भेला, ‘म’ पात्रले

मानसिंहको राजनीतिक जीवन र व्यक्तित्वका बारेमा मन्तव्य राख्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेका प्रसङ्गहरू आएका छन् र उपन्यास अन्त्य भएको छ ।

यसरी नेपालको दलित आन्दोलनका क्रान्तिकारी हस्ती मानसिंह (रूपलाल वि.क.)को राजनैतिक जीवन र जीवनको उत्तरार्धमा उनमा आएको वैचारिक विचलन नै यस उपन्यासको मूल कथानक हो भने अन्य धेरै सहायक र प्रासङ्गिक कथानकहरू पनि उपन्यासमा आएका छन् ।

प्रगतिवादी साहित्यिक मान्यतामा कथावस्तु अन्तर्गत राजनीति, धर्म, दर्शन आदि सरह साहित्य कला पनि मार्क्सवादी विचारधाराबाट प्रभावित हुन्छ र साहित्य कला आर्थिक, भौतिक जीवनबाट प्रभावित र आधारित हुन्छ भन्ने देखाइएको छ । साहित्यकलाको उद्भव र विकासक्रममा श्रमको महत्वपूर्ण भुमिका हुन्छ । श्रमद्वारा नै साहित्यकलाको निर्माण गर्ने हातहरूमा शक्ति क्षमता आउँछ । साथै श्रमबाट नै जीवनमा अनुभव प्राप्त हुन्छ, त्यसै अनुभवबाट साहित्य सृजना हुन्छ भन्ने भाव यहाँ उल्लेख भएको पाइन्छ ।
साहित्यलाई आर्थिक, भौतिक धरातलमा परिवर्तन भएपछि मात्र त्यही गतिमा परिवर्तन गर्न सकिन्छ, त्यसैले साहित्य परिवर्तनको प्रभावकारी संवाहक शक्ति हो भन्ने देखाइएको छ ।
साहित्य कला परिस्थितिबाट मात्र प्रभावित हुँदैन बरु यसले परिस्थितिलाई पनि प्रभावित गर्दछ । सामाजिक क्रान्ति र पुनर्निर्माणमा साहित्यले महत्वपूर्ण कार्य गर्दछ भन्ने मान्यता पाइन्छ । मार्क्सवादी दर्शनमा द्वन्द्वात्मक भौतिकवाद र एतिहासिक भौतिकवादको भूमिका रहेको हुन्छ, यहाँको कथावस्तुमा घटनाहरू, वाद, प्रतिवाद र संवादद्वारा विकसित हुन्छन् भन्ने सिद्धान्तको प्रतिपादन गरिएको छ । ऐतिहासिक भौतिकवादमा मानवको आदिम जीवनदेखि आजसम्म हुँदै आएको विकास प्रक्रियाको मूल्याङ्कन निर्धारण गर्नु पनि रणेन्द्र बरालीको महत्वपूर्ण कार्य हो ।

यसको अन्तर्वस्तुमा लेखकका जीवनमा भोगेका , अनुभव गरेका कुराहरूलाई स्मृतिका आधारमा टिपोट गर्दै जाने प्रविधिको प्रयोग छ । लेखकीय जीवनानुभवको यथार्थ प्रस्तुतिले कथानकलाई अझ रोचक र विश्वसनीय बनाएको छ । जस्तैः ‘म ’ पात्रका रूपमा उपन्यासमा प्रस्तुत भएका लेखकले निजी पारिवारिक घटनालाई उल्लेख गरेका छन् ।

घरमा गर्भवती श्रीमती तथा बुढा बा आमालाई चटक्क माया मारेर देश र जनताका लागि क्रान्तिमा होमिन जाँदा त्यही दिनदेखि रोएर अन्नपानी छाडेकी ‘म’ पात्रकी श्रीमतीले पति वियोगको पीडाले आहत भई महिना नपुग्दैको पुत्र शिशु जन्माएको र केही घण्टा मात्र

सास फेरेर उनीहरूको प्रथम पुत्रले यस संसारबाट बिदा लिएको मार्मिक घटना उपन्यासमा प्रस्तुत गरेका छन् , जसबाट क्रान्तिमा होमिएका व्यक्तिले कतिठूलो त्याग गर्नु पर्दो रहेछ भन्ने कुरा छर्ल· हुन्छ ।

त्यसै गरी बरण्डाभार जङ्गलको घाँसे मैदानमा भैंसी पालेर बसेका गरीब धने क्षेत्री बुढा र उसकी बिधवा बुहारीलाई झुटो आरोप लगाएर चरम यातना दिई डरधम्की देखाउँदै उनीहरूको जायजेथा हडप्ने गाउँका जाली फटाहा सामन्तहरूलाई ˘म’ पात्र लगायत किसान सङ्गठनका कार्यकर्ताहरूले कारबाही गरी पीडितलाई न्याय दिलाएको घटनाक्रमबाट हाम्रो समाजको सामन्ती शोषणको चरम उत्कर्ष र त्यसका विरूद्ध क्रान्तिकारी युवाहरूले उठाएको साहसपूर्ण कदमलाई इ·ित गरेको छ, जुन वर्ग सङ्घर्षको एउटा नमुना हो ।

वर्गीय जातीय मुक्ति आन्दोलनमा लागेका लेखकको निजी अनुभूतिजन्य भोगाइहरूलाई उतारिएको प्रस्तुत औपन्यासिक कृतिमा पञ्चे सरकारको निरङ्कुशता तात्कालीन समयका उच्चपदस्थ व्यक्तिहरू र गाउँका धनीमानी व्यक्तिहरूबाट नै गरीब निमुखा जनताको गास, बास र कपास खोसिने गरी उनीहरूमाथि गरिने चरम शोषण र उत्पीडनका विविध ज्वलन्त उदाहरणहरूका साथै यसका विरूद्धमा उठेका सङ्घर्षरूपी जनलहरका कैयौं दृष्टान्तहरूलाई कथानकका रूपमा प्रस्तुत गरिएको छ । साथै दलित मुक्ति आन्दोलनका शीर्षस्थ नेता मानसिंहको जीवनको उत्तरार्धमा आएको वैचारिक विचलनका साथै उनको निजी तथा राजनैतिक जीवनका विविध उतारचढावहरूलाई पनि उपन्यासकारले प्रस्तुत उपन्यासको कथानकका रूपमा प्रस्तुत गरेका छन् ।

बृहत् आकारको प्रस्तुत उपन्यासमा विविध छत्तिस वटा उपशीर्षकहरू दिई यसको अन्तर्वस्तुलाई प्रस्तुत गरिएको छ । यस अन्तर्गत कतै कुनै उपशीर्षकहरूमा एउटै कथानकलाई निरन्तरता दिइएको छ भने अधिकांश उपशीर्षकहरूमा फरक फरक कथानक प्रस्तुत गरिएको छ । समग्रमा उपन्यासको कथावस्तु लामो भइकन पनि सरल, सुबोध्य तथा हाम्रै देश काल परिस्थिति सापेक्षकै छ भन्न सकिन्छ ।

### ४.४.६.२ पात्रविधान

पात्रविधानको दृष्टिकोणबाट इतिहासको ˘एक पैका’ उपन्यासलाई हेर्दा यो बहुल पात्र भएको उपन्यास हो । यसमा वर्गीय पात्रविधान पाइन्छ । पुरुष पात्रहरूका तुलनामा नारी पात्रहरूको अत्यन्तै कम भूमिका रहेको यस उपन्यासमा करिब साठी जना भन्दा बढी

पात्रहरू विविध भूमिका र चरित्रका रूपमा देखा परेका छन् । यसै गरी केही समूहगत तथा अप्रत्यक्ष भूमिका भएका पात्रहरू पनि उपन्यासमा आएका छन् । उपन्यासका प्रमुख पात्र वा नायक मानसिंह हुन् , जसको वास्तविक नाम रूपलाल विश्वकर्मा हो । उनी चितवनको कम्युनिष्ट आन्दोलनका शीर्षस्थ नेता तथा समस्त दलित जातिका प्रतिनिधि युगपुरुष हुन् । राजनैतिक विषयवस्तु र जन सङ्घर्षमा आधारित यस उपन्यासमा उनै मानसिंहका राजनैतिक सामाजिक भूमिगत जीवनमा आएका विविध घटनाक्रम, उतारचढाव र मोडहरूलाई प्रस्तुत गरिएको छ ।

उपन्यासका अर्का प्रमुखपात्र भुवनसिंह हुन् जो स्वयं उपन्यासकार हुन् । यहाँ उनको वास्तविक नाम नभई पार्टीको छोपुवा नाम दिइएको छ । ‘म’ पात्रका रूपमा प्रस्तुत उपन्यासमा आएका यिनी उपन्यासमा घटित सम्पूर्ण घटनाक्रम र विषयवस्तुहरूका प्रत्यक्ष द्रष्टाका रूपमा उभिएका छन् । यहाँ प्रमुख पात्रहरूको चर्चा गर्नु सान्दर्भिक ठानिएको छ ।

**क) मानसिंह** : यस उपन्यासका प्रमुख पात्र वा नायक मानसिंह हुन् , उनको वास्तविक नाम रूपलाल वि.क. हो । उनी चितवनको दलित मुक्ति आन्दोलनका प्रणेता पनि हुन् । बनारसमा गएर पुष्पलालको नेतृत्व रहेको कम्युनिष्ट आन्दोलनका कार्यकर्ता बनेका मानसिंह चितवनका विभिन्न भागमा रहेका दलित सुकुम्बासीहरूको हकहितको लागि आफ्नो जीवनको लामो समय व्यतीत गरेका छन् । पञ्चायतकालको बन्देजपूर्ण अवस्थामा पनि जनताका घरघरमा पुगेर रातारात पार्टी प्रशिक्षण र क्रान्तिका कुराहरू आम जनता माझ सम्प्रेषण गर्ने उनी एक निर्भीक र साहसी पात्रका रूपमा पनि उपन्यासमा आएका छन् । पार्टीगत कामका लागि कहिले उनी भारतका विविध ठाउँ तथा नेपालका अति दुर्गम क्षेत्रसम्म पुग्दछन्, कहिले गाउँस्तरका जाली फटाहा, सामन्ती विरोधी आन्दोलन चलाउँछन् त कहिले आफ्नो नेतृत्वमा ऐतिहासिक जुगेडी, जुटपानी काण्ड समेत सम्पन्न गर्दछन्, जुन गरिब पीडित, शोषित जनताको हकहितको पक्षमा गरिएको हुन्छ । राष्ट्रिय स्तरमा नै उनले आफ्नो छवि निर्माण गर्छन् तर उपन्यासको उत्तरार्धमा अभिजात वर्गको विलासी जीवनप्रतिको मोहले उनलाई हीन कार्यतर्फ उत्प्रेरीत गर्न थाल्छ । उनको मार्क्सवाद र कम्युनिष्ट विचारधारा प्रतिको निष्ठामा आँच आउन थाल्छ । जनताको हक हितको लागि आजीवन सङ्घर्षको पथमा हिँडेका उनमा एकाएक आफ्नो व्यक्तिगत जीवनस्तर उकास्ने, जेठी श्रीमती र छोराछारी हुँदा हुँदै गोरी र कलिली श्रीमती ल्याउने मोह जाग्न थाल्छ ।

आफ्नो सम्पूर्ण जायजेथा र श्रीसम्पत्ति पार्टीको लागि खर्चन तम्तयार हुने उनी आफ्नो कार्यकर्ताले ज्यानको बाजी थापी रगतको खोला बगाएर लुटेको पुर्तिघाट बैंकको खजाना खर्च गरी विलासी ढङ्गले भारतीय भूमिमा आफ्नो दोस्रो बिहे गर्दछन् । कान्छी श्रीमतीलाई सुनै सुनले छोपी दिन्छन् । यसरी पार्टीको पैसा दुरुपयोग हुन थालेपछि कार्यकर्ताहरूले उनलाई छोड्छन्, उनी एक्लिँदै जान्छन् । विस्तारै उनी वर्गीय आन्दोलन छाडेर जातीय आन्दोलनतर्फ लाग्छन् र क्रमशः मार्क्सवाद र कम्युनिष्ट सिद्धान्तप्रति विद्रोह जनाउँदै हिँड्छन् । उनको जीवन कष्टमय हुन्छ र मृत्युवरण गर्न पुग्दछन् । उपन्यासको अन्त्यमा उनको मार्क्सवादप्रतिको आस्था र आफ्नो भौतिक शरीरको पनि अन्त्य भएको छ । मृत्युपश्चात् पनि उनको निकै कम मलामी र सामान्य ढङ्गबाट अन्त्येष्टि
गरिन्छ ।

प्रारम्भमा एक होनहार नायकका रूपमा उपन्यासमा स्थापित हुन सफल उनी उपन्यासको अन्त्यमा आफ्नो पथबाट विचलित भएको व्यक्ति साबित हुन पुग्दछन् । उपन्यासका प्रमुख पात्रको शैली वैज्ञानिक दृष्टिकोणका आधारमा वर्गीकरण गरेर हेर्दा लि•का आधारमा मानसिंह पुरुष पात्र, कार्यको आधारमा प्रमुख पात्र, प्रवृत्तिको आधारमा आंशिक अनुकूल पात्र, स्वभावको आधारमा गतिशील पात्र हुन् भने जीवन चेतनाका आधारमा वर्गगत, आसन्नताको आधारमा मञ्चीय र आबद्धताको आधारमा बद्ध पात्रको रूपमा आएका छन् ।

**ख) भुवनसिंह** : यस उपन्यासका अर्का प्रमुख पात्र भुवनसिंह हुन् जो 'म' पात्रका रूपमा उपन्यासमा आएका छन् , जो स्वयं उपन्यासकार हुन् । भुवनसिंह चाहि उनको पार्टीगत छोपुवा नाम हो । उपन्यासमा शुरुदेखि अन्त्यसम्म उनको भूमिका रहेको छ । राजनैतिक जीवनमा मानसिंह र भुवनसिंह सहयात्रीको रूपमा लामो समय सँगै रहेका छन् । विभिन्न उतार चढाव, उकाली ओराली, खाली पेटको यात्रा, विकराल जङ्गलको यात्रा, आँधी हुरी आदिमा उनी मानसिंहसँगै काँधमा काँध मिलाएर जनताको हकहितका पक्षमा सङ्गठन निर्माण गरी अघि बढेका छन् । उपन्यासमा उनी दलित मुक्ति आन्दोलन तथा सर्वहारावर्गको पक्षमा सक्रिय रूपमा लागिपरेका दलित जातिका युवाका रूपमा आएका छन् । मानसिंहको परिवारसँग पनि आत्मीय सम्बन्ध रहेका उनी मानसिंहले गलत बाटो

अवलम्बन गर्न पुग्दा सही बाटोमा ल्याउन हरबखत प्रयास गर्दछन् । मानसिंहको मृत्युपछि अन्य सबै साथीभाइ तथा कार्यकर्ताले बेवास्ता गरेपनि उनी दलित वर्गको नाताले मानसिंहको अन्त्येष्टिमा सहभागी भएर हार्दिक समवेदना प्रकट गर्दछन् । उपन्यासका प्रमुख पात्रको शैली वैज्ञानिक दृष्टिकोणको आधारमा वर्गीकरण गर्दा भुवनसिंह लि·का आधारमा पुरुष, कार्यका आधारमा प्रमुख पात्र, जीवन चेतनाको आधारमा वर्गीय, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, आसन्नताको आधारमा मञ्चीय र आबद्धताको आधारमा मुक्त पात्रका रूपमा आएका छन् ।

यसै गरी सहायक पात्रका रूपमा उपन्यासका प्रत्येक भागमा छुट्टाछुट्टै पात्रहरू आएका छन् । त्यसैले सबैको विस्तृत विवरण दिन असम्भव भएको छ ।

यस उपन्यासको सहायक पात्रहरूका रूपमा मानसिंहको सङ्गठनका कार्यकर्ताहरू प्रमोद, चिरन, मिलन, सुशील, मदन, सुन्दर, तीर्थ, उत्तम जिज्ञासा, नेता रोहित, सोनाम, शक्ति, अनल, धनीराम, रामे आदि रहेका छन्। यथार्थमै घटित घटना परिघटनाहरूलाई विषयवस्तु बनाइएको यस उपन्यासका यी सहायक पात्रहरू यथार्थ जीवनजनत्‌कै पात्रहरू हुन् । उनीहरूलाई पार्टीगत छोपुवा नामबाट यस उपन्यासमा प्रस्तुत गरिएको छ । सोनाम शशि शेरचन हुन्, भुवनसिंह स्वयं रणेन्द्र बराली हुन् । मिलन दिवाकर भुसाल हुन् । मदन नरेश न्यौपाने, उत्तम सुदर्शन प्रधान, अनल फणीन्द्र आचार्य हुन् । नेता रोहित नारायणमान बिजुक्छे हुन् ।[ज्ञज्ञढ] अन्य सहायक पात्रहरूमा धनेक्षेत्री, उनकी बुहारी, महाजन बुढा, पैरे ढकाल, मानसिंहकी जेठी श्रीमती, कान्छी श्रीमती मनकली, मिना, लक्ष्मणे, चेपाङ् बुढा, सानी गुरुङ आदि आएका छन् भने गौण पात्रहरूका रूपमा खेमकान्त मास्टर, हेडमास्टर, ˘म’ पात्रका दिदी भिनाजु, प्रेमनाथ, सिडियो, शिकारी गुरुङ, उपप्रधानपञ्च, मनमाया, सोमनाथ, राजाबाबु, शेर्पाठिटो, आदि पात्रहरू आएका छन् । शिकारी गुरुङ, उपप्रधानपञ्च, प्रेमनाथ कोइराला, मेजर भालुभुत्ते, राजाबाबु जस्ता व्यक्तिहरू खलपात्रका रूपमा उपन्यासमा आएका छन् । यसैगरी सुकुमबासी गाउँलेहरू, पार्टीका अन्यकार्यकर्ताहरू, क्रान्तिकारी विद्यार्थीहरू, रासनका ठेकेदारहरू, बस दुर्घटनाका घाइतेहरू, विवाहका जन्तीहरू, गाउँले चेपाङहरू, बैंकका कर्मचारीहरू आदि समूहगत पात्रहरू तथा ˘म’ पात्र र मानसिंहको परिवार मनकली र मिनाको परिवार प्रचण्ड, बाबुराम भट्टराई, पुष्पलाल, निर्मल लामा, मोहन वैद्य, खगेन्द्र

---

%# zf]wgfos;Fusf] cGtjf{tf{ cg';f/ .

संग्रौला, घनश्याम पौडेल आदि अप्रत्यक्ष्य भूमिका भएका पात्रहरू पनि उपन्यासमा आएका छन् । यसरी ‘इतिहासको एक पैका’ उपन्यासको पात्र विधानलाई केलाउन सकिन्छ ।

बृहत् आकारमा समेटिएको प्रस्तुत कृतिमा पात्रहरूको सङ्ख्या पनि अनगिन्ती रहेको छ । उपन्यासका प्रत्येक उपशीर्षकका कथानकहरूमा भिन्दा भिन्दै पात्रहरूलाई समावेश गरिएको छ । उपन्यासका प्रमुख पात्र मानसिंह (रूपलाल विश्वकर्मा) हुन् उनलाई नेपालको दलित मुक्ति आन्दोलनका एक शीर्षस्थ व्यक्तित्व पनि मानिन्छ । मानसिंहलाई प्रारम्भमा एक कुशल नेतृत्व गर्ने सङ्घर्षशील व्यक्तित्वका रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ । जातीय मुक्ति आन्दोलनमा लागेका उनलाई सम्पूर्ण शोषित पीडित जनताले आफ्ना हितैषी तथा एक आदर्श व्यक्तित्व मान्दथे, उनै मानसिंहको हृदय छुने क्रान्तिकारी वाणीहरूबाट प्रभावित भई कैयौं व्यक्तिहरूले वर्ग सङ्घर्षको क्रान्तिमा आफूलाई समर्पित गरेका थिए ।
यसरी सारा दुःखी गरीब जनता तथा पार्टी कार्यकर्ताका आदर्श व्यक्तित्वका रूपमा स्थापित मानसिंहलाई जीवनको उत्तरार्ध समयमा आएको वैचारिक विचलनका कारण अन्तमा सारा शुभचिन्तक तथा साथीभाइ र सहकर्मीहरूले उनको साथ छाडिदिन्छन् ।

मानसिंह र ‘म’ पात्रका रूपमा उपन्यासमा उपस्थित भुवनसिंह बाहेक अनेक व्यक्तिगत, वर्गगत, समूहगत पात्रहरूलाई पनि यहाँ समावेश गरिएको छ । तीमध्ये केहीले शोषक र केहीले शोषित वर्गको प्रतिनिधित्व गरेका छन् भने केही क्रान्तिकारी पात्रहरूका रूपमा पनि उपन्यासमा प्रस्तुत भएका छन् । तसर्थ उपन्यासको कथावस्तु, परिवेश, घटना आदि सम्पूर्ण पक्षसँग मेल खाने गरी पात्रहरूको चयन गरिएको छ, तसर्थ बहुसङ्ख्यक पात्रहरूको प्रयोग गरिएको भए तापनि त्यो अस्वाभाविक देखिँदैन ।

प्रस्तुत उपन्यास प्रगतिवादमा आधारित भएकाले यस उपन्यासमा प्रगतिवादी पात्रहरूको चयन पनि गरिएको छ । प्रगतिवादी पात्रहरूमा वर्गीय चेतनाले अत्यधिक प्रभाव पार्दछ । अतः यहाँका पात्रहरू पनि वर्गसङ्घर्षले प्रभावित देखिन्छन् । वर्ग भनेको आम्दानीको स्रोतको समानता हुनुपर्छ भन्ने मानिसहरूको समूह हो । वर्ग सङ्घर्षले नै सर्वहारा वर्गको अधिनायकत्व स्थापित हुन्छ भन्ने मान्यता पाइन्छ ।

आजसम्मको सामाजिक जीवनको इतिहास वर्ग सङ्घर्षको इतिहास हो । स्वतन्त्र मानिस दास, अभिजात, वर्ग, सामन्त, किसान, उद्योगपति, मजदुर, शोषक, शोषित एक अर्काका विरुद्ध कहिले लुकेर, कहिले खुलेर निरन्तर सङ्घर्ष गरिरहन्छन् । यसबाट कि

समाजमा क्रान्तिकारी पुनर्निर्माण हुन्छ कि सङ्घर्षकारी वर्गको विनाश हुन्छ भन्ने मार्क्सवादी मान्यता यहाँका पात्रहरूले अ॰ीकार गरेका छन् ।

### ४.४.६.३ परिवेश

**'इतिहासको एक पैका'** उपन्यासको प्रकाशन वि.सं. २०६७ सालमा भएको हो तर उपन्यासकारले यो उपन्यासमा धेरै पहिलाको समय र घटनाक्रमहरूलाई परिवेशका रूपमा उतारेका छन् । प्रस्तुत उपन्यासमा विविध खाले परिवेशहरूलाई समेटिएको छ । जस्तैः भौगोलिक परिवेश, सामाजिक परिवेश, राजनैतिक परिवेश, सांस्कृतिक परिवेश आदि ।

भौगोलिक परिवेशको रूपमा नेपालका विविध ग्रामीण भू-भागहरू विशेषगरी चितवनका विकट गाउँहरू काउले, कोराक, चेपा॰ बस्ती, माडीका सुकुमबासी बस्ती आदिका साथै वनजङ्गल, भिरपाखा, खोलानाला, आँधी हुरी जस्ता भौगोलिक विकटता र प्राकृतिक रमणीयताका विविध स्वरूपहरू आएका छन् भने कतै नेपाल भारत सिमानाका गाउँहरू, भारतको बिहार, दार्जिलि॰, सिक्किम, दरभ॰ा, आसाम आदि स्थानहरू र त्यहाँको परिवेशका साथै उपन्यासको अन्त्यतिर राजधानी काठमान्डौंका विविध स्थानहरूलाई पनि भौगोलिक परिवेशको रूपमा उतारिएको छ ।

सामाजिक परिवेशका रूपमा जातिपाति ब्रामण, क्षेत्री, वैश्य, शूद्र आदिका आधारमा विद्यमान भेदभाव, गरिबी, अशिक्षा, अन्याय, अत्याचार, छुवाछुत, अन्धविश्वास, दमन, सामन्तीप्रथा आदिका विविध दृष्टान्तहरू उपन्यासमा प्रस्तुत भएका छन् ।

राजनैतिक परिवेशका रूपमा उपन्यासमा पञ्चायती शासन व्यवस्था अन्तर्गत विविध घटनाक्रमहरूलाई समेटिएको छ । करिब २०३५ सालदेखि २०४६ सालको बहुदलीय व्यवस्था आउँदाको समयमा आधारित यस उपन्यासमा पञ्चायती शासन व्यवस्था र पञ्चे तानाशाहहरूको अन्याय र अत्याचारको चित्रण गरिएको छ। जातीय समानता, वर्गहीनता र उन्नत समाजको चाहनाले ओतप्रोत क्रान्तिकारी व्यक्तिहरूको त्याग र बलिदानका विविध घटनाहरू पनि राजनीतिक परिवेशकै रूपमा प्रस्तुत भएका छन् भने गरिब निमुखा जनताहरूको रगत चुसेर मोटाउन पल्केका शोषक, सामन्त र तिनका कुप्रवृत्तिहरूको जरो उखेल्ने क्रममा भएका जुटपानी, जुगेडी काण्ड र खरकट्टा बजारको जन्ती र व्यापारीहरू बिचको भिडन्त आदिलाई पनि राजनैतिक द्वन्द्वकै परिवेशका रूपमा लिन सकिन्छ ।

सांस्कृतिक परिवेशका रूपमा उपन्यासमा दक्षिण भारतमा विलासी ढङ्गले गरिएको मानसिंहको विवाह, मानसिंहको मृत्युपछिको अन्तिम संस्कारका सन्दर्भहरू आएका छन् ।

समग्रमा प्राकृतिक सुन्दरता, भौगोलिक विषमता, राजनीतिक अस्थिरता, सामाजिक द्वन्द्व, सरकारको निरङ्कुशतन्त्र, परिवर्तनमुखी क्रान्तिकारी सोच आदि समाजका विविध पक्षहरू उपन्यासको परिवेशका रूपमा आएका छन् ।

### ४.४.६.४ कथोपकथन/संवाद

संवादका दृष्टिकोणबाट ‘इतिहासको एक पैका’ उपन्यासलाई हेर्दा यसमा धेरै किसिमका संवादहरूको प्रयोग भएको पाइन्छ । तीमध्ये केही लामा त केही छोटा संवादहरू छन् । संवाद स्वगत(मनमनै गर्ने) र दुई पक्षका बीच हुनेगरी दुई प्रकारका हुन्छन् । संवादका यी दुबै प्रकारहरूलाई उपन्यासमा प्रस्तुत गरिएको छ । सामान्य बोलीचालीलाई नै संवादको रूपमा दिइएकोले उपन्यासको संवादपक्ष अन्त्यन्तै सबल देखिन्छ । म पात्र र मानसिंह बीचको संवाद, नेता मानसिंह र अन्य शोषित पीडित जनताहरूबीचको संवाद, प्रमोद, महाजन बूढा र ‘म’ पात्र बीचको संवाद, ‘म’ पात्र र ११७ वर्षका चेपाङ बुढा बीचको संवाद, मानसिंहको पलायनता र उनलाई सही बाटोमा ल्याउने बारेको छलफल क्रममा भएको संवाद आदि यस उपन्यासमा कथोपकथन वा कुराकानीका रूपमा आएका छन् । यसले उपन्यासमा थप रोचकता र जीवन्तता थपेको आभाष हुन्छ । संवादहरू पात्रको स्तर र परिवेशसँग मिल्दाजुल्दा नै छन् । यस उपन्यासका केही संवादका नमुनाहरू यस प्रकार छन् :-

क) “सुशील भाइ, तैंले पढाउने ठाउँका किसानहरू अलि बढी मेहनती छन् , आयस्ता पनि छ साँझ बिहान आफ्नो पेट भरेकै होलास् ?”

‘अन्नले पेट भर्न त यस्तै हो गिठा, भ्याकुर र टाँकीको मुन्टा खोज्न गाउँलेहरूसँग आफै गइयो भने चाहिँ पेट भरिन्छ ।'' (इतिहासको एकपैका पृ. १०९ भुवनसिंह र सुशील बीचको संवाद) यस्तैमा कहीँ बिहारी भाषाको यस्तो संवाद पनि देखिन्छ :-

ख) ˘कहाँ से आएल बाटे रघुवा ¤''

˘जी, रामनगर नेपाली टोलासे''

˘उन्हीक बिरादरी रहत˘ख' ?''

˘जीहाँ, पानी पिए खातिर आपन किहाँ अलिहा''

अर्थात् :- तपाइँहरू कहाँबाट आउनुभयो ?

ज्यू , रामनगर नेपाली टोलबाट ।

उनीहरूकै नातेदार हौ ?

हजुर, अलिकति पानी खाऊँ कि भनेर आएको ।

(इतिहासको एकपैका पृ. १०१ बिहारी बुढा र मानसिंह बिचको संवाद) ।

ग) ˘बा नमस्ते/''

˘कधा जाने ?''

˘खोला पारी गाउँमा जाने हो, कति वर्ष पुग्नु भयो बा ?''

˘धै पाँच भिस काटेको भान्थ्यो पन्द्रसालको भोट खसाल्दा छ भिस आलि पुघेन होला ।''

(ऐजन पृ. ११२, ११७ बर्खे चेपाङ बुढा र भुवनसिंह बीचको संवाद) ।

घ) ˘यति धेरै दुनियाको दर्द मर्म बुझ्ने दाइले आखिर किन यसो गरेका होलान ? तपाइँबाट केही दोष कमजोरी भयो कि ?

˘हो म दोषी छु, मेरा माइती गरिब निर्धन छन् , म काली छु, बुढी भएँ, नपेढेकी भएँ, भाषण गर्न नजान्ने भएँ, आधुनिक फेसनमा हिरोइनी हुन नसक्ने भएँ, यही हो मेरो दोष यही हो मेरो खोट ।''

(ऐजन पृ. १९८, भुवनसिंह र मानसिंहकी जेठी श्रीमती बीचको संवाद) ।

ङ) ˘व्यक्तिको आडले चल्ने हो र ? विचारको आडले चल्ने मार्क्सवादीहरूलाई के ले छेक्छ ?''

˘भाइ त्यो त भन्ने कुरा हो, नेता भनेको नेता नै हो, जसको अभावमा कहाँ क्रान्ति सम्पन्न हुन्छ ?''

(˘इतिहासको एक पैका' पृ. २२३, मदन र तीर्थ बिचको संवाद) ।

यसरी प्रस्तुत उपन्यासको संवाद पक्ष सबल छ । उपन्यासमा शिक्षित, अशिक्षित सबै खाले पात्र भएकाले औपचारिक, अनौपचारिक दुवै भाषाको प्रयोग भएको छ । पात्र सुहाउँदो संवादले उपन्यासमा स्वभाविकता, जीवन्तता र रोचकता प्रदान गरेको छ ।

### ४.४.६.५ उद्देश्य

यस उपन्यासको मूल उद्देश्य सदियौंदेखि सामन्ती शोषण, दमन, अन्याय र अत्याचारमा पिल्सिएका जनतालाई सचेत र जागरुक बनाई आफ्नो हकहित र अधिकार प्राप्तिका लागि क्रान्तिको मार्गमा अगाडि बढ्न प्रेरित गर्नु हो । उपन्यासमा सामाजिक विभेद, छुवाछुत र निरङ्कुशतन्त्रप्रति चरम विद्रोह व्यक्त गरिएको पाइन्छ । समाजमा जरा गाडेर बसेको पुरातन कुसंस्कार र सामन्ती प्रथाको समूल अन्त्यका लागि क्रान्ति अनिवार्य प्रकृया हो भन्दै द्वन्द्व वा वर्ग सङ्घर्षको क्रन्तिकारी चेतना पनि उपन्यासमा व्यक्त गरिएको छ । बालसहिद कर्ण, चेपाङ दाजुभाइ आदिको बलिदानपूर्ण त्यागका माध्यमबाट समाजमा सुनौलो नवयुगको  आगमनका लागि नेपाल आमाका सपुतहरूले जिउ ज्यान अर्पनु पर्ने कुरालाई पनि उपन्यासमा दर्साइएको छ ।

सम्पूर्ण जनताको माया, सद्भाव र साथ पाएर उच्च स्थानमा पुग्न सफल मानसिंह जस्ता नेताको पनि पतन भएको देखाइएको छ, जसबाट आफ्नो पथमा विचलित भई गलत बाटो अबलम्बन गर्दा स्वयं रच्छ्यानको धुलो सरह भइन्छ भन्ने शाश्वत सत्यलाई उजागर गर्नु पनि यस उपन्यासको उद्देश्य हो ।

समग्रमा मार्क्सवादी विचार धाराले ओतप्रोत यस उपन्यासमा मार्क्सवाद एक अजर अमर विज्ञान हो । सर्वहारा वर्गको मुक्ति र वर्ग समानताका लागि मार्क्सवाद जस्तो सिद्धान्त अरु हुन सक्दैन  भन्ने कुरा  दर्साउनु तथा जस्तो सुकै प्रतिकूल अवस्था आए पनि हामी आफ्नो आस्था, विश्वास, सिद्धान्त र जीवनको लक्ष्यबाट पलायन भई गलत मार्ग अवलम्बन गर्नहुँदैन भन्ने सन्देश  दिनु नै यस उपन्यासको उद्देश्य हो ।

### ४.४.६.६ दृष्टिबिन्दु

प्रस्तुत **इतिहासको एक पैका'** उपन्यास प्रथम-पुरुष दृष्टिबिन्दु अँगालेर लेखिएको उपन्यास हो र दृष्टिबिन्दु पात्र 'म' हुन् । उपन्यासका सम्पूर्ण घटनाक्रमहरू, पात्रहरूको

गतिविधि  र क्रियाकलापको द्रष्टा उपन्यासकार हुन् , जो स्वयं ‘म’ पात्रका रूपमा उपन्यासको शुरुदेखि अन्तिम भागसम्म आएका छन् ।

म पात्रले नै उपन्यासका नायक मानसिंहका सामाजिक राजनीतिक र व्यक्तिगत जीवनका विविध पाटाहरू तथा उत्थान र पतनका विविध सन्दर्भहरूलाई  अगाडि  सारेका छन् भने अन्य पात्र वा चरित्रहरूको उजागर पनि ‘म’ कै माध्यमबाट गरिएको छ । त्यसै गरी उपन्यासको सम्पूर्ण घटनाक्रम, परिस्थिति, परिवेश आदि सबैको द्रष्टा भएर लेखकले समग्र उपन्यासलाई प्रस्तुत गरेका छन् ।

**४.४.६.७ भाषाशैली**

**‘इतिहासको एक पैका’** उपन्यासको भाषा शैली सरल, सहज र स्वभाविक नै देखिन्छ । धेरैजसो ठाउँमा ग्रामबासीले बोल्ने सामान्य भाषा प्रयोग भएको छ भने कहीँ कहीँ उच्च शिक्षित वर्गहरूले बोल्ने भाषा र कतै राजनैतिक विषयवस्तुसँग सम्बन्धित केही जटिल शब्दावलीहरूको पनि प्रयोग गरिएको छ । वर्णनात्मक र संवादात्मक दुबै खाले शैलीको प्रयोगले सामान्य पाठकका लागि पनि उपन्यास सरल बनेको छ । सामान्य पदरचना, उखान, टुक्का र अनुकरणात्मक शब्दहरूको प्रयोगले उपन्यासमा थप रोचकता प्रदान गरेको छ । धेरै ठाउँहरूमा अंग्रेजीका आगन्तुक शब्दहरूको प्रयोग गरिएको भए तापनि ती बोधगम्य र प्रचलित नै छन् । कतै कतै लयात्मक गीतहरूको प्रयोगले उपन्यासमा नौलोपना थपेको छ ।

भाषा शैलीका केही उदाहरणहरू :-

**अंग्रजी भाषाका शव्दहरू :-**

लाइब्रेरी, हेडक्वार्टर, बफ, बिफ, डकुमेन्ट, क्लास, साउण्ड बक्स आदि ।

**हिन्दी भाषाका शब्दहरू :-**

क्याबात, छोटीलाइन, आजतक, कौनसा चीज आदि ।

**संस्कृत तत्समशब्दहरू :-**

बालक, शववाहन, मृत्यु, प्राणी आदि ।

**नेपाली मौलिक शब्दहरू :-**

फ्यात्त, आक्कलभुक्कल, गोठाटी, सेन्नानी, खरो आदि ।

**राजनीतिक विषयवस्तुसँग सम्बन्धित शब्दहरू :-**

चौम, लालझन्डा, मुक्तिमार्ग, कमरेड आदि ।

**उखान/टुक्काहरू :-**

'बोल बोल माछी नानी मुखभरी पानी' ,

'खोलाको माछो जति उफ्रे पनि खोलैमा' ,

'जुँगा चले कुरो बुझे' आदि ।

**गीतहरूको प्रयोग :-**

छैन काम धन पनि रहेन

बाँच्ने आशा एक रती भएन

हो ............. दाइ भारतमा ।

समग्रमा उपन्यासको भाषाशैली सरल, सहज र सुबोध्य देखिन्छ ।

### ४.४.६.८ प्रतीक र बिम्ब

प्रस्तुत उपन्यासमा प्रतीक र बिम्बहरूको प्रयोगबाट विविध भावहरू व्यक्त गरिएका छन् । जस्तैः उपन्यासमा 'म' पात्रले आफू अछूत जातको भएकाले स्कूल पढ्दा कक्षामा राखिएको पानीको घैंटो छोई पानी सारेर खाएको आरोपमा खेमकान्त भन्ने मास्टरबाट झापट खानु परेको घटनाले प्रतीकात्मक रूपमा हाम्रो समाजका शिक्षित भनाउँदाहरूबाटै पनि जातीय विभेद र छुवाछुतपूर्ण व्यवहार गरिन्छ भन्ने भाव व्यक्त गरेको छ । त्यसैगरी उपन्यासको भौगोलिक परिवेशका रूपमा आएका घनघोर जङ्गल, आँधीबेहरी, कालो रात आदि प्राकृतिक पक्षहरूले बिम्बात्मक रूपमा हाम्रो समाजमा व्याप्त अशिक्षा, अन्धविश्वास, अन्याय, अत्याचार, शोषण, दमन जस्ता विकृति र विसङ्गतिहरूलाई जनाएका छन् ।

उपन्यासमा देश र जनताको लागि आफ्नो सर्वस्वसहित क्रान्तिको पथमा लागेका मुख्य पात्र मानसिंह  जनताको साथ र सहयोगले उच्चस्थानमा पुगेपछि अन्तिममा गएर व्यक्तिगत स्वार्थलिप्सा र भोग विलासको मोहमा चुर्लुम्म डुबेको देखाएर वर्तमान राजनीतिक नेताहरूको छविलाई प्रतीकात्मक रूपमा उदाङ्गो पारिएको छ । त्यस्तै प्रशासन कार्यालयद्वारा गरिब सुकुमबासीहरूको उठिवास लगाउन सिपाही फौज र हात्तीद्वारा उनीहरूको घर कटेरा भत्काइएका तथा आगजनीद्वारा बालबच्चा, बृद्ध बृद्धाहरूको चिहिलबिहिल पारिएका घटनाहरूले प्रतीकात्मक रूपमा तात्कालीन पञ्चे सरकारको मानवता विहीन क्रूर

मानसिकतालाई बिम्बात्मक रूपमा प्रस्तुत गरेको छ । यस्ता खाले विविध बिम्बप्रतीकहरूको प्रयोगले उपन्यासमा थप रोचकता र कलात्मकता थपेको छ ।

### ४.४.६.९ संरचना

प्रस्तुत उपन्यास छत्तीस भागमा संरचित तेह्र दशमलव दुइ से.मि. चौडाइ, एक्काइस दशमलव छ से.मि.लम्बाइ र एक दशमलव दुइ से.मि. उचाइ भएको दुईसय उनन्साठी पृष्ठमा संरचित बृहत् आकारको उपन्यास हो । यस उपन्यासको एक सय पैंतालीस पृष्ठमा कथावस्तु समेटिएको छ भने चौध पृष्ठमा उपन्यासको प्रकाशन, प्रकाशनका तर्फबाट लेख एवम् निनु चापागाई, आहुति, शारदा ढुंगाना आदिका भूमिकाहरूका साथै रणेन्द्र बरालीले पुस्तकका बारेमा लेखेको लेखलाई समावेश गरिएको छ । प्रस्तुत उपन्यासको सबैभन्दा लामो भाग उनान्तीसौ र सबैभन्दा छोटा प्रथम, सत्रौं र बिसौं भागहरू हुन् । सबैभन्दा लामो भाग चौध पृष्ठमा र सबैभन्दा छोटा भागहरू तीन तीन पृष्ठहरूमा आबद्ध रहेका छन् ।

यसरी खण्डगत रूपमा हेर्दा सन्तुलन नभएको प्रस्टै देखिने प्रस्तुत उपन्यासको बाह्य संरचनाको मुख आवरणमा चक्रभित्र एउटा मानव आकृतिको छाँया रहेको छ भने पछिल्लो आवरणमा उपन्यासकार रणेन्द्र बरालीको तस्विर सहित सङ्क्षिप्त व्यक्तिगत विवरणका साथै यस कृतिका बारेमा अन्य साहित्यकार तथा लेखकहरूले व्यक्त गरेका विचारका केही अंशहरू उल्लेख गरिएका छन् ।

### ४.४.६.१० निष्कर्ष

नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानबाट वि.सं. २०५६ सालमा प्रकाशित 'इतिहासको एक पैका' उपन्यास रणेन्द्र बरालीको जन सङ्घर्षमा आधारित उपन्यास हो । उपन्यासकार बराली नेपाली दलित मुक्ति आन्दोलनका एक सशक्त हस्ती पनि हुन् । उनी आँफै समेत समाविष्ट विगतका कैयौं शोषित पीडित वर्गको मुक्तिका लागि भएका कान्तिका विविध दृष्टान्तहरूलाई यस उपन्यासको अन्तर्वस्तुका रूपमा प्रस्तुत गरेका छन् । यसका साथै प्रस्तुत उपन्यासमा नेपालको दलित मुक्ति आन्दोलनका शीर्षस्थ हस्ती रूपलाल विश्वकर्मा 'मानसिंह 'को युद्धकालीन जीवनका विविध आरोह अवरोहहरू तथा जीवनको उत्तरार्ध समयमा उनमा आएको वैचारिक विचलनलाई पनि उपन्यासको प्रमुख अन्तर्वस्तुका रूपमा बरालीले प्रस्तुत गरेका छन् । कहीँ कतै लेखकीय कलाले कल्पनात्मक रूपमा

सिंगारिएको भए तापनि उपन्यासमा उल्लिखित अधिकांश घटना परिघटनाहरू यथार्थमै घटेका घटनाहरू हुन् र उपन्यासमा प्रयुक्त पात्रहरू पनि यथार्थ जीवनकै पात्रहरू हुन् , जसको छोपुवा नामहरूबाट उपन्यासमा प्रस्तुत गरिएको छ । वर्ग सङ्घर्षद्वारा नै सर्वहारा वर्गको अधिनायकत्व स्थापित हुन्छ भन्ने मार्क्सको द्वन्द्वात्मक भौतिकवादी मान्यता बोकेको प्रस्तुत उपन्यासमा शोषक र शोषित वर्गका बिचमा द्वन्द्वका विविध प्रसङ्ग र दृष्टान्तहरूलाई उपन्यासको अन्तर्वस्तुका रूपमा प्रस्तुत गरिएको छ । द्वन्द्व वा वर्ग सङ्घर्षको क्रान्तिकारी चेतना नै उपन्यासको मूल सन्देश हो ।

'इतिहासका एक पैका' उपन्यास दुईसय उनन्साठी पृष्ठको वृहत् आकारको उपन्यास हो । यस उपन्यासमा हाम्रो समाजमा विद्यमान जातीय विभेद, शोषण, अन्याय र अत्याचारका विविध स्वरूपहरूको चित्रण गर्नुका साथै यसका विरुद्धमा एकजुट भई अघि बढ्न समस्त शोषित पीडित दाजुभाइ दिदी बहिनीहरूलाई आह्वान गरिएको छ । समाजलाई सकारात्मक दिशातर्फ लैजान युवावर्गको कस्तो भूमिका रहन्छ ? कसरी सबैको हाइ हाइ भएर बसेको व्यक्ति आफ्नो लक्ष्य मार्गबाट विचलित भएर गलत बाटो अवलम्बन गर्दा ऊ सबैबाट तिरस्कृत हुन पुग्छ भन्ने जस्ता विषयवस्तुलाई विविध घटना र प्रसङ्गका माध्यमबाट उपन्यासमा देखाइएको छ साथै मार्क्सवादी विचारधाराबाट प्रभावित यस उपन्यासमा चितवनको कम्युनिष्ट आन्दोलनका विविध स्वरूप र मोडहरूलाई पनि प्रस्तुत गरिएको छ ।

प्रारम्भमा एक कुशल होनहार नेताका रूपमा तथा आफ्नै मातृभूमिमा शोषण, अन्याय र अत्याचारको चपेटामा पिल्सिएका गरिब, निमुखा जनताहरूको मुक्तिका लागि जीवनै समर्पण गरेर अहोरात्र खटिएका मानसिंहले जीवनको उत्तरार्धमा देखाएको स्वार्थलिप्सा, व्यक्तिवादी प्रवृत्ति आदिबाट वर्तमान सत्तासीन नेताहरूले उच्च ओहदामा पुगेपछि आँफूलाई त्यो स्थानसम्म पु-याउन योगदान गर्ने जनताहरूलाई चटक्क बिर्सदैं आफ्नो कर्तव्यबाट विमुख हुने प्रवृत्तिलाई लक्षित गर्दै त्यसप्रतिको यथार्थ व्यङ्ग्य प्रहार गरेका छन् ।

उपन्यासको शीर्षकको शाब्दिक अर्थ केलाउँदा 'इतिहास' शब्दले विगतमा भएका वा घटेका घटनाक्रमहरू तथा 'पैका' शब्दले योद्धा वा लडाकु भन्ने बुझाउँछ । जीवनको उत्तरार्धका केही समय बाहेक मानसिंहले आफ्नो सम्पूर्ण जीवन गरीब, शोषित पीडित जनताको हकहितका लागि युद्ध र क्रान्तिकै मार्गमा समर्पित गरेका थिए, तसर्थ नेपालको दलित मुक्ति

आन्दोलनका उनी एक पैका हुन् भने हाल उनको देहान्त भइसकेको कारण उनले नेतृत्व गरेको जातीय तथा वर्गीय आन्दोलन इतिहास बन्न पुगेको छ । तसर्थ मानसिंह नेपालको इतिहासका एक पैका
हुन् । उनकै जीवन कथामा आधारित भएकोले प्रस्तुत उपन्यासको शीर्षकलाई सार्थक मान्न सकिन्छ ।

समाजविकासको क्रमलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणवाट हेरिएको प्रस्तुत उपन्यासमा जीवन जगत्लाई पनि भौतिकवादी दृष्टिकोणले हेरिएको पाइन्छ । हाम्रो सामाजिक परिवेशमा प्रचलित कुनै पौराणिक प्रस• र मिथकहरूको चर्चा र उल्लेख उपन्यासमा पाइँदैन, कतिपय वस्तु र घटनाहरूलाई भने उपन्यासकारले प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् । समाजमा देखिएका कुरीति, शोषण र अन्य विसङ्गत तत्वहरूलाई औंल्याएर तिनको विरोध गर्ने तथा तिनलाई सुधार्नुपर्ने आकांक्षा राख्ने लेखन पद्धतिलाई ‘आलोचनात्मक यथार्थवाद’ भनिन्छ ।

प्रस्तुत उपन्यासमा समाजलाई आलोचनात्मक यथार्थवादी दृष्टिले विश्लेषण गरिएको छ । उपन्यासका कैयौं उपशीर्षक अन्तर्गत उल्लिखित घटनाक्रमहरूमा हाम्रो समाजमा देखिएका जातीय विभेद, सामन्ती, शोषण, अन्याय, अत्याचार, दमन आदि विकृति र विसङ्गतिहरूको चित्रण गरिएको छ । साथै जनविरोधी उच्छृङ्खल र व्यक्तिवादी प्रवृत्तिको भण्डाफोर गरी तिनीहरूसँग जुध्नुपर्ने चेतना पनि उपन्यासमा प्रदान गरिएको छ । कहीँकतै भाषाशैलीगत विचलन देखिए तापनि समग्रमा उपन्यासको भाषाशैली रोचक, सरल र सुबोध्य नै छ । हाम्रै सामाजिक, भौगोलिक, सांस्कृतिक र राजनीतिक परिवेशमा आधारित प्रस्तुत उपन्यासले एउटा ऐतिहासिक महत्वको कृतिका रूपमा स्थापित हुनसक्ने सम्भावना बोकेको
छ, जसमा समाविष्ट अन्तर्वस्तुहरूले भावी पुस्ताहरूलाई समेत नेपालको जातीय तथा वर्गीय मुक्ति आन्दोलनका हस्ती र तिनका योगदानहरू तथा आन्दोलनका स्वरूपहरूका बारेमा प्रसस्त जानकारीमूलक तथ्यहरू पस्कन सक्षम हुनेछ ।

## ४.५. नाटककार रणेन्द्र बरालीको ‘आफ्नै व्यथा’ नाटकको अध्ययन

## ४.५.१ नेपाली नाट्य परम्परा र नाटककार बराली

व्युत्पत्तिगत अर्थ पहिल्याउँदा नाटक शब्द 'नट्' धातुबाट बनेको हो । नट्को अर्थ हो भाव प्रदर्शन गर्नु । नट्को अर्थ अभिनेता पनि हुने हुनाले अभिनेताले गरेको विभिन्न अवस्थाहरूको अनुकरण नै नाटक हो ।[५४]

"वास्तवमा नाटक देश, काल र वातावरण विशेषसित सम्बन्धित नरनारीको जीवनलाई अभिनेता अभिनेत्रीहरूद्वारा वार्तालाप र कार्यको भरमा अभिनय गरेर देखाइने कला हो" ।[५५]

नाट्याचार्य भरत मुनिका अनुसार "नाटकमा लोक जीवनको अनुकरण हुन्छ, ती अनुकरण विभिन्न भाव र विभिन्न अवस्थाहरूबाट सुसम्पन्न हुन्छन् ।[५६]

नेपालमा नाट्य लेखन र मञ्चनको समृद्ध परम्परा रहे तापनि नेपाली भाषामा नाटकको लेखनकार्य पृथ्वीनारायण शाहको पालाभन्दा पनि धेरै पछि मात्र भएको पाइन्छ । त्यसभन्दा पहिले नाटक लेखिए पनि संस्कृत, हिन्दी, फारसी र नेवारी भाषामा लेख्ने अथवा अनुवाद र रूपान्तरण गर्ने परम्परा थियो । नेपालीमा अनूदित रूपमा देखापरेको पहिलो नाट्यकृति रणबहादुर शाहका दरबारिया पण्डित शक्तिबल्लभ अर्यालले संस्कृतमा लेखेको 'हास्यकदम्ब' शीर्षक प्रहसनको उनी आफैद्वारा वि.सं. १८५५ तिर गरिएको ठानिने अनुवाद हो र यो राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ ।[५७]

नेपाली नाटक यसपछि विभिन्न धारा र मोडहरू पार गर्दै प्राचीन कालदेखि अहिलेको अत्याधुनिक अवस्थासम्म आइपुगेको देखिन्छ । बालकृष्ण समको वि.सं.१९८६ सालमा प्रकाशित 'मुटुको व्यथा' नेपाली नाटकको क्षेत्रमा नयाँ युग जन्माउने कृति हो ।[५८]

'मुटुको व्यथा' नाटकबाट आधुनिक कालको शुरुवात भएयता आधुनिक कालमा पनि विभिन्न मोड र धाराहरू देखा परेको पाइन्छ । केशवप्रसाद उपाध्यायले आधुनिक काल अन्तर्गत पहिलो चरणमा आदर्शोन्मुख यथार्थवादी नाट्यधारा र दोस्रो चरणमा यथार्थवादी प्रयोगवादी र प्रगतिवादी नाट्यधारा पर्दछन् भनी उल्लेख गरेका छन् ।[५९] यसबाहेक पनि

---

५४ भानुभक्त पोखरेल, *सिद्धान्त र साहित्य* , पूर्ववत् , पृ.१६४ ।

५५ केशवप्रसाद उपाध्याय, *साहित्य प्रकाश,* पूर्ववत् , पृ. ६७ ।

५६ मोहनहिमांशु थापा, *साहित्य परिचय,* पाँचौ संस्करण,(ललितपुर:साझा प्रकाशन,२०६६) पृ.७१ ।

५७ केशवप्रसाद उपाध्याय, नेपाली नाटक र नाटककार,प्रथम संस्करण,(ललितपुर:साझा प्रकाशन,२०६१) पृ.४ ।

५८ भानुभक्त पोखरेल, सिद्धान्त र साहित्य , पूर्ववत् , पृ.१७८ ।

५९ केशवप्रसाद उपाध्याय, साहित्य प्रकाश,पूर्ववत, पृ.५४ ।

अन्य विभिन्न धारा र उपधारा अन्तर्गतका नाट्यकृतिहरू नेपाली नाटकको आधुनिक कालको हालसम्मको समयावधिमा लेखिएका पाइन्छन् ।

केशवप्रसाद उपाध्यायले उल्लेख गरेको प्रगतिवादी नाट्यधारा वर्तमान समयको अत्यन्तै चर्चित नाट्यधारा हो । यसधारा अन्तर्गत लेखिएका नाटकहरूमा सामान्यतया आर्थिक र सामाजिक शोषणका विषयहरू प्रस्तुत गरिन्छन् भने राजनैतिक क्रान्तिका विषयवस्तुहरू पनि समावेश हुने गर्दछन् । प्रगतिवादी नाट्यधारामा सामान्यतया सामन्त र साहुमहाजन खलपात्रका रूपमा रहन्छन् र निम्नवर्गीय किसान तथा मजदुर नायकका रूपमा देखिन्छन् ।[ज्ञद्दट] रणेन्द्र बरालीको "आफ्नै व्यथा" नाटकको विषयवस्तु, पात्र वा चरित्रहरू, नाटकको उद्देश्य, द्वन्द्व आदि सबै पक्षहरूलाई दृष्टिगत गर्दा यो नाटक प्रगतिवादी चिन्तन बोकेको नाटक हो भन्न सकिन्छ किनकि यस नाटकमा निम्नवर्गीय शोषित पीडित जनताको पीडाव्यथा र शोषक सामन्ती प्रवृतिलाई प्रमुख विषयवस्तु बनाइएको छ । साथै नाटकको अन्त्यमा शोषक एवम् उत्पीडकको पराजय र शोषित पीडितको विजय देखाइएको छ ।

## ४.५.२ नाटकका आधारभूत तत्वहरू

साहित्यका अन्य विधागत तत्वहरूका बारेमा जस्तै नाटकका तत्वहरूका बारेमा पनि विद्वान्हरूका बीचमा एकमत पाइँदैन । पूर्वीय र पाश्चात्य साहित्यका विद्वान्हरूले नाट्य तत्वहरूका बारेमा आफ्ना भिन्दा भिन्दै मतहरू अघि सारेका पाइन्छन् ।

आधुनिक प्रगतिवादी चिन्तन बोकेको यस नाटकको अध्ययन, विश्लेषण गर्न परम्परागत र शास्त्रीय सूत्रहरू मात्र पर्याप्त हुने देखिँदैन । यद्यपि उनको यस नाटक शास्त्रीयता र परम्परा भित्रैबाट नवीनता र प्रगतिशीलतातिर अग्रसर देखिन्छ । यसकारण प्रस्तुत अध्ययनमा बरालीको "आफ्नै व्यथा" नाटकको विवेचना गर्नका लागि निम्नलिखित तत्वहरूलाई मुख्य रूपले आधार बनाइएको छ :-

### ४.५.२.१ नाटक विश्लेषणका आधारहरू:-

क) लेखन , मञ्चन र प्रकाशन

ख) शीर्षक विधान

ग) द्वन्द्व विधान

### ४.५.२.२ नाटकीय तत्वहरू:-

६० केशवप्रसाद उपाध्याय, नेपाली नाटक तथा र·मञ्च, प्रथम संस्करण,(काठमान्डौ:विधार्थी पुस्तक भण्डार,२०५९) पृ.११३ ।

क) वस्तु विन्यास ( कथावस्तु ,

ख) चरित्र चित्रण

ग) द्वन्द्व विधान

घ) संवाद योजना

ङ) पर्यावरण / परिवेश

च) अभिनेयता

छ) शैली शिल्प

ज) जीवनदर्शन र उद्देश्य

यी तत्वहरूको सङ्क्षिप्त परिचय यसरी दिन सकिन्छ :-

## क) लेखन, मञ्चन र प्रकाशन

कुनैपनि कृतिको सर्वाङ्गीण पक्षबाट अध्ययन, विश्लेषण गर्नका लागि त्यसको लेखन, मञ्चन, प्रकाशन समय आदिका बारेमा ज्ञान हुनु आवश्यक मानिन्छ । यसबाट कृतिको सृजना कहिले र कुन परिवेशमा भएको हो र त्यसले लेखन वा सृजनयात्राको कुन विशिष्ट क्षणलाई प्रतिनिधित्व गर्छ भन्ने कुराको जानकारी हुनुका साथै यसबाट लेखकको सृजनशील यात्राको अन्तर्विकासलाई पनि अवलोकन गर्न सकिन्छ ।[ज्ञद्दठ]

## ख) शीर्षक विधान

नाटकमा मात्र नभई साहित्यका यावत् विधा अन्तर्गतका रचनाहरूमा उचित शीर्षक विधानको अपेक्षा गरिन्छ । शीर्षक विधान यस्तो हुनुपर्छ जसले समस्त रचना वा कृतिको भावलाई प्रतिनिधित्व गर्न सकोस् । नाटकमा पनि यसको कथावस्तु, परिवेश, पात्रविधान आदि यावत् तत्वहरूसँग मेलखाने खालको शीर्षक विधान हुनु आवश्यक मानिन्छ ।

## ग) दृश्य विधान

नाटक अभिनयका माध्यमद्वारा र·मञ्चमा प्रस्तुत गरिने दृश्यात्मक विधा हो । नाटकलाई खण्ड, अङ्क, दृश्य आदिमा विभाजन गरेर अङ्कभित्र दृश्यलाई व्यवस्थित गरिराख्नु दृश्यविधान हो । दृश्य विधान नाटक प्रस्तुत गरिने मञ्चको साजसज्जासँग सम्बन्धित पनि

---

६१ अमरनाथ न्यौपाने, *नाटककार गोपी सापकोटा र उनका नाट्य कृतिहरूको अध्ययन*,अप्रकाशित स्नातकोत्तर शोधपत्र,वीरेन्द्र बहुमुखी क्याम्पस,२०६२,पृ.५१।

छ । दृश्य विधान गर्दा नाट्यमञ्च कथावस्तु, पात्रहरूको भूमिका र नाटकमा प्रस्तुत गरिने यावत् पक्षहरूसँग मिल्दो जुल्दो तथा आकर्षक र कलात्मक हुनुपर्ने कुरामा ध्यान पु-याउनु पर्दछ । दृश्य विधान वा र·निर्देश नाटकको विशिष्ट पक्ष हो । यस अन्तर्गत नाटककारले कुन दृश्य, कुन स्थान, काल र परिवेशको हो त्यसको र कुन भाव (संवाद , को कुन किसिमवाट अभिनय गर्नुपर्ने त्यसको निर्देशन दिइएको हुन्छ ।[६२]

## घ) वस्तुविन्यास (कथावस्तु ,

आख्यानात्मक विधाहरूमा जस्तै नाटकमा पनि कथावस्तुको अत्यन्तै महŒवपूर्ण भूमिका
हुन्छ । यो नाटकको मूल आधार हो भने यसैको आधारमा पात्र, संवाद, देशकाल, वातावरण, भाषाशैली र उद्देश्य एवम् र·मञ्चको विकास हुन्छ । नाटकमा कथावस्तु विभिन्न स्रोतहरूबाट उद्धृत गर्न सकिन्छ । जस्तैः-पौराणिक, सामाजिक, पारिवारिक, राजनैतिक, ऐतिहासिक, स्वैरकाल्पनिक आदि । अरिस्टोटलको विचारमा कथावस्तु कार्य व्यापारको अनुकृति हो र त्यो घटनाको विन्यास हो ।[६३] नाटकमा एक मुख्य वा आधिकारिक कथा हुन्छ र त्यसका अन्तर्गत सहायक चरित्रहरूसँग सम्वन्धित उपकथा पनि हुन सक्छ ।[६४]

## ङ) चरित्र चित्रण

नाटकमा पात्र वा चरित्रहरूको अनिवार्य तथा सर्वोपरि भूमिका हुन्छ । नाटकीय कार्य व्यापार, भाव, विचार, द्वन्द्व आदि सबै अवस्थाहरू पात्र वा चरित्रकै माध्यमबाट प्रस्तुत गरिन्छ । चरित्रहरू प्रमुख र गौण गरी दुई थरीका हुन्छन् । प्रमुख चरित्रका रूपमा नायक, नायिका वा खलनायक हुन्छन् भने गौणमा अन्य सहायक भूमिका खेल्ने पात्रहरू हुन्छन् । पूर्वीय नाट्यमान्यता अनुसार नाटकमा मूलत : चार प्रकारका नायक हुनु पर्छ भनिएको छ । ती हुन् धीरोदात्त, धीरोद्धत, धीरललित र धीरप्रशान्त[६५] । साथै नाटकमा कर्म अनुसार

६२ केशवप्रसाद उपाध्याय, *साहित्य प्रकाश,*पूर्ववत्, पृ.७९ ।

६३ केशवप्रसाद उपाध्याय, नाटक र र·मञ्च, प्रथम संस्करण,(काठमाण्डौःरुमु प्रकाशन,२०५२) पृ.६४ ।

६४ केशवप्रसाद उपाध्याय, *साहित्य प्रकाश,* पूर्ववत्, पृ.७६ ।

६५ मोहनहिमांशु थापा, *साहित्य परिचय,* पूर्ववत् पृ. ८८ ।

नायिकाको मूलतः तीन भेद गरिएको पाइन्छ ती यस प्रकार छन् : स्वकीया, परकीया र सामान्या ।[ञघद्द] नायक नायिकाका यी भेदहरूका विभिन्न उपभेद गरिएको पनि पाइन्छ ।

चरित्र चित्रणका सामान्यतया दुई प्रणाली छन् : आदर्शवादी र यथार्थवादी । आदर्शवादी प्रणालीमा चरित्रलाई दोषरहित भएको र गुणै गुणले भरिएको सज्जनका रूपमा देखाइन्छ र यथार्थवादीमा गुण दोषयुक्त सामान्य मानिसका रूपमा देखाइन्छ ।[ञघघ] नाटकको चरित्र चित्रणमा स्वाभाविकता, विश्वसनीयता, क्रियाशीलता र जीवन्तता हुनु आवश्यक मानिन्छ ।

## च) द्वन्द्व विधान

नाटकका पात्र वा चरित्रहरूका बीचमा आ-आफ्नो उद्देश्य प्राप्तिका लागि हुने सङ्घर्षलाई नै द्वन्द्व भनिन्छ । नाटकमा विविध पक्षहरूको वीचमा द्वन्द्वको सृजना गर्न सकिन्छ जस्तैः- परम्परा र आधुनिकता, उचित र अनुचित, न्याय र अन्याय, प्रेम र घृणा, दैवी र आसुरी वृत्ति, सत् र असत् आदि । द्वन्द्व आन्तरिक र बा्य दुई प्रकारको हुन्छ । आन्तरिक द्वन्द्व मानव मनभित्र हुने वैचारिक र मानसिक द्वन्द्व हो भने बा्य द्वन्द्व नाटकका पात्रहरूका बीचमा सृजित हुने द्वन्द्व हो, जसको प्रत्यक्ष अनुभव नाटकका दर्शक वा पाठकहरूले गर्न सक्छन । द्वन्द्व नाटकमा प्राणतत्वका रूपमा रहन्छ । द्वन्द्व विनाको नाटक निर्जीव हुने हुनाले नाटकीय कथावस्तुमा द्वन्द्वको उचित विधान हुनु आवश्यक हुन्छ ।[ञघद्ध]

## छ) संवाद योजना

साहित्यका अन्य विधाहरूभन्दा नाटकको बेग्लै पहिचान बनाउने मूलतत्व संवाद नै हो, जसका माध्यमबाट नाटकीय कार्यव्यापारको सर्वाग्ीण विकास तथा जीवनदर्शन र उद्देश्यको प्रस्तुति हुन्छ । संवाद सरल, स्पष्ट र प्रभावशाली हुनुपर्छ अनि यसमा स्वाभाविकता रहनुपर्छ । जुन पात्र जुन वर्ग उमेर र स्तरको हुन्छ त्यसै अनुरूपको संवाद

---

६६ पूर्ववत् पृ. ८९ ।

६७ केशवप्रसाद उपाध्याय, *साहित्य प्रकाश,* पूर्ववत्, पृ.७८ ।

६८ केशवप्रसाद उपाध्याय, *साहित्य प्रकाश,* पूर्ववत्, पृ.७७ ।

वाञ्छनीय हुन्छ अनि भाषण जस्तो लामो-लामो संवाद झर्को लाग्ने हुँदा यो यथासम्भव छोटो हुनु पर्दछ ।[ज्ञघछ]

## ज) पर्यावरण / परिवेश

जुन स्थान, समय र परिवेशमा नाटकीय कार्यव्यापार घटित भएको देखाइन्छ, त्यसको चित्रणलाई नै नाटकको पर्यावरण वा परिवेश भनिन्छ । यसलाई देशकाल वातावरण भन्ने चलन पनि छ, जसको उचित  विन्यासले नाटकलाई विश्वसनीयता र प्रामणिकता प्राप्त हुन जान्छ । परिवेश वा वातावरणको माध्यमद्वारा नाटककारको आफ्नो चिन्तन पनि अभिव्यञ्जित हुन्छ तर चिन्तनद्वारा नाटकको वातावरणमा कलात्मक रूपमा आत्मसात् गरेको हुनु आवश्यक छ ।[ज्ञघट]

## झ) अभिनेयता

नाटकको विषयवस्तुलाई अभिनेता अभिनेत्रीहरूद्वारा र·मञ्चमा प्रस्तुतीकरण गर्ने कार्यलाई अभिनय भनिन्छ । नाटकको अनिवार्य तत्वहरूमध्ये अभिनेयता पनि एक हो । नाटकका पात्रहरूका विशेषता, भावको प्रस्तुति र विविध कार्यव्यापारहरू अभिनयका माध्यमबाट प्रस्तुत हुन्छ । अवस्थाको अनुकरण अभिनय हो, यो चारप्रकारको हुन्छ । आ·िक अभिनय, वाचिक अभिनय, आहार्य अभिनय र सात्विक अभिनय ।[ज्ञघठ] अभिनय यस्तो तत्व हो जसले नाट्यकाव्यलाई श्रव्य वा पाठ्य काव्यबाट छुट्टयाउँछ । अभिनय पक्ष नहुने हो भने दृश्य वा नाट्य काव्य र श्रव्य वा पाठ्य काव्यमा कुनै अन्तर रहँदैन ।[ज्ञघड]

## ञ) शैली शिल्प

नाटकको शैलीशिल्प सरल, सुबोध तथा लालित्यमय हुनुपर्दछ । भाषशैलीको उचित संयोजनबाट नै नाट्यकृति उच्चस्तरको बन्न पुग्दछ । भाव शैलीका दृष्टिले प्रसं· हेरी नाटकमा भावात्मक शैली, विचारात्मक शैली र तार्किक शैली आदिको प्रयोग गर्न सकिन्छ

---

६९ पूर्ववत्, पृ.७९ ।

७० मोहनहिमांशु थापा, *साहित्य परिचय,* पूर्ववत् पृ. ९६ ।

७१ भानुभक्त पोखरेल, *सिद्धान्त र साहित्य,* पूर्ववत् , पृ.१६८ ।

७२ केशवप्रसाद उपाध्याय, *नाटक र र·मञ्च,* पूर्ववत् , पृ. ५५ ।

तर नाटकमा प्रस्तुतिका कठिन या जटिल र क्लिष्ट शैलीको प्रयोग गर्नु हुदैन ।[७३] नाट्य वस्तुलाई सङ्गठित रूप दिन बाय र आन्तरिक दुई स्तरको संरचना प्रविधि अँगालिन्छ । जसका लागि विशिष्ट प्रकारको संरचना कौशल वा सीप अपेक्षित हुन्छ ।[७४]

### ट) जीवनदर्शन र उद्देश्य

कुनैपनि नाट्यकृतिको मूल उद्देश्य जीवनजगत्का विविध पक्षहरूको चित्रण गर्दै धार्मिक, सामाजिक र नीतिपरक आदि जीवनोपयोगी सन्देशहरू दर्शक पाठकमाझ प्रेषित गर्नु हो । नाटकमा जीवनजगत्को कुन कुन पक्ष समेटिएको छ, जीवनलाई कसरी प्रस्तुत गरिएको छ र कुन दृष्टिकोणबाट हेरिएको छ भन्ने प्रश्नहरूको गहिरिएर अध्ययन अवलोकन गर्दा उक्त नाट्यकृतिले प्रस्तुत गर्न खोजेको जीवनदर्शनका बारेमा ज्ञात हुन्छ ।

कलात्मक परिधानद्वारा अभिव्यञ्जित गर्न खोजिएको लेखकको जीवनजगत् सम्बन्धी कुनै न कुनै दृष्टिकोण नै नाटकको उद्देश्य हो र त्यो नाटकका तमाम रचना प्रक्रियाद्वारा अभिव्यक्त भै रहेको हुन्छ ।[७५]

यसप्रकार नाट्यविवेचनाका यिनै मूल आधारभूत तत्वहरूलाई आत्मसात् गर्दै रणेन्द्र बरालीको ‘आफ्नै व्यथा’ नाटकको विश्लेषण गरिन्छ ।

## ४.५.३ ‘आफ्नै व्यथा’ नाटकको विवेचना

### ४.५.३.१ लेखन, मञ्चन र प्रकाशन

‘आफ्नै व्यथा’ नाटक वि.सं. २०५३ सालमा लेखिएको हो र यो नाटक प्रकाशन हुनुपूर्व चितवनमा मञ्चन पनि गरिएको थियो । पुस्तकाकार रूपमा प्रकाशित हुनुपूर्व यो नाटक चितवनबाट प्रकाशित हुने जातीय मुक्ति आन्दोलनको संवाहक पत्रिका **परिश्रमी** त्रैमासिक

(२०५३ , बाट धारावाहिक रूपमा पाँचौ भागसम्म प्रकाशित भएको थियो, पछि

---

७३ भानुभक्त पोखरेल, *सिद्धान्त र साहित्य,* पूर्ववत् , पृ.१७० ।

७४ केशवप्रसाद उपाध्याय, *नाटक र रङ्गमञ्च,* पुर्ववत् , पृ. ७२ ।

७५ भानुभक्त पोखरेल, *सिद्धान्त र साहित्य,* पूर्ववत् , पृ.१७० ।

वि.सं.२०५६ सालमा नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानबाट यो नाटक पुस्तकाकार रूपमा प्रकाशित भएको हो ।

### ४.५.३.२ शीर्षक विधान

यो नाटकको शीर्षक ँआफ्नै व्यथा' राखिएको छ । आफ्नै शब्द ँनिजत्व' बुझाउने शब्द हो भने व्यथा शब्दले दुःख, पीडा, वेदना, मर्म आदिलाई बुझाउँछ । शाब्दिक रूपमा ँआफ्नै व्यथा' शब्दको अर्थ आहू स्वयंले भोगेको वा महसुस गरेको दुःख पीडा र मर्म हो । यस नाटकका रचनाकार स्वयं पनि दलित जातिका भएकाले आफ्नै जीवन भोगाइका कटु यथार्थलाई उनले यस नाट्यकृतिका विविध पाटाहरूमा समावेश गरेका छन् । पुरातनवादी सामन्ती संस्कार, शोषण र विभेदको रेखामुनि पिल्सन विवश हाम्रै समाजका दुःखी ,गरिब र पीडित दाजुभाइ दिदी बहिनीहरूको कथाव्यथालाई समेटेर लेखिएको यस नाट्यकृतिको शीर्षक ँआफ्नै व्यथा' निकै सार्थक, प्रतीकात्मक र सन्देशमूलक रहेको छ ।

### ४.५.३.३ दृश्य विधान

यस नाटकलाई विभिन्न भाग अन्तर्गतका भिन्दा भिन्दै दृश्यहरूमा विभाजन गरी क्रमशः नाटकमा प्रस्तुत गरिएको छ । भाग १ अन्तर्गत मोहनेको परिवार र मुखियाको घरको दृश्य, दोस्रो भाग अन्तर्गत गाउँको विद्यालय, मोहनेको परिवार, जिम्वालको खेत रोपाइँ, मुखियाको घर, देउरालीको चौतारो आदिको दृश्य, तेस्रो भाग अन्तर्गत मधेशको दृश्य, विद्यालय, दोभानको हाँट र गाउँको बजारको दृश्य, चौंथो भाग अन्तर्गत बस प्रतीक्षालय, दुर्गा मन्दिर, रणसिंह र पार्वतीको वार्तालाप, पुस्तक पसल आदि दृश्य, पाँचौ भाग अन्तर्गत अदालतको दृश्य, न्यायधीश र वकिलहरूको दृश्य, चौतारोको दृश्य आदि, छैंटौं भाग अन्तर्गत प्रहरी कार्यालयको दृश्य, प्रहरी एस.पी. क्वाटरको दृश्य, पार्वतीको घर, मोहनेको गाउँ, ठूला सभाहरू सम्पन्न हुने विद्यालयको चौतारो, सार्वजनिक टेलिह्रोन अह्रिस, रणसिंह र पार्वतीको कान्तिकारी विवाह सम्पन्न भएको दृश्य आदि मार्हत प्रत्यक्ष रूपमा दृश्य विभाजन गरी बाइसवटा दृश्यहरू कलात्मक तरिकाले नाटकमा संयोजन गरिएका छन् ।

### ४.५.३.४ वस्तु विन्यास (कथावस्तु ,

समाजका यथार्थ घटना र परिघटनाहरू कथावस्तुका रूपमा प्रस्तुत **आफ्नै व्यथा** नाटक एउटा सामाजिक समस्यामूलक नाटक हो । संरचनात्मक रूपमा भाग १, २, ३, ४, ५, ६ वटा भाग र अनेकौं दृश्यहरूमा नाटकको कथावस्तुलाई प्रस्तुत गरिएको छ । यद्यपि

सैद्धान्तिक नाट्य मान्यताअनुरूपको नभए तापनि छिटो छरितो र छोटो आयाम तथा विषयवस्तुगत दृष्टिले संरचनात्मक सशक्तता ओगट्न पुगेको प्रस्तुत नाटकभित्र पनि सानो उपनाटक समावेश गरिएको पाइन्छ ।

**भाग १, २**

नाटकको भाग १ र २ मा मोहनेको परिवारले पहाडमा छँदा भोगेको दुःख कष्टलाई प्रमुख कथावस्तु बनाइएको छ । मोहने दासत्व, जातीय विभेद र दमनको क्रूरतामा पिल्सिएको एउटा पात्र हुन्छ, जसकी श्रीमती र सन्तानहरूले समेत उससँग क्रूर नियतिको सामना गर्दै जीवन झेल्नु परेको हुन्छ । सानो बालक छोरो रणसिंह विद्यालयमा समेत तल्लो जातको भनेर हेपिन विवश हुन्छ । आफूमाथि भएको अत्याचारको विरोधमा दुईचार शब्द पनि बोल्न नपाउँदै मोहनेको परिवार सर्वस्वहरण सहित गाउँ निकाला भएर आश्रयको खोजीमा मधेशतिर
झर्दछ ।

**भाग ३**

भाग ३ मा मधेश झरेपछिका घटनाक्रमहरू कथावस्तुका रूपमा आएका छन् । छातीभरि वेदना र माथाभरि सन्तापको गाथा बोकेको मोहने दुःखको भारी बिसाउन मधेश पुगेको थियो । आधा पेट खाएर एउटा रुखको फेदमा बसेर भए पनि छोरालाई स्कूल पढ्न पठाउँछु भन्ने सोच बोकेको मोहनेले निमेक गरेर छोरो रणसिंहलाई स्कूल पढाउँछ । मधेशमा पनि सोचेजस्तो सहज जीवनयापन गर्न मोहनेको परिवारलाई धौंधौ पर्छ । त्यहाँ पनि पहाडमा जस्ता शोषक सामन्तहरूको कमी हुँदैन । मोहनेकी जहान लछिना असाध्य पीडा र वेदनाले कुण्ठित भएर मृत्युवरण गर्न पुग्दछे भने अलिक सचेत तथा प्रगतिशील सोच राख्ने मोहनेको छोरो रणसिंह गाउँका भद्रभलादमी ठूलाबडाहरूको आँखाको कसिङ्गर बन्न पुग्दछ । शिक्षाको मन्दिर भनिने विद्यालयमा पनि रणसिंहमाथि अत्यन्त हेयव्यवहार गरिन्छ । उसले छोएको पानीको गाग्रो फुटाइन्छ, शिक्षित भनाउँदा तागाधारी शिक्षकहरू तथा आफ्नै सहपाठीहरूद्वारा रणेमाथि जातपातको छेडो हानिन्छ । स्कूलबाट लगिएको वनभोज कार्यक्रममा रणे र उसका केही समर्थक दलित साथीहरू मिलेर वनभोजको भतेर पाकिरहेको ठाउँमा गई ठूलाबडा र चोखा भनाउँदा शिक्षक र साथीभाइहरूको सेखी झार्न भनेर पक्वानको भाँडा छोइदिन्छन्, त्यसपछि त्यहाँ एउटा ठूलै खैलाबैला र हात हालाहालको स्थिति समेत सृजना हुन पुग्दछ ।

**भाग ४**

शहरको क्याम्पस आवतजावत गर्ने क्रममा रणसिंहलाई स्कूलमा पढाउने उप्रेती गुरुकी छोरी पार्वती रणसिंहकी नजिककी साथी तथा हितैषी बन्न पुग्छे, जसकारण रणसिंह उप्रेती गुरु तथा गाउँका अन्य ठूलाबडाहरूको आँखी भएको हुन्छ ।

सार्वजनिक स्थानमा समान व्यवहार हुनु, कानुनी हक र मावनीय अधिकार हो भन्ने कुरा रणसिंहले गाउँलेहरूलाई विभिन्न अवसरमा बुझाइराखेको थियो, जसको फलस्वरूप रणसिंहकै नेतृत्वमा एक हुल दलितहरू हातमा पूजा अर्चनाका सामान लिएर मन्दिर प्रवेश गर्न खोज्छन् । तब पण्डित उप्रेती गुरु जस्ता भद्रभलादमीहरूले त्यस कार्यको घोर विरोध गर्छन् र त्यहाँ मारामारको स्थिति सृजना हुन्छ ।

पार्वती र रणसिंह सामाजिक न्यायप्रति समभाव तथा सहानुभूति राख्ने भएकाले एकअर्कालाई समर्थन गर्दथे । त्यो देखेर उनीहरू दुईको सम्बन्धका बारेमा गाउँलेहरूले हुने नहुने कुरा गर्न थालेका थिए । गाउँको आवारा किशोर भन्ने केटाले त बदनाम गर्ने नियतले सँगै हिँडेका बखत थाहा नपाउने गरी पार्वती र रणसिंहको फोटो खिचेर देखाउँदै हिँडेको हुन्छ ।

**भाग ५**

यस भागमा दशैं आउन लागेकाले गाउँमा केही रौनक देखिन्छ । एउटा सांस्कृतिक समूहले मञ्चन गरेको सामाजिक चेतनामूलक नाटक प्रदर्शन भएको हुन्छ । पार्वती र रणसिंह कसैको धक नमानीकन अघिल्लो पङ्क्तिमा सँगै बसेर नाटक हेर्छन् । नाटक राती अबेर मात्र सकिन्छ । त्यसपछि पार्वती र रणसिंह बाटोछेउको चौतारीमा बसेर आ-आफ्ना मनको भावना व्यक्त गर्न थाल्दछन् ।

विविध आरोह, अवरोह र समाजका बाधा व्यवधानका बीचमा पनि रणसिंह र पार्वतीबीच प्रेमको अङ्कूरण पलाउन लागेको हुन्छ । दुवैले आ-आफ्ना मनका बह पोख्दै भविष्यका योजना बनाइरहेका बखत चियो गर्दै हिँडेको गाउँको आवारा केटो किशोरे र उसका उच्छृङ्खल साथीहरूले हो-हल्ला गर्दै पार्वती र रणसिंहको बदनाम गर्ने मनसायले मनपरी बोल्न र आरोप लगाउन थाल्छन् । यसैबीच गस्तीमा हिँडेका प्रहरीहरू त्यहाँ पुग्छन् र पार्वती, रणसिंह र अरू केटाहरूलाई समातेर अनुसन्धानका लागि प्रहरी कार्यालयमा ल्याउँछन् ।

**भाग ६**

छैटौं भागमा विशेष गरेर प्रहरी खोरमा रणसिंह र पार्वतीले पाएको चरम दुर्व्यवहार र यातनालाई कथावस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

पार्वतीको बाबु र इन्स्पेक्टर मिलेर रणसिंहका विरुद्ध षड्यन्त्रको जालो बुन्न थाल्छन् । उमेर नपुगेकी केटीलाई ललाइफकाई सुन, चाँदी, नगद सम्पत्ति समेत हातपारी विदेश बिक्री गर्न लैजाँदै गर्दा बीच बाटामा समाती कारवाहीका लागि बुझाएको भन्ने झुटो जाहेरी प्रहरी कार्यालयमा दर्ता हुन्छ। चौकीमा रणसिंह र पार्वतीलाई अमानवीय यातना दिएर राखिन्छ । अभियुक्त साबित नभएको केशको काण्डमा हत्या गर्ने र हतियार लुट्ने भनेर नकबोलेसम्म तिघ्रा झार्ने, पैताला पोल्ने, करेन्ट लगाउने जस्ता यातना रणसिंहलाई दिइन्छ भने पार्वतीलाई रणसिंहले आफूलाई ललाइफकाइ विदेशमा बेच्न लगेको हो भनेर सही गर्न लगाइन्छ । सही गर्न नमान्दा गङ्गा भन्ने महिला इन्स्पेक्टरबाट उसलाई पनि लुगा खोलेर नाङ्गै बनाइदिने, कपाल लुछ्ने, मनपरी बोल्ने, संवेदनशील अङ्गमा हिर्काउने जस्ता यातना दिइन्छ ।पछि महिला समूह आएर पार्वतीलाई रिहा गरी घरमा लैजान्छन् । घरमा पनि सौतेनी आमा र बाबुबाट ऊ प्रताडित हुँदै अर्धपागल जस्तै बन्छे र आत्महत्या गर्न भनी आधारातमा घरबाट निस्कन्छे ।

उता रणसिंहलाई अभियोग लगाउन दरिलो प्रमाण नपुगेको र मुलुकमा थुप्रै रक्तपातपूर्ण युद्ध चलेको बेला निर्दोष व्यक्तिलाई थुन्दा जनता जुर्मुराएर जाग्लान् भन्ने डरले माथिबाटै रिहा गर्नु भन्ने आदेश आएकाले रणसिंह रिहा हुन्छ । आत्महत्या गर्न खोलामा हेलिएकी पार्वतीलाई उसले भेट्टाउँछ र बचाएर आफ्नो घरमा ल्याउँछ । रणसिंहको बा मोहने छोराले बाहुनकी छोरीलाई आफ्नो घरमा ल्याएको देख्दा झसङ्ग हुन्छ ।

पार्वती शर्मा र रणसिंह नेपालीको अन्तरजातीय विवाह घोषणा हुने भन्ने शीर्षकका समाचारपत्रहरू व्यापक रूपमा छापिन्छन् । दलित जनसमाजले एउटा क्रान्तिकारी सभाको आयोजना गरी रणसिंह र पार्वतीको विवाह गर्ने तारतम्य मिलाएको हुन्छ ।

पार्वतीको बुवा उप्रेती शर्मा लाठीधारी गुण्डाहरू लिएर विवाह बिथोल्न सभामा उपस्थित हुन्छ तर असफल हुन्छ । त्यसपछि मन्त्रालयको सचिव भान्जो र जी.एम. भाइसँग हारगुहार माग्छ तर उनीहरूबाट पनि केही सहयोग पाउँदैन । पार्वती र रणसिंहको विवाह क्रान्तिकारी र सुधारवादी  तरिकाबाट पानस बालेर सम्पन्न गरिन्छ।यही नै **आफ्नै व्यथा** नाटकको मूल कथावस्तु रहेको छ।

प्रस्तुत नाटकको कथावस्तु हाम्रै सामाजिक धरातलबाट लिइएको छ । समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, विभेद, जातीय छुवाछुत प्रथा जस्ता विकृति र विसङ्गतिहरूको चिरफार गर्दै त्यसको समूल अन्त्यका लागि सबै शोषित पीडितवर्ग एकजुट भई क्रान्तिको मार्गमा लाग्ने प्रेरणा नाटकीय कथावस्तुबाट प्राप्त हुन्छ । प्रारम्भ, प्रयत्न, प्राप्त्यासा, नियताप्ति र फलागम जस्ता पाँच अवस्थाहरू पार गर्नुपर्ने सैद्धान्तिक मान्यता अनुरूप नै नाटकको कथावस्तु अघिबढेको छ ।

६ वटा भाग तथा अनेकौं दृश्यहरूमा नाटकको कथावस्तु विभाजन गरी प्रस्तुत गरिएको

छ । नाटकीय कथावस्तुका आधिकारिक र प्रासङ्गिक दुई प्रभेद अनुरूप नै प्रस्तुत नाटकमा यसको संयोजन गरिएको छ । नाटकको मूल कथावस्तुका रूपमा रणसिंहको परिवार र गाउँका सामन्त, आधुनिक, अग्रगामी र क्रान्तिकारी विचारधारा बोकेका रणसिंह र पार्वती जस्ता युवावर्ग र सामन्ती संस्कार लाद्नखोज्ने  पुरातनवादी बिचको द्वन्द्व अनि खिचातानीका विविध स्वरूपहरू आएका छन् भने प्रासङ्गिक कथावस्तुका रूपमा मोहनेका परिवारले पहाड र मधेस छँदा भोगेका दुःख कष्टका दृष्टान्तहरू, रणसिंह र पार्वतीको प्रेम प्रसङ्ग, रणसिंहको विद्यालय र क्याम्पस जीवनमा घटेका विविध घटनाक्रम, रणसिंह र पार्वतीको विवाह प्रकरणका साथै नाटकभित्रको सानो उपनाटक पनि प्रासङ्गिक कथावस्तुका रूपमा समावेश गरिएको छ ।

नाटकमा प्रस्तुत विविध भाग र दृश्य अन्तर्गत कतै एउटै कथावस्तुलाई निरन्तरता दिइएको छ भने कतै फरक र प्रासङ्गिक कथावस्तुहरू प्रस्तुत गरिएका छन् । कुनै प्रासङ्गिक कथावस्तु लामा र कुनै ज्यादै छोटा हुँदा यिनमा संरचनागत एकरूपता पाइ"दैन

।

समग्रमा नाटकको कथावस्तु सरल, सङ्क्षिप्त, स्वाभाविक, कौतुहलवर्धक तथा हाम्रै सामाजिक र भौगोलिक परिस्थितिसँग मेलखाने हुँदा अभिनय र मञ्चनका लागि सहज र उपयुक्त हुने खालको छ भन्न सकिन्छ ।

## ४.५.३.५ चरित्र चित्रण

‘आफ्नै व्यथा’ नाटक बहुलपात्रहरूको भूमिका रहेको नाटक हो । यस नाटकको प्रारम्भिक भागहरूमा रणसिंहको बाबु मोहनेले प्रमुख भूमिका निर्वाह गरेको भए तापनि मध्य

भागदेखि रणसिंहको प्रमुख भूमिका रहेको र ऊ एउटा बहादुर, क्रान्तिकारी, नयाँ उत्साह उमङ्ग, जोश र जाँगर भएको, नव युगको प्रतिनिधित्व गर्न सक्ने क्षमता भएको युवक हुनाले नायकका रूपमा रणसिंहलाई नै लिनु उचित हुन्छ । यस नाटकको प्रमुख सहायक भूमिकामा 'पार्वती' भन्ने नारीपात्र आएकी छ जो यस नाटककी नायिका हो । यसैगरी अन्य सहायक र गौण भूमिकामा पनि नाटकमा धेरैजना पात्रहरू आएका छन् ।

**'आफ्नै व्यथा' नाटकको पात्रविधान सम्बन्धी तालिका**

| क.सं. | पात्र | कार्य/भूमिका | प्रवृत्ति | स्वभाव | जीवनचेतना | लिं· | आसननता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | रणसिंह | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | पुरुष | मञ्चीय | बद्ध |
| २ | पार्वती | प्रमुख सहायक | अनुकूल | गतिशील | वर्गीय | स्त्री | मञ्चीय | बद्ध |
| ३ | मोहने | सहायक | अनुकूल | गतिशील | प्रतिनिधि | पुरुष | मञ्चीय | बद्ध |
| ४ | उप्रेतीगुरु | सहायक | प्रतिकूल | स्थिर | प्रतिनिधि | पुरुष | मञ्चीय | बद्ध |
| ५ | लछिना | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |
| ६ | थापासर | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | पुरुष | नेपथ्य | मुक्त |
| ७ | इन्सपेक्टर | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ८ | किशोरे | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | पुरुष | मञ्चीय | बद्ध |
| ९ | गङ्गा | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | स्त्री | मञ्चीय | बद्ध |

**क) प्रमुख पात्र**

**अ) रणसिंह -** रणसिंह **आफ्नै व्यथा** नाटकको प्रमुख नायक पात्र हो । समाजमा आमूल परिवर्तन ल्याउन खोज्ने ऊ एक क्रान्तिकारी तथा शिक्षित पात्र हो । कथित तल्लो जात

भएर जन्मनुको कारण ऊ बाल्यकालदेखि युवावस्थासम्म नै समाजका ठूलाबडा सामन्तीहरूबाट सधैँ शोषित र पीडित हुन पुग्दछ । यसकारण पनि ऊभित्र यो समाजमा विद्यमान विभेदप्रति तीव्र विद्रोह जागृत हुन पुग्दछ । जबरजस्ती झूटो अभियोगमा फसाउनका निम्ति निर्मम यातना दिएर सही गराउन खोज्दा ऊभित्रको स्वाभिमानले उसलाई झुक्न दिँदैन । फलस्वरूप प्रहरी अधिकृतहरूले नै आजित भएर उसलाई स-सम्मान रिहा गरिदिन्छन् । सत्यको सधैँ जित हुन्छ भनेझैँ अन्तिममा उसको जित भएको नाटकमा देखाइएको छ । नाटकका पात्रहरूको शैली वैज्ञानिक वर्गीकरणका आधारमा हेर्दा रणसिंह भूमिकाको दृष्टिकोणले प्रमुख ,प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवनचेतनाको आधारमा वर्गीय, लिङ्का आधारमा पुरुष, आसन्नताको आधारमा मञ्चीय र आबद्धताको आधारमा बद्ध पात्र हो । सामन्ती शोषकहरूको पराजय र क्रान्तिकारी र सुधारवादी सोच भएकाहरूको विजय पश्चात् रणसिंह आफ्नी प्रेमिकासँग विवाह बन्धनमा बाँधिन पुग्छ । समग्रमा रणसिंह प्रस्तुत नाटकको नायक तथा एउटा सत् पात्र हो ।

**ख) प्रमुख सहायक पात्र**

**अ) पार्वती -** पार्वती यस नाटककी नायिका तथा रणसिंहकी प्रेमिका र उप्रेती शर्माकी छोरी हो । ऊ पनि रणसिंह जस्तै क्रान्तिकारी विचारधारा बोकेकी शिक्षित युवती हुन्छे । उच्च ब्राmण परिवारकी छोरी भएर एउटा निम्न जातको केटा रणसिंहसँग प्रेम गर्नका कारण ऊ जेलको चरम दुर्व्यवहार र यातना सहन बाध्य हुन्छे । तर जस्तै आपत् आइलागे पनि आफ्नो प्रेमी रणसिंहको साथ नछोड्ने हठी र स्वाभिमानी नारीका रूपमा ऊ यस नाटकमा परिचित
छ । जेलबाट छुटेपश्चात् पनि बाबु र सौतेनी आमाको दुर्व्यवहारले पीडित भएर आत्महत्या गर्ने प्रयास समेत गर्न पुग्छे, तर रणसिंहको आगमनले ऊ बाँच्न सफल हुन्छे । नाटकका पात्रहरूको शैली वैज्ञानिक वर्गीकरणका आधारमा हेर्दा पार्वती भूमिकाको दृष्टिकोणले प्रमुख सहायक, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवनचेतनाको आधारमा वर्गीय, लिङ्का आधारमा स्त्री, आसन्नताको आधारमा मञ्चीय र आबद्धताको आधारमा बद्ध पात्र हो । समग्रमा ऊ कान्तिकारी विचारधारा बोकेकी शिक्षित युवतीका साथै मानवीय संवेदना भएकी प्रगतिशील, असामान्य प्रवृत्ति र व्यक्तिगत जीवन चेतना भएकी नारी पात्र हो ।

**ग) सहायक पात्रहरू**

**अ) मोहने -** मोहने रणसिंहको बाबु हो । अछुतजात हुनाको कारण ऊ र उसको परिवार हरबखत ठूलाबडा सामन्तहरूबाट शोषित र पीडित भइरहनु पर्दछ । फलस्वरूप ऊ आफ्नो पुर्ख्यौली थलो पहाड छाडेर मधेशतिर बसाइँ सर्न विवश हुन्छ । यही समाजको दासत्वबाट पीडित उसकी जहान लछिना पनि अकालमै मृत्युवरण गर्न पुग्छे । बुढेसकालको सहारा छोरो रणसिंह जसलाई ऊ ज्याला मजदुरी गरेर पनि पढाएर शिक्षित बनाउन सक्षम हुन्छ, त्यही छोरो रणसिंहलाई पनि गाउँका शोषकहरूले अनेक तरहका यातना दिंदा ऊ विक्षिप्त बन्न पुगेको हुन्छ । समग्रमा मोहने पनि यस नाटकको एउटा सत् पात्र हो जो जीवनभर सामन्त शोषकहरूबाट प्रताडित भएर बाँच्नुपरेको हुन्छ ।

**आ) उप्रेती शर्मा -** उप्रेती शर्मा गाउँको पढेलेखेको भलाद्मी र पेशाले शिक्षक हुन्छ । परम्परावादी, यथास्थितिमा रमाउने ऊ समग्र नाटकभरि नै खलपात्रको भूमिकामा देखा पर्दछ । विद्यालयको शिक्षक जस्तो मर्यादित पेशाको व्यक्ति भएर पनि उसले विद्यार्थीहरूबीच जातभातका आधारमा भेदभाव गर्नु, बेकसुर रणसिंहलाई झूटो अभियोगमा फसाउँन खोज्नु, आफ्नै छोरी पार्वतीलाई कान्छी श्रीमतीसँग मिलेर चरम यातना दिनु जस्ता क्रियाकलापले ऊ खलनायक पात्र हो भन्न सकिन्छ ।

**घ) गौण पात्रहरू**

**अ) लछिना -** यस नाटकमा लछिना रणसिंहकी आमा र मोहनेकी श्रीमती हुन्छे । लछिना अनुकूल, स्थिर, वर्गीय, मञ्चीय, बद्ध नारी पात्र हो । तल्लोजात हुनाका कारण आजीवन शोषित पीडित यो पात्रको मृत्यु पनि सामाजिक तिरस्कार र शोषक प्रवृत्तिका कारण नै हुन्छ ।

**आ) थापासर -** थापासर भन्ने पात्र स्कूलका मास्टर हुन् । उनी जातभातको भेदभाव नगर्ने, सबैमा समभाव राख्ने, प्रगतिशील विचारधाराका व्यक्तिका रूपमा देखा पर्दछन् । समग्रमा उनी अनुकूल, स्थिर, व्यक्तिगत, नेपथ्य, मुक्त र पुरुष पात्र हुन् ।

यसैगरी इन्सपेक्टर, किशोरे र गङ्गा नाटकमा खलपात्रका रूपमा, गौण भूमिकामा आएका पात्रहरू हुन् । इन्स्पेक्टर उप्रेतीसँग मिलेर निर्दोष रणसिंहलाई झूटो अभियोगमा फसाउन खोज्ने असत् भूमिकामा नाटकमा देखापर्दछ भने किशोरे गाउँका मुन्द्रे कुण्डले गुण्डाहरूको नाइकेका रूपमा नाटकमा देखापर्दछ, जसले पार्वती र रणसिंहलाई अनेक

प्रकारले दुःख दिइरहन्छ भने गङ्गाले यस नाटकमा महिला इन्सपेक्टरको भूमिका निर्वाह गरेकी छ । यो दोषीको पक्षपोषण गर्दै निर्दोषलाई यातना र सजायँ दिने असत् प्रवृत्तिकी नारी पात्र हो । यस नाटकमा गौंण भूमिका निभाउने अन्य पात्रहरूमा भुवनेश्वर, कटुवाल काइँला, न्यायाधीश, पसले, सावित्री आदि पनि पर्दछन् । यसैगरी गाउँलेहरू आमा समूहका महिलाहरू तथा विवाह समारोहका सहभागीहरू समूहगत तथा अप्रत्यक्ष भूमिकाको रूपमा नाटकमा आएका छन् ।

विविध खाले पात्रहरूको प्रयोग गरिएको प्रस्तुत नाटकका केही प्रमुख र सहायक पात्रहरूको मनोविश्लेषणात्मक वा आन्तरिक चरित्रको निरूपण गर्न निम्नलिखित आधारमा विश्लेषण गरिएको छ :-

| **क.सं** | **पात्र** | **व्यवहार** | **प्रकृति** | **समायोजन** | **अभिवृत्ति** | **व्यक्तित्व** | **संवेगात्मक परिपक्वता** | **मानसिक अन्तर्द्वन्द्व** | **मानसिक अवस्था** |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | रणसिंह | सुस•त | सहज | समायोजित | बहिर्मुखी | सन्तुलित | परिपक्व | अन्तर्द्वन्द्व रहित | अविकृत |
| २. | पार्वती | सुस•त | सहज | समायोजित | बहिर्मुखी | सन्तुलित | परिपक्व | अन्तर्द्वन्द्व रहित | अविकृत |
| ३. | मोहने | सुस•त | सहज | समायोजित | अन्तर्मुखी | सन्तुलित | परिपक्व | अन्तर्द्वन्द्व ग्रस्त | अविकृत |
| ४. | उप्रेती | अस•त | जटिल | असमायोजित | बहिर्मुखी | असन्तुलित | अपरिपक्व | अन्तर्द्वन्द्व ग्रस्त | विकृत |
| ५. | लछिना | सुस•त | सहज | समायोजित | अन्तर्मुखी | सन्तुलित | परिपक्व | अन्तर्द्वन्द्व ग्रस्त | अविकृत |
| ६. | थापासर | सुस•त | सहज | समायोजित | बहिर्मुखी | सन्तुलित | परिपक्व | अन्तर्द्वन्द्व रहित | अविकृत |
| ७. | इन्सपेक्टर | अस•त | जटिल | असमायोजित | बहिर्मुखी | असन्तुलित | अपरिपक्व | अन्तर्द्वन्द्व रहित | विकृत |
| ८. | किशोरे | अस•त | जटिल | असमायोजित | बहिर्मुखी | असन्तुलित | अपरिपक्व | अन्तर्द्वन्द्व रहित | विकृत |
| ९. | गंगा | अस•त | जटिल | असमायोजित | बहिर्मुखी | असन्तुलित | अपरिपक्व | अन्तर्द्वन्द्व रहित | विकृत |

**रणसिंह** - प्रस्तुत नाटकको प्रमुखपात्र  वा नायकका रूपमा आएको पात्र रणसिंहको मनोविश्लेषणात्मक वा आन्तरिक चरित्रलाई केलाउँदा ऊ व्यवहारका आधारमा सुस॰त, प्रकृतिका आधारमा सहज, समायोजनका आधारमा समायोजित, अभिवृत्तिका आधारमा बहिर्मुखी, व्यक्तित्वका आधारमा सन्तुलित, संवेगात्मक परिपक्वताका आधारमा परिपक्व, मानसिक अन्तर्द्वन्द्वका आधारमा अन्तर्द्वन्द्व रहित र मानसिक अवस्थाका आधारमा हेर्दा अविकृत पात्रका रूपमा नाटकमा आएको छ । त्यसैले ऊ एउटा सामान्य मनोदशा बोकेको पात्र हो ।

**पार्वती** - पार्वती नाटककी नायीका र रणसिंहकी प्रेमिका हो । यसको मनोविश्लेषणात्मक चरित्रलाई केलाएर हेर्दा व्यवहारका आधारमा सुसङ्गत, प्रकृतिका आधारमा सहज, समायोजनका आधारमा समायोजित, अभिवृत्तिका आधारमा बहिर्मुखी, व्यक्तित्वका आधारमा सन्तुलित, संवेगात्मक परिपक्वताका आधारमा परिपक्व, मानसिक अन्तर्द्वन्द्वका आधारमा अन्तर्द्वन्द्व रहित र मानसिक अवस्थाका आधारमा हेर्दा अविकृत नारी पात्र हो । तसर्थ समग्रमा भन्नुपर्दा ऊ सामान्य मनोवृत्ति भएकी पात्र हो ।

**मोहने** - रणसिंहको बावु मोहने नाटकमा शोषित पीडित वर्गको प्रतिनीधि पात्रका रूपमा प्रस्तुत भएको छ । मोहनेको आन्तरिक चरित्रको निरूपण गरेर हेर्दा यो एउटा सुस॰त, सहज, समायोजित, अन्तर्मुखी, सन्तुलित, परिपक्व, अन्तर्द्वन्द्वग्रस्त र अविकृत पात्र हो । समग्रमा मोहनेलाई सामान्य पात्रको रूपमा लिन सकिन्छ ।

**उप्रेती** - उप्रेती नाटककी नायिका पार्वतीको बावु तथा एउटा सामन्ती खलपात्रका रूपमा नाटकमा प्रस्तुत भएको छ । यसको चरित्रलाई मनोविश्लेषणात्मक रूपमा केलाउँदा यो एक अस॰त, जटिल,  असमायोजित, बहिर्मुखी, असन्तुलित, उमेरले छिप्पिए तापनि अपरिपक्व, अन्तर्द्वन्द्वग्रस्त र विकृत मनोदशा भएको पात्र हो । समग्रमा उप्रेतीलाई असामान्य पात्रका रूपमा लिन सकिन्छ ।

**लछिना** - लछिना मोहनेकी पत्नी र रणसिंहकी आमा हो । यसको आन्तरिक चरित्रको निरूपण गरेर हेर्दा यो एउटी सुस॰त, सहज, समायोजित, अन्तर्मुखी, सन्तुलित, परिपक्व,

अन्तर्द्वन्द्वग्रस्त र अविकृत मनोवृत्ति भएकी नारीपात्र हो । समग्रमा भन्नुपर्दा लछिना सामान्य पात्र हो ।

**थापासर** - क्रान्तिकारी विचारधारा बोकेको थापासर भन्ने पात्रको आन्तरिक चरित्रको निरूपण गरेर हेर्दा ऊ एक  सुस•त, सहज, समायोजित, बहिर्मुखी, सन्तुलित, परिपक्व, अन्तर्द्वन्द्वरहित अविकृत मनोवृत्ति भएको पात्र हो । समग्रमा थापासरलाई सामान्य पात्र भन्न सकिन्छ ।

**इन्सपेक्टर** - निर्दोषलाई दण्ड र दोषीको पक्षपोषण गर्ने इन्सपेक्टरको आन्तरिक चरित्रको निरूपण गरेर केलाउँदा यो अस•त, जटिल, असमायोजित, बहिर्मुखी, असन्तुलित, अपरिपक्व, अन्तर्द्वन्द्वरहित र विकृत पात्र हो । समग्रमा ऊ असामान्य पात्र हो ।

**किशोरे** - गाउँका मुन्द्रे कुण्डलेहरूको जमात बनाएर हिँड्ने किशोरे एउटा उच्छृङ्खल पात्र हो । यसको आन्तरिक चरित्रको निरूपण गरेर हेर्दा यो एउटा अस•त, जटिल, असमायोजित, बहिर्मुखी, असन्तुलित, अपरिपक्व, अन्तर्द्वन्द्वरहित र विकृत मनोवृत्ति भएको पात्र हो । समग्रमा यसलाई  असामान्य पात्र भन्न सकिन्छ ।

**गङ्गा** - प्रस्तुत नाटकमा महिला प्रहरीको भूमिकामा आएकी गङ्गा निर्दोष पार्वतीलाई निर्मम यातना दिँदै अश्लिल शब्दले गाली गर्ने खल पात्र हो। यसको आन्तरिक चरित्रको निरूपण गरेर हेर्दा यो एउटी अस•त, जटिल, असमायोजित, बहिर्मुखी, असन्तुलित, अपरिपक्व, अन्तर्द्वन्द्वरहित र विकृत मनोवृत्ति भएकी नारीपात्र हो । समग्रमा यसलाई असामान्य पात्र भन्न सकिन्छ ।

यसरी नाटकमा विभिन्न खाले मनोवृत्ति भएका पात्रहरूको मनोविश्लेषणात्मक वा आन्तरिक चरित्रको निरुपण गरेर हेर्दा केही सामान्य तथा केही असामान्य पात्रहरू समावेश भएको तथ्य अवगत हुन आउँछ । वास्तवमा नाटकमा प्रयुक्त सम्पूर्ण पात्रहरू सामान्य खालका हुँदा हुन् त नाटकमा केही खल्लोपना अवश्य आउने थियो । असामान्य मनोवृत्ति भएका पात्रहरूको व्यवहारबाट नै नाटकमा थप रोचकता, कौतुहलता र द्वन्द्वात्मक परिवेशको सृजना भएको छ । समग्रमा सामान्य र असामान्य दुवैखाले पात्रहरूको सन्तुलित प्रयोगबाट नाटकीय कार्यव्यापार अघि बढेको छ ।

### ४.५.३.६ द्वन्द्वविधान

यस नाटकमा अन्तर्द्वन्द्वको सामान्य रूप भेटिए तापनि बा्य द्वन्द्वले सशक्त रूप लिएको छ । मूलतः नाटकमा समाजमा विद्यमान शोषक वर्ग र शोषित वर्ग बीचको वर्गीयद्वन्द्व तथा, पुरातनवादी र आधुनिक विचारका बीचको वैचारिक द्वन्द्व स्पष्ट रूपमा देख्न सकिन्छ ।

रणसिंह मोहने, लछिना जस्ता पात्रले शोषित वर्गको प्रतिनिधित्व गरेका छन् भने जिम्वाल भ्यान्टेसाहू, मुखिया आदिले शोषकवर्गको प्रतिनिधित्व गरेका छन् । यी दुई पक्षको बा्य द्वन्द्व यस नाटकमा देख्न सकिन्छ । त्यसैगरी रणसिंह थापासर, पार्वती, दिगविजय जस्ता क्रान्तिकारी परिवर्तनको तीव्र उत्कण्ठाबोकेका पात्रहरू र उप्रेती पञ्चनाइके, किशोरे जस्ता पुरातनवादीहरूका बीचको वैचारिक द्वन्द्वसँगै नाटकीय कार्यव्यापार अघि बढेको पाइन्छ ।

अर्कातर्फ सामन्त शोषकहरूबाट छुटकारा प्राप्त गर्ने र आफ्ना जहान परिवारलाई दुईछाक र एउटा बासको बन्दोबस्त गर्ने सपना बोकेर पहाडबाट मधेश झरेको मोहने त्यहाँ पनि उस्तै दासत्वपूर्ण प्रवृत्तिको शिकार हुन पुग्दा अन्तर्द्वन्द्वले पीडित देखिन्छ ।

यसप्रकार स्पष्ट हुन्छ नाटकमा समाजमा विद्यमान विविध वर्गहरूबीचको द्वन्द्व बा्य द्वन्द्वका रूपमा देखिन्छ भने केही पात्रमा अन्तर्द्वन्द्वको प्रबलता पनि देखिन्छ ।

### ४.५.३.७ संवाद योजना

प्रस्तुत नाटकको संवाद सहज, स्वभाविक र गद्यमय भाषा प्रयुक्त छ । सहज , स्वाभाविक भाषाको प्रवाह विशिष्ट तुल्याउँदै संवादका माध्ययमबाट नाटकीय कार्यव्यापारलाई अघि बढाइएको छ । यस नाटकमा प्रत्येक पात्रका संवाद स्पष्ट र नाटकीय कार्यव्यापारसँग प्रत्यक्ष सम्बन्धित छन् ।

पार्वती रणसिंह जस्ता पात्रको संवाद तार्किकतापूर्ण, देशभक्तिपूर्ण, अग्रगामी र समाजसुधारको चाहनाले ओतप्रोत देखिन्छ भने लछिना , मोहनेको संवाद पीडित, कुन्ठित र हीनताबोधले ग्रस्त देखिन्छ । कतै छोटा छरिता संवादहरू प्रयुक्त छन् भने कतै लामा संवादहरूको पनि प्रयोग गरिएका छन् । जस्तै :-

**रणसिंह** - "हेर पार्वती, पढाइ र ज्ञान आर्जनको उपादेयता सिङ्गो समाजको भविष्यसँग मूल्याङ्कन हुँदो रहेछ । हाम्रो समाजमा थुप्रै विद्वान् , वैज्ञानिक , आविष्कारक आदि नभएका

होइनन् तर यसको प्रयोग स्वार्थवादी व्यक्ति र मुट्ठीभर शोषकवर्गको सेवाको निम्तिमात्र सदुपयोग भएको हुनाले आजको मुलुकमा जनताको जनजीवन अस्तव्यस्त र ध्वस्त बन्न पुगेको छ ।"

**पार्वती** - "तिम्रा यस्तै हृदय छुने देशभक्तिपूर्ण न्याय र मायाका मार्मिक शब्दले नै मलाई जीवन र जगत्का बारेमा सोच्न विवश बनाएको छ ।" (ँआफ्नै व्यथा' पृ.४२ ,

सदियौंदेखि चल्दै आएको जातीय विभेद प्रथा र सामन्ती शोषकहरूको हैकमवादी प्रथाको प्रत्यक्ष प्रभाव पनि यस नाटकका संवादहरूमा भेट्न सकिन्छ । जस्तै :-

**मुखिया**–" ठेड्कैमा ठोकिने मन छ कि कुरा मिलाइदिने भन्छस् ?"

**मोहने** –" अब मलाई केही नगर्नुस् हजुर, म जे भनेपनि मान्छु, मालिकहरूको जे काम पनि गरिदिन्छु । "

**जिम्वाल**– " काम हैन अब कागज गर्न पर्छ कागज /"

**लछिना**– " एकपटक कागज त पढ्नुस् सुनम सबैले /"

**मुखिया**–" बढी हुन्छेस् बाठी , अझै पुगेन लाठी " ( ँआफ्नै व्यथा' पृ.१५ ,

## ४.५.३.८ पर्यावरण / परिवेश

देश, काल, वातावरणका रूपमा नेपाली ग्रामीण भेगको सामाजिकतामा आधारित प्रस्तुत नाटक अन्तर्गत समाजमा विद्यमान विकृति, विसङ्गति र जातीय विभेद प्रथाको चित्रण गरिएको छ । वर्तमान समाज केही जागरुक र शिक्षित भई अगाडि बढिसकेको अवस्थामा पनि हाम्रो ग्रामीण भेगमा जातीय छुवाछुत र सामन्तवादी प्रवृत्ति अझै हाबी छ । समाजका पठित, बुद्धिजीवी भनाउँदाहरूबाट नै निम्न वर्गीय जनतामाथि विभेद, अन्याय र अत्याचार गरिएका घटनाक्रमका विविध दृष्टान्तहरू प्रस्तुत नाटकमा भेट्न सकिन्छ ।

केही परिवर्तनमुखी सोच बोकेका र क्रान्तिको चाहना गर्ने सचेत युवापिढींहरू तिनै शोषक र सामन्तहरूद्वारा दण्डित हुनुपरेको छ । वर्तमान समाजमा विद्यमान दण्डहीनता अर्थात् दोषीले सजायँ भोग्न नपर्ने तथा निहत्था, निर्दोष व्यक्तिलाई सजायँको भागिदार बनाइने प्रवृत्ति पनि परिवेशकै रूपमा नाटकमा आएको छ ।

## ४.५.३.९ अभिनेयता

प्रस्तुत नाटक अभिनयका दृष्टिले सहल छ । यो नाटक प्रकाशन पूर्व नै मञ्चन गरिसकिएको कुरा नाटककार स्वयंको 'आफ्नै व्यथा' बारेको लेखबाट ज्ञात हुन आउँछ । कथावस्तु लामो भए तापनि संवादमा कौतुहलता, सरलता, सहजता र तार्किकता जस्ता गुणहरू प्राप्त गर्न सकिन्छ यद्यपि कतै कतै लामा संवादहरूको प्रयोगले अभिनयमा केही कठिनाइ आए तापनि आफ्नै गाउँ समाजको परिवेशलाई कार्यपीठिका बनाइएकोले मञ्चनका क्रममा खासै अप्ठयारो स्थिति सृजना नहुने देखिन्छ । सरल तार्किक र मनोरञ्जनात्मक संवादहरूको प्रयोगले दर्शकलाई पर्याप्त मनोरञ्जन प्रदान गर्न नाटक सक्षम देखिन्छ ।

### ४.५.३.१० शैली शिल्प

बहुल चरित्रहरूको प्रयोग गरिएको यस नाटकमा विभिन्न विषयवस्तुहरूलाई बहुदृश्यविधानद्वारा प्रस्तुत गरिएको छ । रचनाशिल्पका हिसाबले यस नाटकमा सामाजिक यथार्थवाद र प्रगतिवादलाई मुख्यरूपमा प्रयोग गरिएको छ । त्यसै गरी नाटकको भाषाशैली सरल किसिमको दैनिक बोलचालको भाषा प्रयोगलाई सहज, स्वाभाविक, मार्मिक र संवेद्य रूपमा प्रस्तुत गरिएको छ । रणसिंह र पार्वतीको भाषाप्रयोग स्तरीय, तार्किक र औचित्यपूर्ण छ भने मोहने, लछिना जस्ता पात्रको भाषा मार्मिक, पीडित र कुण्ठित छ । त्यसैगरी इन्स्पेक्टर र महिला प्रहरीको भाषामा केही अश्लीलता पनि भेट्न सकिन्छ । बरालीले यस नाटकमा गद्यका साथै पद्य भाषाको पनि प्रयोग गरेका छन् । नाटकका पात्रहरूले गीतको माध्यमबाट आफ्नो भावनाहरू व्यक्त गरेको पनि नाटकमा देख्न सकिन्छ जस्तै :

*जोतने गरिब, जिलाउने गरिब, केलाउने गरिबै*

*पसिना दाना अछेतालान, नपाउने गरिबै.....*

*हो.....होरी........हो हो हो ......*

कतै कतै नाटककारले (भर्टेक्स अफ ट्रैङगल जुलोजी, कस्टडी) जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग गरेका छन्, जुन चामलमा ढुङ्गा परेजस्तो अनुभव हुन्छ । कतै कतै भने मिसिल, मुम्बै, ट्र्याकसुट जस्ता आगन्तुक शब्दहरूको पनि प्रयोग गरेका छन् ।

### ४.५.३.११ जीवनदर्शन र उद्देश्य

आफ्नो अस्तित्वका लागि मानिसले बाँचुन्जेल सङ्घर्ष गर्नु पर्दछ, जस्तोसुकै अवस्थामा पनि जीवन जिउनै पर्छ भन्ने जीवनवादी दर्शन नाटकमा व्यक्त गर्न खोजिएको छ

। साथै वर्ग सङ्घर्षको माध्यमबाट मात्र साम्यवादी समाजको उदय हुन सक्छ भन्ने द्वन्द्वात्मक भौतिकवादी दर्शन पनि यस नाटकमा प्रस्तुत गरिएको छ । समग्रमा नाटक देशकाल परिस्थिति सापेक्ष सन्देशमूलक छ । विश्व २१ औँ शताब्दीको वैज्ञानिक युगमा प्रवेश गरिसक्दा पनि हाम्रो समाज उही सदियौँ पुरानो दासत्वपूर्ण स्थितिमा जकडिएको देखिन्छ । समाजलाई यसबाट मुक्त गरी अग्रगामी दिशातर्फ अघि बढाउन देशका युवापुस्ता एकजुट भएर अगाडि बढ्नुपर्दछ भन्ने सन्देश दिनु यस नाटकको मूल उद्देश्य हुन पुगेको छ ।

समाज परिवर्तनको बाटो कठोर र सङ्घर्षमय छ तर पनि हामी हार नमानी अघि बढ्न सकेमा परिणाम अत्यन्तै सकारात्मक हुन सक्दछ भन्ने कुरा नाटकको अन्त्यमा रणसिंह, पार्वती जस्ता क्रान्तिकारी युवाको विजय र उप्रेती, जिम्वाल, किशोरे जस्ता सामन्तको हारका माध्यमबाट देखाउनु यस नाटकको दोस्रो उद्देश्य हुन पुगेको छ ।

सभ्यताको विकास र शिक्षाको ज्योतिको अलौकिकताको आभास पाइसकेको वर्तमान समाजमा अझ पनि पुरानै दासत्वपूर्ण संस्कार लाद्न खोज्नु कथित ठूलाबडा भनाउँदाहरूको भूल हो । यसो गरेमा उनीहरूको पतन अवश्यम्भावी छ भन्ने शाश्वतसत्य प्रकट गर्नु नै यस नाटकको निष्कर्षात्मक उद्देश्य हुन पुगेको छ ।

## ४.५.३.१२ उपसंहार

वि.सं. २०५६ सालमा नेपाल दलित साहित्य तथा सांस्कृतिक प्रतिष्ठानद्वारा प्रकाशित 'आफ्नै व्यथा' नाटक सामाजिक विषयवस्तुमा आधारित लघु आकारको नाट्यकृति हो । जातीय समस्यालाई मूलकथ्य बनाएर रचना गरिएको यस नाटकको मूल उद्देश्य जातभातका आधारमा कसैलाई भेदभाव नगरी सभ्य र सुसंस्कृत समाजको स्थापना गर्नु रहेको छ । हाम्रै पहाड, मधेसका विविध घटनाक्रम र परिवेशलाई समेट्दै विविध अङ्क र दृश्यहरूमा विभाजन गरी प्रस्तुत गरिएको यस नाटकमा अभिनेयात्मकता प्रशस्त मात्रामा भेट्न सकिन्छ । मूलरूपमा मोहनेको परिवारले भोग्नुपरेको शोषण, अन्याय र विभेदपूर्ण व्यवहारका विविध दृष्टान्तहरूलाई मूल कथानकका रूपमा प्रस्तुत गरिएको यस नाटकमा अन्य प्रासङ्गिक कथावस्तुहरू पनि आएका छन् । दलित मुक्ति आन्दोलनका एक हस्ती रणेन्द्र बरालीको यस नाट्यकृतिमा निम्नवर्गीय पात्रहरूको प्रयोग, विभेद, शोषण, उत्पीडन जस्ता विकृति र विसङ्गतिहरू प्रति चरम विद्रोह यसका विरुद्धमा उत्रन सम्पूर्ण शोषित पीडित वर्गलाई आग्रह गर्नुका साथै अन्त्यमा शोषक वर्गको पराजय र शोषित वर्गको विजय प्रस्तुत गर्नु

जस्ता विशेषताहरू अन्तर्निहित भएकाले यो नाटकलाई प्रगतिवादी मान्यतामा आधारित नाट्यकृति मान्न सकिन्छ ।

हाम्रो समाजका शोषित पीडित दाजुभाइ दिदीबहिनीहरूको व्यथा कथालाई समेटेर लेखिएको प्रस्तुत नाटक उत्कृष्ट भइकन पनि चन्द्रमामा रहेको कालो दाग झैँ केही कमजोर पक्षहरू पनि देख्न सकिन्छ । जस्तै :- नाटकमा कतिपय अस्वाभाविक लाग्ने दृश्यहरू पनि छन्, एउटा कथावस्तुवाट अर्को घटनामा प्रवेश गर्दा कार्य कारण बिना नै कथावस्तुमा परिवर्तन आएको छ, घटनाको स्वरुप सिलसिलेवर रूपमा परिवर्तन नहुनु , समग्र दलित मुक्तिको बाटो देखाउनु पर्नेमा रणसिंह र पार्वतीको मिलनमा नाटकको अन्त्य हुनु , जस्ता कमजोर पक्षहरू नाटकमा देखा परेका छन् । सामाजिक दृष्टिले मात्रै नभएर आर्थिक, मनोवैज्ञानिक, सांस्कृतिक रुपबाट पनि दलितहरूमाथि दमन हुनेगरेको यथार्थलाई प्रस्तुत गर्दै दलित वर्गहरूलाई स्पष्ट मार्गदर्शन दिन सकेको भए नाटक अझ रोचक र सन्देशमूलक बन्न सक्दथ्यो । केही कमी कमजोरीका बावजुद समग्रमा नाटक उत्कृष्ट नै देखिन्छ । अधिकांश ठाउँमा सरल, सुललित र गद्यमय भाषाशैलीको प्रयोग गरिएको प्रस्तुत नाटकमा कतै कतै पद्यात्मक गीतहरूको प्रयोगले थप रोचकता र कलात्मकता प्रदान गरेको छ । पात्रहरूमा बा्य तथा अन्तर्द्वन्द्व दुबैको प्रबलता पाउन सकिन्छ । नाटकमा प्रयुक्त संवाद पक्षपनि सशक्त र जीवन्त देखिन्छ । समाजमा विद्यमान सामाजिक कुरीति र कुसंस्कार तोड्दै उज्यालो भविष्यको खोजीतर्फ लाग्न प्रस्तुत नाटकले समग्र शोषित पीडित वर्गहरूलाई आह्वान गरेको छ । सामाजिक विषयवस्तुमा आधारित यस नाट्यकृतिलाई दलित साहित्यको एउटा कोशे ढुङ्गा पनि मान्न सकिन्छ ।

## ४.६ रणेन्द्र बरालीका निबन्धात्मक कृतिहरूको अध्ययन

साहित्यकार बरालीले निबन्ध विधामा पनि कलम चलाएका छन् । उनका थुप्रै निबन्धात्मक लेखहरू हुटकर रूपमा पत्र-पत्रिकाहरूमा प्रकाशित भैसकेका छन् भने पुस्तकाकार रूपमा 'सर्वजीत विश्वकर्माको जीवनी' (२०६३) र 'चीनको कोसेली' यात्रा संस्मरण (२०६६) नामक कृतिहरू प्रकाशित भएका छन् । यी दुबै कृतिहरूलाई निबन्धकै उपविधा अन्तर्गतका कृति मानेर अध्ययन गर्न सकिन्छ । "निबन्ध (प्रबन्ध) मा आत्मविस्तारको अपार सामर्थ्य हुन्छ, त्यसैले यसका साहित्यिक वा साहित्येतर रूप हुन्छन्

भने साहित्यिक रूपकै पनि अनेक स्वरूप वा भेदोपभेद हुन्छन् जस्तै :- संस्मरण, पत्र, दैनिकी, अन्तर्वार्ता, नियात्रा, समालोचना,जीवनी आदि ।" [७६]

केशवप्रसाद उपाध्यायको उपर्युक्त कथनलाई अध्ययन गर्दा पनि यात्रा संस्मरण र जीवनी निबन्ध बिधा अन्तर्गतकै उपविधाहरू हुन् भन्ने ज्ञात हुन्छ ।

"जीवनमा अनुभव गरिएका र भोगेका स्थितिहरू नजिकबाट सम्पर्कमा आएका घटना र क्रियाहरूलाई स्मृतिपटमा राखेर निजात्मक ढङ्गले कलात्मक रूपमा सपीत गरिने वस्तुहरूको निबन्धात्मक लेखन स्मरण हो ।"[७७] भन्ने राजेन्द्र सुवेदीको भनाइबाट पनि स्मरण निबन्धात्मक उपविधा हो भन्ने प्रमाणित हुन्छ ।

निबन्धका आधारभूत तत्व अन्तर्गत संरचना, विषयवस्तु, भाषाशैली, उद्देश्य, निष्कर्ष आदि पर्दछन् । बिधागत रूपमा हेर्दा निबन्ध बिधाकै भेदोपभेद भएतापनि यात्रा सस्मरण र जीवनीका आ–आफ्नै संरचनागत तत्वहरू छन् । जसका आधारमा उपर्युक्त कृतिहरूको अध्ययन गरिन्छ ।

## ४.६.१ रणेन्द्र बरालीको ‘चीनको कोसेली’ (यात्रा संस्मरण) को अध्ययन

### ४.६.१.१ यात्रा साहित्यको परिचय

यात्रा वा भ्रमण प्रायः सबै व्यक्तिहरूको रुचिको विषय हो । कुनै सृजनशील स्रष्टाले आह्रूले यात्रा गरेको भौगोलिक परिवेशका विविध पक्षहरूलाई समेटेर त्यसलाई कलात्मक शब्दशैलीद्वारा आत्मपरक रूपमा प्रस्तुत गरेको लेख रचनाले यात्रा साहित्यको रुप ग्रहण गर्दछ । साहित्यका अन्य विधाहरूका सापेक्षतामा यस विधामा कल्पना पक्षको तुलनामा यथार्थात्मकता बढी हुने गर्दछ । "कुनै भूखण्डको स्थलरूप, लोकजीवन, रीति परम्परा आदिसँग साक्षात्कार गराउने तद्‌विषयक अनुभव र ज्ञानलाई व्यक्त गर्ने अभिप्रायले मूलतः तथ्य र अंशतः भावनाको आनुपातिक संयोजन गरी चित्रोपम शैलीमा अनुभूत स्मरण स्वरूप लेखिएको गद्य रचनालाई ‘यात्रा साहित्य’ भनिन्छ ।"[७८] नेपाली यात्रा साहित्यको इतिहास

७६ केशवप्रसाद उपाध्याय, *साहित्य प्रकाश,* पूर्ववत्, पृ.१७३ ।

७७ राजेन्द्र सुवेदी, *स्रष्टासृष्टि द्रष्टा दृष्टि,* तेस्रो सस्करण,(ललितपुर साझा प्रकाशन, २०५८)पृ.४२ ।

७८ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* पूर्ववत् पृ.१८०

डेढसय वर्ष भन्दा बढी लामो भइसके तापनि सं.१९१० को बेनामी ‘जङ्गबहादुरको बेलायत यात्रा’ बाटै नेपाली यात्रा साहित्यको श्रीगणेश भएको ठान्नु बढी प्रामाणिक र युक्तिसङ्गत ठहर्दछ ।[७९]

यात्रा वृत्तान्तलाई नेपालीमा नियात्रा वा यात्रा संस्मरण भन्ने गरिएको छ र यो आत्मपरक शैलीमा लेखिन्छ तापनि यो स्वतन्त्र रूपमा विकसित हुनाले यसलाई नियात्राका रूपमा पृथक् विधा मान्न सकिन्छ ।[८०] नियात्रा यात्रा संस्मरण, यात्रा–निबन्ध नियात्राकै पर्याय देखिन्छन् तापनि यिनमा सूक्ष्म भिन्नता नरहेको होइन । नियात्रामा निजात्मकता यात्रा सस्मरणमा स्मृतिमयता र यात्रा निबन्धमा नैबन्धिकताको विशेष गुण अपेक्षित देखिन्छ ।[८१]

## ४.६.१.२ ‘चीनको कोसेली’ को विश्लेषण

यात्रा संस्मरणका तत्वहरू पनि निबन्धकै आधारभूत तत्वहरूसँग मिल्दाजुल्दा छन् । निम्न तत्वहरूका आधारमा बरालीको ‘चीनको कोसेली’ यात्रा संस्मरण कृतिको अध्ययन विश्लेषण गरिएको छ ।

### क) संरचना

प्रस्तुत यात्रा संस्मरण जम्मा छत्तीस पृष्ठमा संरचित, एघार दशमलव पाँच से.मि. चौडाइ, सोह्र से.मि. लम्बाइ र शून्य दशमलव तीन से.मि. उचाइ भएको लघु आकारको कृति हो । यस कृतिको अट्ठाइस पृष्ठमा विषयवस्तुलाई समेटिएको छ भने आठ पृष्ठमा कृतिको प्रकाशन, प्रकाशकका तर्हबाट लेख, हरिहर खनालको शुभकामना मन्तव्य, रणेन्द्र बराली स्वयंको कृतिबारेको लेख तथा आवरण तस्विरको परिचय समेटिएको छ ।

प्रस्तुत कृतिको बाह्य आवरणमा चीनको बेजिङ् स्थित तियामेन चोकको माओको तस्बिर सहितको विशाल मूलद्वारको तस्विर र ल्हासा स्थित ऐतिहासिक पोटाला दरबारको तस्विर रहेको छ, त्यसको भित्री आवरणमा अरनिकोद्वारा निर्मित श्वेत चैत्य र अरनिकोको पूर्णकदको शालिकको तस्विर राखिएको छ भने पछिल्लो आवरणमा संस्मरणकार बरालीको

७९ पूर्ववत् पृ. १८२ ।

८० केशवप्रसाद उपाध्याय, *साहित्य प्रकाश*,पूर्ववत, पृ.१७५ ।

८१ कपिल अज्ञात, नेपाली यात्रा-साहित्य उद्भव र विकास, *वागीश्वरी*, संस्मरण विशेषाङ्क.(चि.सा.प.,२०५८)पृ.२१.

तस्विर सहितको परिचय र त्यसको भित्री पृष्ठमा चीन भ्रमणकै विभिन्न तस्विरहरू रहेको छ ।

यसरी विभिन्न रङ्गीन तस्विरहरू समावेश गरिएकाले कृतिको बाह्य आवरण निकै झिलिमिली देखिन्छ । यही संरचनामा ‘चीनको कोसेली’ संस्मरण संरचित छ ।

## ख) विषय-भाव-विचार

प्रस्तुत संस्मरण चिनियाँ संस्कृति तथा साहित्यिक सङ्घ द्वारा आयोजित कार्यक्रमको निमन्त्रणामा गएका लेखक तथा साहित्यकारहरू समेत चौवन्न जना व्यक्तिहरूको चीन भ्रमणमा आधारित रहेको छ । यस संस्मरणको विषयवस्तुका रूपमा चीनको सांस्कृतिक, औद्योगिक, व्यापारिक उन्नति, शियान सहर, ल्हासाको ऐतिहासिक पोटाला दरबार, राजधानी बेजिङ् , विश्वकै ठूलो पर्खाल, भृकुटी मन्दिर आदिको चित्रण गरिएको छ । महावाणिज्य दूतावासको रात्रिभोज, हिमाली क्षेत्रको चौबीस घण्टे रेलयात्रा, प्राकृतिक मनमोहक दृश्यहरूको वर्णन, सियान सहरमा आयोजित सांस्कृतिक कार्यक्रम, संस्मरणकार बरालीकी श्रीमती हराएको प्रसङ्ग, सुविधा सम्पन्न तारे होटलको बसाइ, तीनचार तलासम्मका आकासेपुल, यत्रतत्र भेटिने सुविधा सम्पन्न र सह्रा ट्वाइलेट, हरबखत बिजुली बत्तीको झिलिमिली, तियामेन स्क्वाएर, माओत्सेतुङ्को पार्थिव शरीरको दर्शन, नेपाली दूतावासको रात्रिभोज, पन्ना कारखाना, रेशम कारखाना आदिको अवलोकन, लुसुनको सङ्ग्रहालय, सम्पूर्ण कार्यालयहरूमा महिला कर्मचारीहरूको बाहुल्यता, एउटै विशाल घरमा हजारौं ठुलाठुला पसलहरू भएको व्यापारिक स्थल, हङ्कङ् सहरको वर्णन, त्यहाँको विकृति र विसङ्गति, चीनको अस्थिर र अनियन्त्रित बजारमूल्य, नौलो ठाउँ र चालचलनको अनभिज्ञताले गर्दा कतिपय ठाउँहरूमा यात्राका सहभागीहरूले अनेक समस्या झेल्नुपरेका प्रसङ्गहरू, विषयवस्तुका रूपमा प्रस्तुत गरिएका छन् ।

चीनको उच्च सभ्यता र वैज्ञानिक क्रान्तिको चमत्कारलाई संस्मरणकार बरालीले यसरी प्रस्तुत गरेका छन् -

“चीनको विशेषता नै के रहेछ भने यत्रतत्र अत्याधुनिक शौचालयको सुविधा, महिला पुरुषको निसाना भएको ठाउँमा गएपछि टल्कने ट्वाइलेट, एकातिर हात थाप्यो साबुनको रस खस्छ, टुटी छेउ हात लग्यो पानी खस्छ, हात झिक्यो बन्द, अर्कोतिर छेउमा ह्यान्डड्राइ लेखेको भाँडो छ, यसो हात पुऱ्यायो तुरुन्त तातो हावाले सुख्खा भइहाल्ने ।”

“त्यति ठूलो सहरमा बीउ खोजेपनि नपाउने भन्ने झिंगा र लामखुट्टे रहेछन् हामी पुगेका सबै ठाउँ जतिमा, लोडसेडि· तथा बत्ती जाने भन्ने कुरा त समुन्द्रमा आगो लागेर सुक्नु जत्तिकै रहेछ । त्यहाँका मान्छेलाई थाहै छैन, कस्तो हुन्छ लोडसेडि· ।”

त्यसैगरी प्रसिद्ध तियामेन स्क्वायर जहाँ माओत्सेतुङ्को पार्थिव शरीरलाई जस्ताको तस्तै हँसिया हतौडाको झन्डाले छोपेर अनुहार सर्लक्क देखिने गरी राखिएको थियो साथै कान्तिमा होमिएर बलिदान दिने कैयौँ सहिदहरूको स्मृतिमा ठुलाठुला मूर्तिहरू बनाइएको थियो त्यहाँ टाढा टाढा गाउँका चिनियाँहरू आएर फूलगुच्छा चढाउँदै डाँको छोडेर रोएका प्रसङ्गहरू उल्लेख गर्दै यात्रा ना महान्नेता प्रति चिनियाँहरूको संस्मरणकारले देश र जनताका लागि बलिदान दिने सहिद तथा आ श्रद्धाभक्तिलाई निकै मार्मिक ढंगले प्रस्तुत गरेका छन् । साथै चिनियाँ पथप्रदर्शकहरूले बुद्धका प्रतिमाहरूलाई देखाउँदै “बुद्ध भारतका महान् व्यक्ति हुन् र उनले चीन आएर चिनियाँहरूलाई दीक्षित गरे” भन्ने कुरा प्रचार गर्ने गरेको कुरा पनि प्रस्तुत कृतिमा उल्लेख गरेका छन् नो मातृभ। जसले प्रत्येक नेपालीलाई आफ्मिका ऐतिहासिक धरोहरहरूको पहिचान तथा प्रामाणिकता बोकेका पुरातात्विक वस्तु र स्थानहरूको जगेर्ना गर्नका लागि सचेत गराएको छ । हाम्रा ऐतिहासिक र पुरातात्विक महत्वका व्यक्ति र वस्तुहरूमाथि कसैले प्रश्न उठाएमा तीनै पुरातन धरोहरका सहायतावाट त्यसलाई सप्रमाण गलत सिद्ध गर्न सकियोस् । यस्तै चाखलाग्दा र घतलाग्दा विविध विषयवस्तुहरू प्रस्तुत कृतिमा समेटिएका छन् । अन्त्यमा नेपाल फर्कने क्रममा नेपाली विमानस्थलमा हुने अनियमितता र भन्सारको ठगीपूर्ण प्रवृत्तिलाई विषयवस्तुकै रूपमा प्रस्तुत गरिएको छ ।

कृतिमा अभिव्यक्त भाव विधानले नै कृतिको उत्कृष्टता वा लोकप्रियता निर्धारण गर्दछ । ‘चीनको कोसेली’ मा प्रस्तुत चीनको उच्चसभ्यता, वैज्ञानिक विकाशको कान्ति, प्राकृतिक सुन्दरताको सदुपयोग आदि पक्षलाई दृष्टिगत गर्दै हामीले पनि त्यहाँका अनुकरण योग्य कुराहरूलाई आत्मसात् गर्दै सभ्यताको शिखरतर्ह अघि बढ्नुका साथै मातृभूमिका ऐतिहासिक र पुरातात्विक महत्वका वस्तुहरूको संरक्षण र संवर्धन गर्दै आफ्नो मौलिक

संस्कृतिको जगेर्ना गर्नु पर्दछ भन्ने उपयोगी ज्ञान र विकासवादी चिन्तन नै यस कृतिको मूलभाव हो । साथै वैज्ञानिक पुँजीवादी संस्कृतिले सधैं सकारात्मक परिवर्तन मात्र ल्याउँदैन, यसले समाजमा विविध पक्षबाट नकारात्मक असर समेत निम्त्याउँछ भन्ने भाव पनि यस कृतिमा व्यक्त गरिएको छ ।

## ग) दृष्टिबिन्दु

प्रस्तुत यात्रासंस्मरणका समाख्याता स्वयं लेखक हुन् । उनी स्वयं केन्द्रबिन्दुमा रहेर कृतिका सम्पूर्ण विषयवस्तु तथा विवरणहरू प्रस्तुत गरेका छन् । यस संस्मरणमा उल्लेख गरिएका यावत्  विषयवस्तुका द्रष्टा लेखकनै ‘म’ पात्रका रूपमा यस कृतिमा प्रस्तुत भएका छन् । यसैले प्रस्तुत यात्रासंस्मरणमा प्रथम पुरुष आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ भन्न सकिन्छ ।

## घ) प्रयोजन उद्देश्य

‘चीनको कोसेली’ मा लेखकका निजी अनुभूतिजन्य भावहरू सल्बलाएका छन् । विशेष गरी चीनको चामत्कारिक प्रगति, ऐतिहासिक महत्वका वस्तु तथा व्यक्तित्वका निशानीहरूको संरक्षण र सम्बर्द्धनको उदाहरण दिँदै समस्त नेपालीहरूलाई सभ्यताको प्रगति मार्गमा लाग्नुपर्दछ, अनि मानव जस्तो विवेकशील प्राणीका रूपमा जन्म लिएपछि आफ्नो व्यक्तिगत हितमा मात्र रमाउनुभन्दा उच्च प्रगतिको आकांक्षा लिएर राष्ट्रिय हितको निम्ति अघि बढ्नुपर्छ भन्ने सन्देश दिनु प्रस्तुत कृतिको मूल उद्देश्य रहेको छ । साथै आफ्नो देशका दिवङ्गत कलाकार, साहित्यकार तथा देश र जनताको निम्ति कान्तिमा होमिएर प्राणउत्सर्ग गर्ने महान् सहिद आदिका प्रति चिनियाँहरूको अटल आस्थालाई  चित्रण गर्नु पनि संस्मरणकारको मूल प्रयोजन रहेको छ ।

## ङ) भाषाशैली

प्रस्तुत यात्रासंस्मरणमा सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको छ । रणेन्द्र बराली कवि पनि भएको हुनाले प्रस्तुत कृतिका कतिपय ठाउँहरूमा काव्यात्मक भाषाशैलीको प्रयोग पनि पाइन्छ । भाषा शुद्ध, सरल, स्तरीय, तर्कपूर्ण र लयदार रहेको छ ।

केही हिन्दी र अंग्रेजी भाषाका शब्दहरूको प्रयोग भए तापनि ती सहज सम्प्रेष्य र बोधगम्य नै छन् । सरल, संयुक्त , मिश्र जस्ता सबै खालका वाक्यहरूको प्रयोग गरिएको पाइन्छ ।

भाषाशैलीका केही उदाहरण :-

क्रियाविहीन वाक्यको प्रयोग -

"ससुराली देश नेपालको सम्मानमा मन्दिरको ढोका नेपालतर्फ फर्काएर बनाइएको सर्वत्र कथन पाइयो त्यहाँ ।" (चीनको कोसेली, पृ.१३)

"असारको मध्ययाममा एकटुक्रा आँप खान त परै जाओस् देख्नसम्म पाइएन पुरै चीनभर ।" (चीनको कोसेली, पृ.१८)

कवितात्मक शैलीको प्रयोग-

"जहाँ निर्मल नीला सतहमा सर्प सल्बलाएजसरी लहराइरहेका छन् छालहरू ।" (चीनको कोसेली पृ.१६)

आलङ्कारिक प्रयोग-

"आधापानी भरिएको थालजस्तो समथर उपत्यका जसले हामीलाई स्वागत्मको बाहाँ फैलाइरहेको थियो ।" (चीनको कोसेली, पृ.११)

"एकै क्षणपछि पानी होइन कपासको थुप्रो माथि दाँदे लाएजसरी बादल कुल्चँदै हुत्तियो हाम्रो यान ।" (चीनको कोसेली, पृ.३४)

उखान प्रयोग-

"ल्हासामा सुन छ कान मेरो बुच्चै ।"

"पैसाभए तेरी देउकी मेरी जोई । "

"बम्बेका लड्डु जो खाया पछताया, जो नहीँ खाया वह भी पछताया ।"

**टुक्का प्रयोग -**

"ज्यान छुट्टी गर्नु ।"

"समुन्द्रमा आगो लागेर सुक्नु । "

अनुकरणात्मक शब्दहरूको प्रयोग -

ह्वाँ-ह्वाँ , ह्वात्तै, सुलुल्ल, खुरुर्र आदि ।

**ठेट नेपाली शब्दहरूको प्रयोग -**

धुरमुर,हुटहुटी, हायलकायल, खाँट्टी आदि ।

**अंग्रजी शब्दहरूको प्रयोग -**

जक्सन, ट्रेन, ब्ल्याकमेल, एयरपोर्ट, होटल न्यू ओटानीसान्हू , डु अह्न द रिल्याक्स, विन्डो अह्न द वर्ल्ड, ज्या· टियन मि· आदि ।

आत्मपरक तथा बिवरणात्मक शैली अँगालेर लेखिएको प्रस्तुत यात्रा संस्मरण कृतिलाई भाषाशैलीका दृष्टिकोणबाट नियालेर केही अपवादलाई छाड्दा समग्रमा एउटा उच्चकोटीको रचना मान्न सकिन्छ ।

## च) निष्कर्ष

साहित्यकार रणेन्द्र बरालीद्वारा लिखित तथा महारत्न बज्राचार्यद्वारा प्रकाशित 'चीनको कोसेली' यात्रा साहित्य अन्तर्गतको कृति हो। चीनको सांस्कृतिक तथा साहित्यिक सङ्घले आयोजना गरेको कार्यक्रममा भाग लिन गएका लेखक तथा साहित्यकारहरूको सत्रदिने चीन भ्रमणको विषय तथा संस्मरणकार स्वयंका अनुभूतिहरूलाई लिपिबद्ध गरेर आत्मपरक शैलीमा लेखिएको यो यात्रा संस्मरण कृतिमा चीनका विविध सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय स्थल, भव्य सहरहरूको वर्णन तथा वैज्ञानिक चमत्कारको उत्कर्षका विविध दृष्टान्तहरू प्रस्तुत गरिएका छन् ।

प्रस्तुत कृतिमा चीनको ल्हासानगरीको चीसो र रमणीय हावापानी, प्राकृतिक सौन्दर्यको वर्णन, संसारको छानो मानिएको तिब्बतको राजधानी ल्हासा र ल्हासाको पनि छानो मानिएको विशाल पोटाला दरबार, त्यहाँका सुनौला मूर्तिहरू, सुनैसुनका मन्दिर र मूर्तिहरूको वर्णन गर्दै त्यहाँको सम्भ्रान्तताका कारण नै "ल्हासामा सुन छ कान मेरो बुच्चै" भन्ने नेपाली उखान चलेको रहेछ भन्ने कुराहरू निकै घतलाग्दो पारामा संस्मरणकारले व्याख्या गरेका छन् । नेपाली राजकुमारी भृकुटी र स्र·च· गम्पोको स्मृतिमा बनाइएको विशाल मन्दिर, साहित्यिक समारोहको रोमाञ्चकता, महावाणिज्य दूतावासको रात्रिभोज, रातमा दीपजस्तै भएर झल्झल्ली बल्ने पोटाला दरबारको सौन्दर्य, हिमाली क्षेत्रको अत्याधुनिक रेलयात्रा, सुन्दर हिमाली उपत्यका, चौरीखर्क, घाँसेमैदान आदिको वर्णन, वैज्ञानिक विकासको चमत्कारले सजिएको सियान सहर, पाँचतारे होटलको सुविधाजनक बसाइ आदि विविध रमाइला अनुभूतिहरूलाई पनि संस्मरणकारले विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् ।

त्यसै गरी चन्द्रमाबाट समेत देखिने भनिएको धर्तीको एकमात्र मानव निर्मित ठूलो पर्खालको अवलोकन, नेपालका विश्वविख्यात प्राचीन कलाकार अरनिकोले निर्माण गरेका श्वेतचैत्यका साथै प्रसिद्ध तियामेन स्क्वायरको अवलोकन जहाँ माओत्सेतु·को पार्थिव शरीरलाई जस्ताको तस्तै हँसिया हतौडाको झन्डाले छोपेर अनुहार सर्लक्क देखिने गरी राखिएको थियो । चीनका यस्ता ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरूको भ्रमणका स्मरणीय क्षणहरूलाई पनि प्रस्तुत कृतिमा बरालीले उल्लेख गरेका छन् ।

सांघाइ सहरको भ्रमण, त्यहाँको औद्योगिक क्रान्ति र चामत्कारिक विकासको उत्कर्षको नमूनालाई संस्मरणकारले यसरी उल्लेख गरेका छन् ।

"सांघाईको घुम्ने रेष्टुराँ जो आकाश छुने जस्तो अज·को भवन, त्यसभित्रका ग्राहकले शहर अवलोकन गर्न आँफै घुम्न नपर्ने, र·ीविरंगी बत्ती झल्काएर भवन स्वयं फनफनी घुमिरहने रहेछ ।" त्यहाँको केही चिनियाँ वस्तु तथा स्थानहरूको अंग्रेजी नाम उल्लेख गर्दा प्रयोग गरिएका अंग्रेजी भाषाका शब्द तथा केही हिन्दीका आगन्तुक शब्दहरूको प्रयोग बाहेक प्रस्तुत कृतिमा बरालीले सरल, सुबोध्य लयात्मक मौलिक नेपाली भाषाशैलीको प्रयोग गरेका छन् ।

त्यसै गरी अन्य ठुलाठुला कलकारखाना, निकै मोलतोल चल्ने चिनियाँ बजार, अव्यवस्थित हङकङ सहरका साथै अवलोकन गरिएका अन्य विविध स्थान र परिवेशहरू तथा त्यहाँका सकारात्मक तथा नकारात्मक पक्षहरूको विश्लेषणात्मक विचार समेत यस कृतिमा बरालीले प्रस्तुत गरेका छन् ।

समग्रमा हाम्रो देशको पछौटेपना, अशिक्षा, अज्ञानता र रूढिवादले ग्रस्त समाजलाई चीनको जस्तै वैज्ञानिक क्रान्तिद्वारा सभ्यताको उच्च शिखरतर्फ लैजाने उच्च लालसा संस्मरणकारले व्यक्त गरेका छन् । बत्तिमुनी अँध्यारो भनेझैं जलस्रोतको दोस्रो धनी हाम्रो देश नेपालका हामी अभागी जनता रातदिन लोडसेडिङ्को मारमा पर्ने गरेको तितो सत्य र मध्यरातमा पनि घाम लागेझैं धपक्क बलेको चिनियाँ सहरको दृश्यलाई देख्दा संस्मरणकार अचम्मित परेका छन् । साथै हाम्रो देशलाई सभ्यताको अलौकिक ज्योतिको आभाले दीप्त पार्नका लागि सम्पूर्ण नेपालीहरूलाई व्यक्तिगत स्वार्थ लिप्साका पछाडि मात्र नलागी सम्पूर्ण देशकै समृद्धि र विकासका लागि हातेमालो गर्दै अघि बढ्नका लागि लेखकले प्रस्तुत कृति मार्फत् आह्वान गरेका छन् । साथै जसरी चीनले आफ्नो ऐतिहासिक तथा पुरातात्विक वस्तुहरूको उच्च संरक्षण र संबर्धन गरेको छ, त्यसबाट हामीले पनि धेरै कुरा सिक्नुपर्ने र

नेपाललाई चीनजस्तै सभ्य र समृद्ध बनाउन सबै नेपाली एकजुट भई लाग्नका लागि पनि बरालीले सबैलाई अभिप्रेरित गरेका छन् ।

प्रस्तुत यात्रासंस्मरणको अध्ययन गर्दा यसमा चित्रण गरिएका चीनका विविध रमणीय तथा महत्वपूर्ण स्थलहरूमा स्वयं पुगेर दृश्यावलोकन गरेको जस्तो महसुस गर्न सकिन्छ तसर्थ यस कृतिमा लेखकीय प्रयास सार्थक भएको छ । समग्रमा कृति उच्च कोटीको यात्रासंस्मरण बन्न सहृल देखिन्छ ।

## ४.६.२ सर्वजित विश्वकर्माको जीवनी (२०६३) को अध्ययन

जीवनीलाई निबन्ध विधाकै उपविधाका रूपमा मानिएको पाइन्छ । नेपाली साहित्यको इतिहासलाई पल्टाएर हेर्ने हो भने जीवनी लेखनको परम्परा निकै अघिदेखि चलिआएको पाइन्छ । प्राचीन नेपाली लोककथा र लोकगाथा आदिमा वीर पुरुष तथा राजा महाराजाहरूको जीवन गाथालाई समेटिएको हुन्थ्यो भने लिच्छविकाल तथा मल्लकालीन समयमा देवीदेवताहरूको मठमन्दिरका शिला, देवल तथा स्तम्भहरूमा पनि त्यति बेलाका शासक, राजा महाराजा आदिको जीवन गाथा लेख्ने परम्परा थियो, जसले जीवनीविधा जन्मनका लागि पृष्ठभूमिको काम गऱ्यो ।

साहित्यिक संस्कृत भाषामा लेखिने यस्ता अभिलेखहरूमध्ये वि.सं.५२१ को चाँगुनारायण स्थानको मानदेवको अभिलेख र वि.सं. ७८८ को द्वितीय जयदेवको पशुपति अभिलेख महत्वपूर्ण मानिन्छ । यी अभिलेखहरूमध्ये पहिलोमा राजा मानदेवको जीवनीमाथि र पछिल्लोमा चाँहि द्वितीय जयदेवको जीवनीमाथि प्रकाश पारिएको छ ।[८२]

नेपाली भाषामा सर्वप्रथम विस्तृत गोरखाका संस्थापक रामशाह (इ.१६०६-३६) को जीवनी लिपिबद्ध भयो, त्यसपछि इतिहासका क्रममा आधुनिक नेपालका निर्माता श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको जीवनी नेपाली भाषामा लिपिबद्ध भयो ।[८३]

### ४.६.२.१ जीवनीको परिचय र परिभाषा

कुनै व्यक्तिको जीवनमा घटेका विविध घटनाक्रमहरूलाई समेटेर तयार पारिएको लेखविशेष लाई जीवनी भनिन्छ । सामाजिक, राजनीतिक, साहित्यिक आदि कुनै पनि क्षेत्रमा विशिष्ट योगदान गरेका व्यक्तिहरूको जीवनी लेखन गरिन्छ । हुनत सामान्य योगदान गरेका

---

८२ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* पूर्ववत् , पृ.१८० ।

८३ पूर्ववत् , पृ. १७२ ।

मानिसको पनि जीवनी लेख्न नसकिने होइन तर कुनै पनि क्षेत्रमा विशिष्ट योगदान दिने महापुरुषहरूको जीवनी लेखन सम्पूर्ण दृष्टिकोणबाट औचित्यपूर्ण ठहर्दछ ।

## परिभाषाहरू

कसैको जीवन चरित्रलाई लिएर लेखिएको रचनालाई जीवनी भनिन्छ । महान् वा प्रख्यात व्यक्तिको जीवनकथालाई लिएर जीवनी लेखिन्छ ।[८४]

व्यक्तिविशेषको सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव, अनुभव तथा कियाकलापको कमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको गद्यरचनालाई जीवनी साहित्य भनिन्छ ।[८५]

जीवनीमा आवश्यकता र उपयुक्तता हेरेर कुनै व्यक्तिविशेषको जीवनको समग्र वा आंशिक वृत्तान्तको प्रस्तुति हुन्छ ।[८६]

## ४.६.२.२ जीवनीका आधारभूत तत्वहरू

साहित्यका अन्यविधाहरू जस्तै जीवनीका आधारभूत तत्वहरूका बारेमा पनि विद्वान्हरू बीच मतैक्य पाइँदैन । निबन्ध विधामा भन्दा केही पृथक् तत्वहरूको अपेक्षा जीवनीमा   गरिन्छ । जीवनीका लागि यी विभिन्न तत्वहरू आवश्यक छन् :-

क) विषयवस्तु

ख) पात्र

ग) परिवेश

घ) उद्देश्य

ङ) भाषाशैली ।[८७]

यिनीहरूको छोटकरी परिचय यस प्रकार रहेको छ :-

### क) विषयवस्तु

साहित्यका अन्य निबन्धात्मक उपविधाहरू जस्तै जीवनी विधा पनि निश्चित विषयवस्तुमा आधारित हुन्छ । विषयवस्तु अन्तर्गत जीवनीका पात्रको वास्तविक जीवनमा

---

८४ केशवप्रसाद उपाध्याय, *साहित्य प्रकाश,* पूर्ववत्, पृ.१५८ ।

८५ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, ने*पाली साहित्यको सङ्क्षिप्त इतिहास,* पूर्ववत् , पृ.१७० ।

८६ मोहनहिमांशु थापा, *साहित्य परिचय,* पूर्ववत् पृ.२०२ ।

८७ पूर्ववत्, पृ. २०३ ।

घटेका घटना र दुर्घटनाको शृंखला रहन्छ । समग्रमा भन्नुपर्दा जीवनीका चरित्रनायकको जन्म, बाल्यकाल, शिक्षादीक्षा, व्यक्तित्वका विविध पाटाहरू, मृत्यु भइसकेको भए मृत्युको कारण र प्रसङ्ग तथा उनको जीवनमा घटेका विशेष घटना प्रसङ्गहरू नै जीवनीको विषयवस्तुका रूपमा समावेश भएका हुन्छन् ।

**ख) पात्र**

आख्यानात्मक विधाहरूमा जस्तै जीवनीमा पनि पात्र र चरित्रनायकको आवश्यकता पर्दछ । जीवनीको केन्द्रीय पात्र भनेको चरित्रनायक नै हुन्छ । जीवनीका नायक वा मूल पात्रले राष्ट्रिय जीवनमा विशिष्ट भूमिका निर्वाह गरेको हुनुपर्दछ । विशिष्ट पात्रको केन्द्रीयतामा मात्र जीवनी रोचक, आकर्षक र कौतुहलबर्द्धक हुन्छ ।[८८]

**ग) परिवेश**

कुनै पनि व्यक्ति आफ्नो सामाजिक धरातल र त्यसको परिवेशबाट अलग रहन सक्दैन । जीवनीमा कथा र उपन्यासमा जस्तो परिवेशको भौतिक आधार त मूल रूपमा नै हुँदैन तर परिवेशको मानसिक आधार भने स्पष्ट रूपमा हुन्छ ।[८९] व्यक्ति विशेषको सम्बन्ध समाज, संस्कृति, राजनीति आदिसँग हुने भएकाले जीवनीबाट तत्कालीन सामाजिक, सांस्कृतिक वा राजनैतिक परिवेश बुझ्न सकिन्छ ।[९०]

**घ) जीवनदृष्टि**

जीवनीमा पात्र वा चरित्रनायकको जीवनका विविध पक्षहरू उद्घाटित भएको हुन्छ, जसले कुनै न कुनै जीवनदृष्टि व्यक्त गरिराखेको हुन्छ । जीवनीमा विभिन्न घटना र परिवेशका आधारमा भावभूमि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रकट भएको हुन्छ । अप्रत्यक्ष प्रस्तुतिमा नै जीवनी कलापूर्ण र प्रभावपूर्ण हुन्छ ।[९१]

**ङ) भाषाशैली**

---

८८ मोहनहिमांशु थापा, *साहित्य परिचय,* पूर्ववत् पृ.२०४ ।

८९ पूर्ववत् , पृ.२०४ ।

९० दयाराम श्रेष्ठ र मोहनराज शर्मा, *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* पूर्ववत् , पृ.१७० ।

९१ मोहनहिमांशु थापा, *साहित्य परिचय,* पूर्ववत् पृ.२०४ ।

जीवनीको कथ्यरूप भाषाशैलीको माध्यमद्वारा नै अभिव्यक्त हुन्छ ।[ञछड] जीवनीमा सरल, सुबोध र रोचक भाषाशैली प्रयुक्त हुनु पर्दछ । आवश्यकता अनुसार वर्णनात्मक वा विवरणात्मक शैलीको प्रयोग गर्न सकिन्छ ।

यिनै मूलभूत तत्वहरूका आधारमा ‘सर्वजित विश्वकर्माको जीवनी’ कृतिको अध्ययन, विश्लेषण गरिन्छ ।

## ४.६.२.३ कृति परिचय

वि.सं. २०६३ सालमा जनउत्थान प्रतिष्ठानबाट प्रकाशित साहित्यकार बरालीको यस कृतिमा वि.सं.१९९० शुरुवातदेखि वि.सं.२०१२ सालभित्र भएका घटना विवरणहरूलाई प्रस्तुत गरिएको छ । नेपालमा जहानियाँ निरङ्कुश राणाशासन चलिरहेको सङ्कटपूर्ण समयमा नेपालको दुर्गम पहाडी गाउँबाट सङ्गठित रूपमा दलित आन्दोलनको प्रारम्भ गर्ने ऐतिहासिक व्यक्तित्व सर्वजित वि.क. को जीवनका विविध पक्ष र मोडहरूलाई समेटेर यो कृति तयार पारिएको हो ।

यस कृतिमा सर्वजित विश्वकर्माको जीवनीका साथै उनको नेतृत्वमा खोलिएको विश्वकर्मा सर्वजन सुधार सङ्घका अन्य सदस्यहरूको नामावली, सङ्गठनले गरेको सङ्घर्षका कार्यक्रम र यसका परिणामहरू, सङ्गठनका सबल एवम् दुर्बल पक्षहरू, सर्वजितको निधनपश्चात् सो सङ्गठनले गरेका विविध दलित मुक्ति सङ्घर्षका उदाहरणका साथै नेपालमा सर्वजितद्वारा गरिएको विश्वकर्मा सर्वजन सुधार सङ्घको स्थापना भन्दा करिब बाउन्न वर्ष पहिले बहुसङ्ख्यक प्रवासी नेपालीहरू रहेको भारतको सिक्किममा भएको जातीय विभेदका विरुद्धमा स्थापित दलित सङ्गठन आगमसभा, यसका संस्थापक मनबिरसिंह रसाइली र उनीद्वारा इ.सं.१९२५ मा छापिएको अछुत जातिसम्बन्धी पुस्तक “विश्व ब्रामण वर्णन” को सङ्क्षिप्त चिनारी प्रस्तुत गरिएको छ । जुन पुस्तकमा विश्वकर्मा थर र गोत्रावलीको बारेमा लेखिएको छ ।

प्रसङ्गवश दलित आन्दोलनका यस्ता केही ऐतिहासिक विवरणहरू उल्लेख गरिए तापनि मूल रूपमा यस कृति अन्तर्गत नेपाली भूमिमा साङ्गठनिक रूपमा शुरुवात गरिएको प्रथम दलित मुक्ति आन्दोलनका प्रणेता सर्वजित विश्वकर्माको जीवनीलाई प्रस्तुत गरिएको छ ।

---

९२ पूर्ववत् , पृ. २०५ ।

## ४.६.२.४ 'सर्वजित विश्वकर्माको जीवनी' को विश्लेषण

### ४.६.२.४.१ विषयवस्तु

'सर्वजित विश्वकर्माको जीवनी' कृतिको विषयवस्तु अन्तर्गत उनको जीवनमा घटेका विविध घटनाहरूलाई सिलसिलेवर ढङ्गबाट प्रस्तुत गरिएको छ । यस कृतिमा सर्वजितको जन्म र बाल्यकालका विविध प्रसङ्ग, शिक्षा आर्जन गर्ने क्रमको प्रवास बसाइ, भारतको स्वतन्त्रता सङ्ग्राममा भागलिएका प्रसङ्ग, संस्कृतको अध्ययनपश्चात् शास्त्रका ज्ञाता भएर गाउँमा आई ब्रामण पुरोहितको शैलीमा पूजापाठ गरेर गाउँका सामन्त ब्रामणहरूलाई देखाएको प्रसङ्ग, गाउँका अछूत भनिने जनताहरू माझ जातीय समानताका क्रान्तिकारी विचारहरू सम्प्रेषण गर्ने तथा आफ्नै घरमा शास्त्रार्थ गर्दै प्रवचन र वेदपाठ गर्ने क्रममा गाउँका ठूलाजाति र ब्रामण पण्डितहरूद्वारा सर्वजितको घर तथा उनले पूजापाठ गर्ने मन्दिर तोडफ्होड गरिएको घटना, सर्वजितले जातीय समानताका लागि आन्दोलन अघि बढाउन विश्वकर्मा सर्वजन सङ्घको स्थापना गरे पश्चात् उनलाई सरकार विरोधी पार्टी खोल्ने व्यक्ति भनेर कारागारमा राखिएको घटना, उनका सहकर्मी रिपलाल र लक्ष्मीनारायण जस्ता व्यक्तिहरू पनि जेल परेको प्रसङ्ग, केही समयपश्चात् जेलमुक्त भएपछि पुनःआन्दोलन अघि बढाउने क्रममा सर्वजितको सङ्गठनले जातीयताको पक्षमा विभिन्न नाराहरू लेखेर गाउँघरका चोक, दोबाटो, चौतारो आदिमा टाँगेको आरोपमा मल्लाजका ठूलाबडा भनिने ठकुरीहरूले दलितका घर घरमा पुगेर हातपात गरेका, जसका कारण त्यहाँका दलित गाउँलेहरूको ठूलो संख्या हताहत भएको घटना, सर्वजितको सङ्गठनको आग्रहमा सबै दलितहरूले आफ्नो परम्परागत पेशा जस्तैः ह्लामको आरनको काम, लुगाजुत्ता सिलाउने काम आदि बन्द गरेर काम हडताल गर्ने अभियान चलाएको घटना, राणा सरकारले सर्वजितलाई पक्रेर पुनः केन्दीय कारागार तानसेन पुऱ्याएको घटना, जेलका हाकिमहरूले अनेक डर, धम्की र यातना दिँदा पनि सर्वजित आफ्नो विचारमा अडिग रहेका, तानसेन जेलमा विद्वान् ब्रामण तथा पण्डितहरू भिकाई उनीहरूका अगाडि सर्वजितलाई विभिन्न धार्मिकग्रन्थ र वेद शास्त्र आदि पढेर अर्थ लगाउन आदेश दिइएको घटना, सर्वजितसँगको शास्त्र-अर्थको सभामा सहभागी विद्वान् पण्डितहरूले सर्वजितको तर्कसम्मत शास्त्रार्थबाट हार खाएर हर्केको प्रसङ्ग, उनको तर्कपूर्ण शास्त्र र वेदवेदान्तहरूको व्याख्याले प्रभावित भई

प्रशासनले सर्वजितलाई जेलमुक्त गरिदिएको प्रसङ्ग, सर्वजित गाउँ ह्वर्केपछि उनी लगायत सातजना सङ्गठनका प्रतिनिधि समेत तेह्र दिन पैदल यात्रा गरेर काठमान्डौं पुगी राणा दरबारमा जातीय समानता, गोलभ्करा कर मिनाहा आदि ब्यहोराको सातहात लामो बिन्तीपत्र चढाएको, प्रधानमन्त्री मोहन शम्सेरले सर्वजितका प्रतिनिधि मण्डललाई विश्वकर्माले जनै लाउन पाउने, उनीहरूलाई खड्का क्षेत्री भनिने र गोलभ्करा रकम पनि तिर्न नपर्ने गरी लालमोहर लगाई प्रमाण थमाइदिएको प्रसङ्ग, त्यहाँबाट ह्वर्के पश्चात् सर्वजितको सङ्गठनद्वारा गाउँमा प्राथमिक पाठशाला स्थापना गरिएको, त्यस बखत जनताले स्कूल खोल्न र पढ्न नपाउने हुनाले त्यही निहुँ बनाएर जाली ह्वटाहाहरूले सर्वजितलाई ह्वेरि पकाएर जेल पठाएको प्रसङ्ग, अन्य दमाई, सार्की जस्ता कथित तल्लाजातिहरूको पनि हकहितका उद्देश्यले विश्वकर्मा सर्वजन सङ्घलाई विश्वकर्मा सर्वजन सुधार सङ्घमा परिमार्जन गरिएको घटना, गाउँका सामन्तहरूले सर्वजित र उनको सङ्गठनका बारेमा नकारात्मक हल्ला ह्विँजाई उनीहरू बीच काटाकाट र मारामारको स्थिति सृजना गरेको प्रसङ्ग, परम्परागत कुसंस्कार र त्यसलाई थेग्ने शासक सँगको सङ्घर्ष र आपसी खुट्टा तानातानमा अछूत मुक्ति आन्दोलन रुमल्लिएको घटना, सर्वजितका सहकर्मी साथीहरू पनि निष्क्रिय भएर उनलाई साथ दिन छाडेपछि सर्वजित निराश भई वि.सं.२०१२ सालतिर आफ्नो एक छोरा समेत साथमा लिएर पुनः भारत पसेको र त्यही सालमा उनको मृत्यु भएका जस्ता प्रसङ्गहरू प्रस्तुत जीवनीमा विषयवस्तुका रूपमा आएका छन् । यिनै विविध विषयवस्तु तथा घटनाक्रमहरूका माध्यमबाट जीवनीका चरित्रनायक सर्वजित विश्वकर्माको जीवन विभिन्न पक्षबाट उद्घाटित भएको पाइन्छ ।

### ४.६.२.४.२ पात्र

'सर्वजित विश्वकर्माको जीवनी' का चरित्रनायक स्वयं सर्वजित विश्वकर्मा हुन्, जो नेपालको पश्चिमी भू-भागमा अवस्थित बाग्लुङ् जिल्लाको मुलपानी गैरीगाउँ भन्ने विकट स्थानमा जन्मिएका थिए । कथित तल्लो जात र 'अछूत' को संज्ञा दिइने विश्वकर्मा परिवारमा जन्मिएका उनले बालककालदेखि नै गाउँका ठूला जात भनिने सामन्त तथा पण्डित पुरोहितहरूको अपमानपूर्ण व्यवहार सहनुपरेको थियो, जसका कारण बालक उमेरदेखि नै उनमा यस्तो विभेदपूर्ण व्यवहार र सामन्ती संस्कार विरोधी भावना जागृत हुन पुग्यो । यसैले आह्वू सुशिक्षित र सुसंस्कृत बनेर समाजमा आफ्नो पुर्खाको पालादेखि जरो

गाडेर बसेको हिन्दु सामन्ती संस्कार र विभेदतापूर्ण व्यवहार हटाउने अठोट उनले गरेका थिए । गाउँका पढेलेखेका ब्रा्मणहरूसँग अक्षर सिकाइमाग्न जाँदा “कामीको छोराले हातमा किताब लिएर हिँड्न सरम लाग्दैन ?”, “धर्मशास्त्रका कुरा बुझ्न त ब्रा्मणको छोरा भएर जन्मनुपर्छ ।” भन्ने जस्ता वचनवाणले उनको मुटु छिया छिया हुन पुग्थ्यो । यसपछि आँहू सुशिक्षित बनेर गाउँ र समाजमा परिवर्तन ल्याउने अभिलाषा पूरा गर्न उनी बनारस पसे र त्यहाँ पनि विभिन्न सङ्घर्षहरूको सामना गर्दै संस्कृत शिक्षा र हिन्दु धर्मशास्त्रको समग्र अध्ययन गरी शास्त्रका अर्थ र वेद वेदान्त आदिमा पारङ्गत भई निकै वर्षपछि आफ्नो गाउँ हृर्कन्छन् । त्यसपछि आफ्नो घरको आँगनमा मन्दिर तथा तुलसीको मठ स्थापित गरेर जनै र धोतीपाटा हृेर्दै हरेक दिन ब्रा्मण पुरोहितको घरमा जस्तै गरी शङ्ख घण्टा बजाउँदै पूजा गर्ने तथा हामी सबै जाति एकै हौं, कुनै पनि धर्म र ईश्वरले ऊँचनीच जात भनेर छुट्याएका छैनन् , जातले होइन आचरणले मानिस सभ्य र ठूलो हुन्छ भन्दै गाउँगाउँमा चेतना हृैलाउने अभियान चलाउँछन् । जसकारण उनी गाउँका पण्डित, पुरोहित र ठूला जात भनाउँदाहरूको आँखाको कसिङ्गर बन्न पुग्छन् र उनलाई अनेक यातना, प्रताडना र जेलको सजाँयपनि भोग्न बाध्य पारिन्छ , तापनि हार नमानी आफ्नो तर्कशक्तिले सबैलाई परास्त गर्दै आफ्नो मार्गमा उनी विचलित नभई अधि बढ्छन् । जब आफ्नै केही विश्वासिला सहकर्मीहरूले समेत साथ छोडिदिन्छन् तब उनी निकै विचलित हुन पुग्दछन् । उनको अन्त्यपछि पनि उनले स्थापना गरेको सङ्गठन पछि पुनर्गठन हुन्छ र सर्वजितले देखाएको बाटो अवलम्बन गर्दै इतिहासका विविध कालखण्डमा जातीय विरोधी आन्दोलनका आवाजहरू उठ्दै आइरहेका छन्, जसकारण सर्वजितले सङ्घर्ष गरेर बाँचेको समाज र वर्तमान परिवर्तित समाजमा आकाश जमिन अन्तर आइसकेको छ । जातीय विभेदताको कालो बादल हाम्रो समाजबाट क्रमशः मेटिने क्रममा छ ।

नेपालमा छुवाछुत र जातीय विभेदको विरुद्धमा सङ्गठन खोली आवाज उठाउने प्रथम व्यक्तिका रूपमा सर्वजित विश्वकर्मा र उनको नेतृत्वमा खोलिएको ‘विश्वकर्मा सर्वजन सुधार सङ्घ’ को नाम नेपालको जातीय आन्दोलनको इतिहासमा स्वर्णाक्षरले अङ्कित छ । यसप्रकार जीवनीका नायक वा मूलपात्रले राष्ट्रिय जीवनमा विशिष्ट भूमिका निर्वाह गरेको हुनुपर्छ भन्ने मान्यता अनुरूपकै नायकका रूपमा सर्वजित विश्वकर्मा यस जीवनीमा उभिएका छन् । उनकै जीवनका जन्मदेखि, पारिवारिक पृष्ठभूमि, समाजमा उनले दिएको योगदान आदि विविध पक्षहरूलाई यस कृतिमा समेटिएको छ ।

### ४.६.२.४.३ परिवेश

प्रस्तुत जीवनीमा वि.सं.२००७ साल भन्दा अघिको राणाकालीन समयमा नेपालको पहाडी जिल्ला बाग्लुङ्को विकट गाउँमा जन्मिएर आजीवन जातीय समानताको पक्षमा साङ्गठनिक रूपमा सङ्घर्ष गरेका एक कान्तिकारी युवाको जीवनका विविध आरोह अवरोहहरूलाई प्रस्तुत गरिएको छ । यस कृतिमा परिवेशको रूपमा सोही गाउँकै दलित बस्ती, कालीगण्डकी नदी, भिर, पाखा, पखेरा तथा कतै कतै प्रसङ्गवश काठमान्डौंको राणादरबार, भारतको नौतनवा, गोरखपुर, काशी, बनारसका साथै भारतको स्वतन्त्रता सङ्ग्रामको सन्दर्भ आदिलाई पनि परिवेशका रूपमा प्रस्तुत गरिएको छ । त्यसै गरी पुरातनवादी संस्कृतिमा रूमल्लिएको समाज, अग्रगमनतर्ह जान चाहने कान्तिकारी व्यक्तिहरू तथा गाउँका शोषक सामन्तहरू बीचको द्वन्द्वात्मक परिवेश पनि प्रस्तुत जीवनीमा आएको छ ।

### ४.६.२.४.४ जीवनदृष्टि

प्रस्तुत जीवनीमा नायक सर्वजितका माध्यमबाट विविध खाले जीवनदृष्टि प्रस्तुत गरिएको छ । आँहूविरुद्ध जस्तोसुकै छलकपट, दमन र षड्यन्त्रको चकव्यूह रचिए तापनि समाज परिवर्तनको सन्मार्गमा हिँडेको योद्धाले विचलित नभई जोश, जाँगर, साहस र निर्भीकताका साथ अघि बढ्नु पर्दछ भन्ने जीवनदृष्टि सर्वजितको माध्यमबाट व्यक्त गरिएको छ भने मानिस जन्मले होइन, कर्मले महान बन्दछ , कुनैपनि वेद वेदान्त र धर्मशास्त्रले जातीयताको आधारमा मानवलाई, ऊँचनीच भनेर छुट्टाएको छैन । हामी सबै मानव सृष्टिकर्ताका सन्तान हौं, जसको अस्तित्व उनै परब्रम परमेश्वरसँग जोडिएको छ भन्ने जस्ता अध्यात्मवादी जीवनदृष्टि पनि यस कृतिमा व्यक्त गरिएको छ ।

### ४.६.२.४.५ भाषाशैली

प्रस्तुत जीवनीको भाषाशैली सरल, सुबोध र रोचक छ । विषयवस्तु र घटनाको प्रस्तुतिका कममा वर्णनात्मक तथा विवरणात्मक दुबै शैली अवलम्बन गरिएको छ । कृतिनायक सर्वजित विश्वकर्मा बनारस गई शिक्षा आर्जन गरी संस्कृतका प्रकाण्ड विद्वान् बनेर आएपश्चात् गाउँमा जातीय समानता सम्बन्धी जनजागरण हैलाउने उद्देश्यले वेद र

धर्मशास्त्रमा उल्लिखित विषयवस्तुहरूलाई प्रस्तुत गर्ने सिलसिलामा उनले उजागर गरेका संस्कृतका वर्ण विभेद सम्बन्धी श्लोकहरूलाई जीवनीकारले सोही रूपमै यस कृतिका विविध ठाउँहरूमा प्रयोग गरेका छन् ।

जस्तैः"जन्मना जायते शूद्रः, संस्काराद्‌द्विज उच्यते ।

वेदपाठाद्‌भवेत् विप्रो ब्रम जानाति ब्रामण ॥"

अर्थात् जो कोही पनि जन्मदा शूद्र भएर आएको हुन्छ,

आचार संस्कार सुधार गरेपछि ब्रामण बन्न सक्दछ ।

(सर्वजित वि.क. को जीवनी पृ.७)।

विभिन्न स्थानहरूमा संस्कृतबाट आएका शब्दहरूलाई जस्ताको त्यस्तै प्रयोग गरिएको छ । जस्तैः- नेत्र, वर्ण, प्रसव, तमाम , कर्म, पैतृक,चक्षुंदृश्य, छेदन , ध्येय, अपितु, परन्तु, अहम् , मांस, सनातन दर्पण , तामसी आदि ।

कहीँ कहीँ हिन्दी भाषाबाट आएका शब्दहरूको प्रयोग पनि प्रस्तुत कृतिमा गरिएको छ ।

जस्तैः- मोहल्ला , हबेली आदि ।

त्यसै गरी कतिपय स्थानहरूमा नेपाली मौलिक शब्दहरूको पनि प्रयोग गरिएको छ ।

जस्तैः- झ्याँको झराइ, जोतोमोतो, हत्तेहिरिन, डोम , चमार, नाथे, पाजी आदि ।

कुनै कुनै ठाउँहरूमा जीवनीकारले अंग्रेजीका आगन्तुक शब्दहरूको पनि प्रयोग गरेका छन् ।

जस्तैः- युनियन, मुड, स्पिरिट आदि ।

कतै कतै नेपाली उखान टुक्काहरूको प्रयोग गरिएको पनि पाइन्छ ।

जस्तैः- भातपानी सोलीडोली

राजाको आज्ञा बाउको दूहाई आदि ।

यसरी हिन्दी, संस्कृत, अंग्रजी आदि स्रोतबाट आएका शब्दहरूको प्रसस्तै प्रयोग गरिए तापनि ती बोधगम्य र चलनचल्तीमै आइरहने शब्दहरू भएकाले समग्रमा यस कृतिको भाषाशैली सामान्य पाठकहरूले पनि बुझ्न सकिने खालको छ ।

### ४.६.२.४.६ निष्कर्ष

जनउत्थान प्रतिष्ठानबाट वि.सं.२०६३ सालमा प्रकाशित साहित्यकार बरालीको यस कृति (जीवनी) मा दलित मुक्ति आन्दोलनका जन्मदाता सर्वजित विश्वकर्माको जीवनमा घटेका उल्लेखनीय घटना र विविध उतारचढावहरूलाई प्रस्तुत गरिएको छ । निरङ्कुश जहानियाँ राणाशासनको कठोर परिस्थिति र त्यसमा पनि अझ नेपालको विकट पहाडी गाउँमा कथित तल्लो जातमा जन्मिएका सर्वजित विश्वकर्मा जसले नाफ्ओ दृढ इच्छाशक्ति, अदम्य साहस र आँटका कारण समाजका ठूलाबडा भनाउँदा सामन्तहरूलाई चुनौती दिँदै सम्पूर्ण शास्त्र र वेद वेदान्तहरूको अध्ययन गरी विद्वत्त हासिल गर्नुका साथै समाजमा सदियौंदेखिको जातीय विभेदताको साङ्लोमा अल्झिएका निरीह जनताहरूमा ज्ञानको अलौकिक ज्योति र कान्तिकारी विचारधारा सम्प्रेषण गर्दै जातीय मुक्ति आन्दोलनको सूत्रपात गरेका थिए । यस्ता ऐतिहासिक व्यक्तित्वको जीवनी जोकोहीका लागि पनि उदाहरणीय हुन सक्छ । जम्मा पचास पृष्ठमा संरचित यो कृति आकारमा सानो भए तापनि यसमा सर्वजित विश्वकर्माको जीवनको जन्मदेखि मृत्युसम्मका विविध घटनाक्रमहरूलाई समेटिएको छ । स्तरीय र बोधगम्य भाषाशैलीका कारण कृति थप ओजिलो बन्न पुगेको छ ।

## ४.७ रणेन्द्र बरालीको साहित्येतर कृति ˘ नेपालमा अछूत जातीय सङ्घर्ष ’ (केही योद्धाहरूको परिचय) को सङ्क्षिप्त विश्लेषण

साहित्यकार रणेन्द्र बरालीले विविध विधाका साहित्यिक कृतिहरू सृजना गर्नुका साथै साहित्येतर लेखहरू लेख्ने कार्यमा पनि क्रियाशील रहेका छन् । उनका विविध खोज तथा अनुसन्धानमूलक र राजनीतिक विषयवस्तु अन्तर्गतका लेखहरू विभिन्न समयमा पत्रपत्रिकाहरूमा प्रकाशित भइरहेका छन् । उनको पुस्तकाकार रूपमा प्रकाशित खोज तथा अनुसन्धानमूलक कृति **नेपालमा अछूत जातीय सङ्घर्ष** (केही योद्धाहरूको परिचय) नामक पुस्तक हो । जम्मा पैतालीस पृष्ठमा संरचित यस पुस्तकको प्रथम संस्करण वि.सं.२०३८ सालमा प्रकाशित भएको थियो भने यसैको केही परिमार्जित संस्करण वि.सं.२०५० सालमा प्रकाशित गरिएको थियो । यस पुस्तकको २०३८ सालमा प्रकाशित प्रथम संस्करण हाल प्राप्त हुन नसकेकोले २०५० सालमा प्रकाशित दोस्रो संस्करणकै आधारमा सङ्क्षिप्त व्याख्या

विश्लेषण गरिएको छ । आकारमा सूक्ष्म भए तापनि यस कृतिले नेपालको इतिहासमा भएका केही महत्त्वपूर्ण जातीय सङ्घर्षहरू र त्यसका योद्धाहरूको चिनारी दिन सह्रल भएको छ ।

साहित्यकार बरालीद्वारा लिखित यो पुस्तक साहित्यिक कृति अन्तर्गत नपर्ने हुनाले यसलाई विविध दृष्टिकोणहरूबाट व्याख्या विश्लेषण नगरी सरसर्ती छोटो अध्ययन र विश्लेषण मात्र गरिएको छ ।

## ४.७.१ पृष्ठभूमि

नेपाल एउटा जातीय विभेदताले भरिएको हिन्दुराष्ट्र हो । हिन्दुधर्मका कतिपय आचार विचार र नीति नियमहरू मानवीय हितका लागि उपयुक्त छन् भने कतिपय यस्ता नीति नियम र व्यवस्थाहरू पनि अन्तरनिहित छन् , जसले समाजलाई विभेदताको जालोमा अल्झाएर खण्डित पार्दछ । समाजलाई यस्तै नकारात्मक प्रतिह्रल दिने हिन्दुधर्मको वर्ण विभेदता हो । यस अन्तर्गत ब्रा्मण, क्षेत्री, वैश्य र शूद्र गरेर चार वर्णमा मानव जातिलाई खण्डित गरिएको छ, जसले समाजमा सकारात्मकभन्दा ज्यादा नकारात्मक प्रभाव नै पारेको देखिन्छ ।

सदियौं अघिदेखि बहुसंख्यक नेपालीहरू जन्मजात रूपबाटै ‘अछूत’ कहलाइएका छन् र ब्रा्मण, क्षेत्री जस्ता ठूलाजात भनाउँदाहरूबाट उनीहरू सदैव शोषित र पीडित भइरहेका छन् । हाम्रो समाजमा कथित ‘अछूत’ को रूपमा जन्मलिएका व्यक्तिहरूलाई डोम, चमार, भाते, पाजी, करेटा जस्ता तल्लो स्तरको संज्ञा दिइन्छ । उनीहरूको छाँयाले समेत छुन नहुने र शुभकार्य र शुभसाइतमा उनीहरूको अनुहार देखेमा समेत साइत पर्दैन भन्ने जस्ता कुविचार समाजका केही उच्चजात भनाउँदाहरूमा विद्यमान रहेको पाइन्छ ।

आज विश्व एक्काइसौं शताब्दीको वैज्ञानिक चमत्कारको युगसम्म आइपुग्दा हाम्रो समाजको जातीय विभेदपूर्ण संस्कारमा केही परिवर्तन भने अवश्य आएको छ । कानूनले समेत सबै जातिलाई समान हक, अधिकार, मठ मन्दिर, धारा, पँधेरा जस्ता सार्वजनिक स्थलहरूमा दलितले प्रवेश गर्न पाउने अधिकार तथा अन्तरजातीय विवाह समेतलाई मान्यता प्रदान गरेको पाइन्छ तर समाजमा यस्तो खाले परिवर्तन त्यसै आएको भने पक्कै होइन । इतिहासको कालखण्डमा जातीय विभेदता विरोधी थुप्रै विद्रोहपूर्ण स्वरहरू घन्किएका थिए, थुप्रै दलित दाजुभाइहरूले प्राण आहुति समेत गरेका थिए । यसरी नेपालको इतिहासको विभिन्न समयमा जन्मिएका केही वीर पुरुषहरू, जसले नाफओ तर्कशक्ति, साहस, त्याग र बलिदानका माध्यमबाट जातीयताको साङ्लोलाई केही मात्रामा भए पनि तोड्ने काम गरेका

थिए । यस पुस्तकमा यस्तै केही जातीय समानताको आन्दोलन र तिनका प्रणेता वा शीर्षस्थ योद्धाहरूका बारेमा छोटकरी परिचय र के कस्ता रूपमा जातीय विभेदता र छुवाछुत विरोधी आन्दोलनहरू अगाडि बढाइएको थियो भन्ने जस्ता खोज तथा अनुसन्धानमूलक तथ्यहरूलाई विविध शीर्षकहरू दिइएर प्रस्तुत गरिएको छ, जसलाई निम्न अनुसार सङ्क्षिप्त रूपमा उल्लेख गर्न सकिन्छ :-

### ४.७.२ भगत सर्वजित विश्वकर्मा

भगत सर्वजित विश्वकर्माका बारेमा बरालीले उनको ˘जीवनी' पनि लेखेका छन् , जसको चर्चा तथा अध्ययन विश्लेषण अघिल्लो परिच्छेदमा गरिसकिएको छ । बनारसमा गई अध्ययन गरी संस्कृतका ज्ञाता बनेर वेद, धर्मशास्त्र आदिको अध्ययन गरी नोफ्आ गाउँमा हुर्केर जातीय समानताका पक्षमा तर्कपूर्ण शास्त्रार्थद्वारा लडेका योद्धा सर्वजित विश्वकर्मा ले ब्रा़मणको जस्तै नित्यकर्म, पूजाआजा गर्ने र जनै लगाउने हुनाले उनलाई ˘भगत' सर्वजित भन्ने गरिन्थ्यो । नेपालमा सङ्गठन खोलेर यसका माध्यमबाट जातीय विभेदताको विरुद्धमा आवाज उठाउने प्रथम साहसी व्यक्तित्वका रूपमा दलित आन्दोलनको इतिहासमा उनको नाम स्वर्णाक्षरले अङ्कित छ । यस अनुसन्धानमूलक पुस्तकमा पनि विविध जातीय आन्दोलनका स्वरूपहरूलाई यस पुस्तकमा उल्लेख गरिएको छ ।

### ४.७.३ लाले तिम्रो सम्झनामा

प्रस्तुत पुस्तकको दोस्रो शीर्षक ˘लाले तिम्रो सम्झनामा' अन्तर्गत स्याङ्जा जिल्लाको बाहाँकोट गाउँमा कथित ˘अछूत' जातमा जन्मिएका लालबहादुर परियार र दलित आन्दोलनमा उनले पु-याएको योगदानको व्याख्या विश्लेषण गरिएको छ । किशोर अवस्थामा बर्मा गई दुइचार वर्ष बिताए पश्चात् भारतमा आई ˘आजाद हिन्द' पल्टनमा भर्ती भएर अङ्ग्रेज विरोधी आन्दोलनमा वीरतापूर्ण केही समय लडेपश्चात् नैफ्पुनःआ मातृभूमिमा केही गर्ने अभिलाषासहित नेपाल आएका थिए । त्यतिबेला नेपालमा जहानियाँ राणाशासन विद्यमान थियो ।

भारतमा बसेका राणाविरोधी आन्दोलनका नेपाली नेताहरूसँग मिलेर उनले नेपालका गाउँ गाउँमा राणाविरोधी पर्चा पम्पलेट बाँड्ने र पिछडिएका जनमानसमा सचेतना हैलाउने काम गर्थे । राणाशासनको अन्त्यपश्चात् उनी नेपाल प्रहरीको इन्सपेक्टर बनेर दुर्गम भेगहरूमा

गई सामन्त र जाली हृटाहहरूलाई कारवाही गर्ने र दलित मुक्ति आन्दोलन सञ्चालन गर्नमा लागि पर्दछन् । साथै जागिरे जीवनपश्चात् पनि विभिन्न राजनैतिक पार्टी र सङ्गठनहरूमा आबद्ध भई उनी आजीवन गरीब र शोषित पीडित जनताका पक्षमा सर्वस्व सुम्पिएर लागि परेका थिए। यिनै लालबहादुरको जीवनमा आएका विविध उतारचढाव र सङ्घर्षहरूलाई पनि पुस्तकको यो उपशीर्षक अन्तर्गत लेखकले प्रस्तुत गरेका छन् । साथै अन्तमा लेखकले लालबहादुरको सम्भनामा केही लयात्मक पङ्क्तिहरू पनि प्रस्तुत गरेका छन् । जस्तैः-

> "यहाँ सच्चाइको रेखा अवश्य कोरिने छ, तिमी जनसङ्घर्षको गोरेटोमा अघि अघि हुने छौ । जनताको ढुकढुकीमा चलिरहने छौ र तिमी सदा रहिरहने छौ । "
>
> (नेपालमा अछूत जातीय सङ्घर्ष, पृ. २७ । )

## ४.७.४ गंगाबहादुर परियार

वि.सं.१९७७ मा पाल्पा जिल्लाको देउखुरी गाउँमा कथित 'अछूत' जातमा जन्मिएका गंगाबहादुर परियारले अछूत जातीय मुक्ति आन्दोलनको विकासमा पु-याएको योगदानका बारेमा पनि यस पुस्तकमा चर्चा गरिएको छ ।

वि.सं.२०२० सालमा राजा महेन्द्रबाट नयाँ ऐनको घोषणा भएपश्चात् नेपाल राष्ट्रिय दलित जनविकाश परिषद् खोलिएको थियो । यसै सङ्गठनका माध्यमबाट उनले नेपालको जातीय आन्दोलनमा ठूलो योगदान पु-याएका थिए । उक्त सङ्गठनको शाखा उपशाखाहरू खोलेर परिषद्लाई देशभरि हैलाउन जोड दिएका थिए । उनी सारै निःस्वार्थी भएकाले तनमन र धनले नै जनताको सेवा गर्थे । नाफ्ओ घर जग्गा र अन्य वस्तु बेचेर भए पनि उनले सङ्गठन चलाउने आवश्यक खर्च जुटाइदिन्थे ।[ज्ञछढ] उनले धन, पद र नामको लागि काम गरेनन् । आत्मा बेचेर नाम, पद र धन कमाउनेलाई उनी घृणा गर्दथे ।

## ४.७.५ सङ्घर्षको परिणाम

यस शीर्षक अन्तर्गतको लेखमा विगतका दलित आन्दोलनका स्वरूपहरू, केही आन्दोलन मात्र सहृल भएका र धेरै आन्दोलनले असहृलता हासिल गरेका उदाहरणहरू तथा सङ्घर्षको तरिका र नीति निर्माण सही नभएका कारण विगतका धेरै जातीय आन्दोलनहरू असहृल भएको हो भन्ने जस्ता विचारहरू लेखकले प्रस्तुत गरेका छन् ।

---

९३ रणेन्द्र बराली,' नेपालमा अछूत जातीय सङ्घर्ष '(केही योद्धाहरूको परिचय), दोस्रो संस्करण,(माछापुच्छ्रे छापाखाना,चिनवन), पृ.३२ ।

### ४.७.६ दबिल्ला सङ्घर्ष

यो यस पुस्तकको अन्तिम शीर्षकको लेख हो । यस अन्तर्गत वि.सं.२०४७ सालको महानवमीको दिनमा नवलपरासी जिल्लाको 'दशरथवस्ती दबिल्ला' भन्ने गाउँका चन्द्रबहादुर वि.क. भन्ने व्यक्तिले सोही गाउँमा अवस्थित दुर्गा मन्दिरभित्र गई पूजा गरेको घटना, यसकारण दलितले मन्दिरभित्र पसेर पूजा आजा गर्न नहुने, अन्यथा मन्दिर र देवीदेवताहरूको सतीत्व हरण हुन्छ भन्ने हिन्दु मान्यता बोक्ने ठूलाजात भनाउँदा ब्रा्मणहरूका साथमा सम्पूर्ण गाउँलेहरू मिलेर चन्द्र वि.क. लाई निर्घात हुने गरी पिट्ने, आँखामा खुर्सानीको धूलो छर्ने र दिसा समेत मुखमा कोचिदिने जस्ता अत्याचार गरेका घटना, मन्दिरको धुरी ह्वोरेर घामभित्र छिराई मन्दिर र देवताहरूलाई चोख्याउने खर्च भन्दै चर्को रकम तिर्न लगाइएको, सो रकम तिर्न नसकेपछि चन्द्रको काम गरिखाने भाँडोको रूपमा रहेको गोरु गाडा समेत कब्जा गरिएको घटना, त्यसपछि त्यो अन्याय र अचाक्ली सहन नसकी चन्द्र वि.क. को परिवारले जिल्ला प्रहरी कार्यालय र प्रशासन कार्यालय आदि सबैतिर हारगुहार माग्न र मुद्दा जाहेर गर्न पुगेका, कतै पनि उनीहरूको कुरा नसुनिएको र उल्टै कामी भएर नोफ्आ थान्कामा नबस्नेको यस्तै हाल हुन्छ भन्ने खप्की खानु परेको घटना, त्यसपछि चन्द्रको परिवारले नैफ्आ दलित समाजलाई विभिन्न स्थानबाट जम्मा पारी प्रशासन कार्यालय घेराउ गरी नोफ्आ जातीय हक र अधिकारका लागि आन्दोलन गरेका घटना, त्यसपछि बाध्य भएर जि.प्र.का. ले नाटकीय ढङ्गमा ब्रा्मणवादी सामन्तहरूसँग एकथरी कुरा र आन्दोलनकर्ताहरूसँग अर्कै थरी कुरा गरेर मुद्दा मिलाए जस्तो गर्दै चन्द्रको सम्पूर्ण दण्ड जरिवाना मिनाह गरिएको र उनको गोरु गाडा ह्तिर्ता गरिएको, तर जातीय हक र अधिकारका कुनै सवालहरूको पनि जवाह् नदिइकन प्रशासन कार्यालयले घटनालाई साम्य पारेका प्रस•हरू प्रस्तुत गरिएको छ ।

अन्त्यमा यी विविध खाले सङ्घर्षहरूको उदाहरण दिएर लेखकले यो रूढिग्रस्त जातिवादी समाजमा जातीयताको कारणले जो सुकैलाई कूनै पनि बेला जघन्य घटनाको सामना गर्नुपर्नेछ । भावी दुर्दशासँग जुध्नका लागि पिछडिएका दलित समुदायको पहाड जस्तो एकता हुनु पर्दोरहेछ , परिआएको बेला कालो अरिङ्गालको गोलो खनिएजसरी

ओइरिनु पर्ने रहेछ , साथै जातीय मुक्तिको सही दृष्टान्त अनुरूप काम गर्नाले मात्र विजय हासिल गर्न सकिँदो रहेछ भन्ने निष्कर्षात्मक विचार प्रस्तुत गरेका छन् ।[९४]

# परिच्छेद – पाँच

# उपसंहार

## ५.१ परिच्छेद एकको सारांश

यस परिच्छेदमा यसै शोधपत्रको परिचय एवम् रूपरेखा प्रस्तुत गरिएको छ । यस अन्तर्गत शोधशीर्षक, शोधपरिचय, शोधसमस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन र शोधविधि, शोधपत्रको रूपरेखा शीर्षक रहेका छन् ।

## ५.२ परिच्छेद दुईको सारांश

यस परिच्छेदमा रणेन्द्र बरालीको जीवनको अध्ययन, विश्लेषण गरिएको छ । तनहुँ जिल्लाको काहुँ शिवपुर भन्ने स्थानमा पिता झिमलाल बराली र माता अमृता बरालीका कोखबाट वि.सं. २००८ साल श्रावण २ गतेका दिनमा रणेन्द्र बरालीको जन्म भएको हो। प्राथमिक शिक्षा जन्मस्थानमा नै प्राप्त गरेपश्चात् माध्यमिक तहसम्मको अध्ययन चितवनमा आएर पूरा गरेका थिए । त्यसपछि राजनीतिमा हामफालेका उनले स्कूल छाडेको धेरै वर्षपछि प्रवासी जीवन व्यतीत गर्ने क्रममा भारतमा नै इ.सं १९८९ मा म्याट्रिक र १९९३ मा प्रमाणपत्र तहको प्राइभेट परीक्षा दिएर उत्तीर्ण गरेका थिए । यसपछि उनको औपचारिक रूपमा शिक्षा आर्जन गर्ने क्रम अघि बढ्न सकेन ।

वि.सं. २०२० सालमा पहाड घरमै छँदा उनको विवाह दिनु विश्वकर्मासँग भयो। उनका दुई छोरा र दुई छोरी गरी चारजना सन्तान छन् , जसमध्ये एक छोरा र दुई छोरीको घरजम भइसकेको छ । चितवनको नारायणगढमा घर तथा सुनचाँदी पसल भएका बराली

९४ रणेन्द्र बराली, *नेपालमा अछूत जातीय सङ्घर्ष* , पूर्ववत् पृ. ४५ ।

दम्पती हाल काठमान्डौं स्थित घरमा बसोवास गर्दछन् । सुनचाँदी व्यवसाय र घरभाडाबाट आएको आम्दानी नै बराली दम्पतीको मुख्य आजीविकाको स्रोत हो । जीवनको लामो समय व्यावसायिक, राजनैतिक र भूमिगत जीवन व्यतीत गरेका बराली हाल राजनैतिक क्षेत्र तथा साहित्य सृजनामा व्यस्त छन् । नोफआ छुट्टै राजनैतिक छवि स्थापित गरिसकेका बराली साहित्य र राजनीतिलाई अन्योन्याश्रित विषयवस्तु ठान्दछन् । पुरस्कार र सम्मानको मोहबाट टाढा रहेका साहित्यकार बरालीको प्रतिभाको स्वदेशमा हालसम्म उचित मूल्याङ्कन हुन सकेको छैन भने भारतीय दलित साहित्य अकादमीबाट उनलाई इ.सं. १९८९ मा डा. अम्बेडकर फेलोशीप पदक द्वारा सम्मानित गरिएको थियो तथा हालसालै मात्र २४ जुलाई २०११ का दिन अन्तराष्ट्रिय नेपाली साहित्य समाज वासिंग्टन डि.सी. च्याप्टर, अमेरिकाले १९८ औं भानुजयन्ती तथा अ.ने.सा.स. को बीसौं वार्षिकोत्सवको अवसरमा आयोजित भव्य साहित्यिक कार्यक्रममा जनपक्षीय साहित्यकारका रूपमा रणेन्द्र बरालीलाई सम्मान प्रदान गरेको छ ।

## ५.३ परिच्छेद तीनको सारांश

यस परिच्छेदमा रणेन्द्र बरालीको व्यक्तित्व पक्षको अध्ययन गरिएको छ । उनी बहुमुखी व्यक्तित्वका धनी देखिन्छन् । उनलाई साहित्यिक व्यक्तित्वमा कथाकार, उपन्यासकार, नाटककार, निबन्धकारका रूपमा चिन्न सकिन्छ भने साहित्येतर व्यक्तित्वमा राजनैतिक र सामाजिक व्यक्तित्व प्रमुख रहेको छ ।

## ५.४ परिच्छेद चारको सारांश

आधुनिक नेपाली साहित्यको क्षेत्रमा तीसको दशकको अन्त्यतिर देखापरेका रणेन्द्र बरालीले वि.सं.२०४२ देखि हाल २०६८ सम्म लगभग छब्बीस वर्षलामो साहित्यिक यात्रा पूरा गरिसकेका छन् । यस अवधिमा उनले एउटा नाटक, एउटा उपन्यास, एउटा यात्रा संस्मरण र एउटा जीवनी लगायत फुटकर रूपमा कविता, कथा, निबन्ध र अनुसन्धानमूलक लेखहरू प्रकाशित गरेका छन् , साथै साहित्येतर कृतिका रूपमा पनि एउटा पुस्तक प्रकाशित गरेका छन् । उनको उक्त छब्बीस वर्षे साहित्यिक यात्रालाई लेखन निरन्तरता, पुस्तकाकार तथा

फुटकर कृति प्रकाशन र प्रवृत्तिका आधारमा निम्नलिखित दुई चरणमा विभाजन गर्नु उपयुक्त ठहर्दछ :-

क) प्रथम चरण वि.सं.२०४२ – २०५५ सम्म ।

ख) द्वितीय चरण वि.सं.२०५६ – हालसम्म ।

उनको साहित्यिक यात्रालाई नियाल्दा दोस्रो चरणमा आएर मात्र लेखनमा तीब्रता आउनुका साथै प्रथम चरणका तुलनामा साहित्यिक लेखनमा परिपक्वता, परिष्कार र चिन्तनशीलताको गहिराइ भेटिन्छ । प्रवृत्तिगत रूपमा उनका रचनाहरूमा राष्ट्र, राष्ट्रियता र सामाजिक आर्थिक उन्नतिको चाहना, जातीय छुवाछुत प्रथाको तीब्र बिरोध, भाषिक सहजता र प्रौढता, जीवनप्रतिको सकारात्मक दृष्टिकोण, मानवता र मानव अस्तित्वको खोजी, क्रान्तिकारी र सुधारवादी चेत आदि पाइन्छ ।

## ५.५ समग्र निष्कर्ष

करिब तीन दशकदेखि साहित्य साधनारत रणेन्द्र बराली उपन्यासकार, नाटककार, कथाकार, निबन्धकार आदि व्यक्तित्वका रूपमा परिचित छन्। गण्डकी अञ्चलको तनहुँ जिल्लास्थित काहुँ शिवपुर गाउँमा वि.सं.२००८ साल श्रावण २ गतेका दिन पिता झिमलाल र माता अमृताका जेष्ठ सुपुत्रका रूपमा जन्मिएका बरालीको बाल्यकाल गाउँघर, भीरपाखामा खेल्दै, रमाउँदै बितेको पाइन्छ । सातकक्षासम्मको अध्ययन जन्मस्थानमै पुरा गरेपश्चात् चौध वर्षको उमेरमा पण्डित गेहराज पराजुलीको साथमा अध्ययनलाई अघि बढाउनका लागि बराली चितवन झर्दछन् । अन्ततः उनी नोफ्आ परिवार सहित चितवनमै स्थायी बसोवास गर्न पुग्दछन् । वि.सं. २०२४ सालबाट औपचारिक रूपमा राजनीतिमा लागेपश्चात् नेपाल तथा भारतका विविध स्थानहरूमा भूमिगत र प्रवासी जीवन व्यतीत गर्ने क्रममा उनको औपचारिक शिक्षा आर्जन गर्ने क्रम रोकिएको थियो र पछि प्राइभेट म्याट्रिक उत्तीर्ण गरी जनता इन्टरमिडियट कलेज मधुवनी भारतबाट इ.सं.१९९३ मा आइ. ए. द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए । यसभन्दा पछि उनको औपचारिक शिक्षा आर्जन गर्ने क्रम अघि बढ्न सकेन । जीवनको लामो समय राजनैतिक क्षेत्रमा व्यतीत गरेका उनले नोफ्आ त्याग, इमान्दारिता तथा देश र जनताप्रतिको कर्तव्यलाई आत्मसात् गर्दै हाल केन्द्रीय स्तरको नेतृत्व पङ्क्तिमा आफूलाई उभ्याउन सफल भएका छन् । शोषित, पीडित जनताको पक्षमा

ज्यानको बाजी लगाएर उनी विगतका कैयौं शोषक, सामन्त र जालीफटाहा विरोधी आन्दोलनमा सरिक भइसकेका छन् ।

बराली बहुमुखी व्यक्तित्वका धनी पनि देखिन्छन् । उनलाई साहित्यिक व्यक्तित्वमा नाटककार, उपन्यासकार, कथाकार, निबन्धकार अनि साहित्येतर व्यक्तित्वमा एक कुशल राजनीतिज्ञ तथा सामाजिक व्यक्तित्वका रूपमा चिन्न सकिन्छ । नाफ्आ रचनाहरूका माध्यमबाट एक प्रगतिवादी साहित्यकारका रूपमा उनी परिचित छन् । दलित साहित्यका प्रतिनिधि साहित्यकारका रूपमा उनले दिएको योगदानको स्वदेशमा उचित कदर र मूल्याङ्कन हुन नसके पनि उनलाई भारतीय दलित साहित्य अकादमीले सन् १९८९ मा डा. अम्बेडकर फेलोसिप पदक प्रदान गरेको थियो भने हालसालै २४ जुलाई २०११ का दिन अन्तरराष्ट्रिय नेपाली साहित्य समाज वासिङ्टन डि.सी. च्याप्टर, अमेरिकाद्वारा १९८ औं भानुजयन्ती तथा अ.ने.सा.स. को बीसौं बार्षिकोत्सवको अवसरमा जनपक्षीय साहित्यकारका रूपमा रणेन्द्र बरालीलाई सम्मान प्रदान गरिएको छ ।

वि.सं. २०३८ सालमा प्रकाशित खोज तथा अनुसन्धानमूलक पुस्तकाकार कृति नेपालमा **अछूत जातीय सङ्घर्ष 'केही योद्धाहरूको परिचय'** नै उनको औपचारिक रूपमा प्रकाशित प्रथम कृति हो भने वि.सं. २०४२ सालमा **'सञ्जीवनी'** नामक पत्रिकामा प्रकाशित **'लालचरी'** नामक कविता उनको प्रथम प्रकाशित साहित्यिक रचना हो । कविता लेखनबाट नाफ्ओ साहित्यिक यात्रा शुरु गरे तापनि बराली यो विधामा भन्दा नाटक, उपन्यास र निबन्ध विधाका माध्यमबाट आफूलाई स्थापित गराएका छन् । उनका साहित्यिक रचनाहरूमा नेपाली समाजमा व्याप्त जातीय विभेद, अन्याय, अत्याचार, सामन्ती शोषण, वर्गीय विभेद जस्ता विकृति र विसङ्गतिहरूको चित्रण तथा त्यसका विरुद्धमा एकजुट भई क्रान्तिको पथमा अघि बढ्न आह्वान गरिएको पाइन्छ ।

नेपाली जनजीवनका कष्टपूर्ण भोगाइहरूको यथार्थ चित्रण गर्ने बरालीका कृतिहरू शैलीशिल्पका दृष्टिले सरल र सहज पाइन्छन् । वि.सं. २०५६ सालमा प्रकाशित नाटक **'नफ्औ व्यथा'** र वि.सं. २०६६ सालमा प्रकाशित उपन्यास **'इतिहासको एक पैका'** उनको साहित्यिक जीवनका महत्त्वपूर्ण उपलब्धिहरू हुन् , जसले उनलाई उपन्यासकार र नाटककारका रूपमा स्थापित हुन मद्दत पुऱ्याएको छ । यी दुवै कृतिहरू प्रगतिवादी धारा अन्तर्गत पर्दछन् , जसमा निम्नवर्गीय समाज, सामन्ती संस्कार, शोषण, उत्पीडनका विविध दृष्टान्तहरू तथा त्यसका विरुद्धमा उर्लिएको क्रान्तिको लहरलाई प्रमुख विषयवस्तुको रूपमा

प्रस्तुत गरिएको छ । जीवनी तथा यात्रा संस्मरणमा समेत कलम चलाएका बरालीको **‘सर्वजित विश्वकर्माको जीवनी’**(२०६३) तथा **‘चीनको कोसेली** यात्रा संस्मरण’(२०६६) पुस्तकाकार रूपमा प्रकाशित कृतिहरू हुन् । सरल, सटीक र प्रवाहमय शैलीमा कृति रचना गर्ने बराली संस्मरणात्मक लेखहरूमा नाफ्आ निजी अनुभवहरूलाई सर्लक्क उतारेर अत्यन्त सजीव ढ·मा व्यक्त गर्न सिपालु छन् । उनले नोफ्आ यात्रा संस्मरणहरूमा उल्लेख गरेका स्थानहरूको अध्ययन गर्दा पाठक स्वयं त्यहाँ पुगेर विचरण गरेको भान हुन्छ ।

यसै गरी **‘सर्वजित विश्वकर्माको जीवनी’** (२०६३) र **नेपालमा अछूत जातीय सङ्घर्ष ‘केही योद्धाहरूको परिचय’** (२०३८) दुईवटै कृतिहरूमा नेपाली समाजमा शुरु भएको जातीय आन्दोलनको इतिहास र ती आन्दोलनहरूमा उल्लेख्य भूमिका निर्वाह गर्ने योद्धाहरूका बारेमा अनुसन्धानमूलक विवरणहरू प्रस्तुत गरिएको छ । यसबाट वर्तमान पुस्तालाई जातीय मुक्ति आन्दोलनको इतिहासबारे जानकारी लिने सु-अवसर मिलेको छ ।

समग्रमा भन्नुपर्दा आधुनिक नेपाली साहित्यको समाजवादी यथार्थवादी (प्रगतिवादी) धारामा केन्द्रित रहेर विविध साहित्यिक विधाहरूमा कलम चलाउँदै आएका रणेन्द्र बराली चालीसको दशकको प्रारम्भबाट साहित्यका फाँटमा अवतरण गरेका हुन् । बरालीका हालसम्म नेपालमा अछूत जातीय सङ्घर्ष **‘केही योद्धाहरूको परिचय’**(२०३८), **‘नफ्औ व्यथा’** नाटक (२०५६), **‘सर्वजित विश्वकर्माको जीवनी’** (२०६३), **‘चीनको कोसेली’** यात्रा संस्मरण (२०६६), र **‘इतिहासको एक पैका’** उपन्यास (२०६६) गरी जम्मा पाँचवटा पुस्तकाकार कृति प्रकाशित छन् । उनी नेपाली साहित्यका क्षेत्रमा दलित साहित्यका प्रतिनिधि साहित्यकारका रूपमा स्थापित व्यक्तित्व हुन् । हाम्रो समाजमा सदियौंदेखि जरो गाडेर बसेका विकृति, विसङ्गति र कुसंस्कारको अन्त्यका लागि सबै वर्ग, जाति र धर्मका मानिसहरू एकजुट भई क्रान्तिको पथमा अघि बढ्नु पर्छ, तब मात्र सुनौंलो नवयुगको आगमन हुन सक्छ भन्ने सन्देश उनका रचनाहरूमा पाइन्छ । दलित जातिको प्रतिनिधित्व गर्ने साहित्यिक रचनाहरूको अभाव रहेको नेपाली साहित्यको फाँटमा बरालीका साहित्यिक रचनाहरूले केही मात्रामा भए पनि यस अभावको परिपूर्ति गरेका छन् । हाम्रो समाजमा पुर्खाको पालादेखि नै ‘अछूत’ भनेर अत्यन्तै हेय व्यवहार गरिएका दलित दाजुभाइ, दिदी बहिनीहरूको कथा, व्यथा र मर्मलाई समेटेर साहित्य रचना गर्ने बरालीको नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान रहेको छ ।

# सन्दर्भ-सूची

## क. सन्दर्भ पुस्तक


उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश,** छैटौं संस्करण, ललितपुर :साझा प्रकाशन, २०५९ ।

उपाध्याय, केशवप्रसाद, **नेपाली नाटक र नाटककार**, प्रथम संस्करण, ललितपुर : साझा प्रकाशन, २०६१ ।

उपाध्याय, केशवप्रसाद, **नेपाली नाटक तथा रंमञ्च**, प्रथम संस्करण, ललितपुर : साझा प्रकाशन, २०५९ ।

उपाध्याय, केशवप्रसाद, **नाटक र रंमञ्च**, प्रथम संस्करण, काठमान्डौं : रुमु प्रकाशन, २०५२ ।

कोइराला, राधा, **बावुराम लामिछानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस, २०६२ ।

चापागाईं, निनु, *मन्तव्य,* **आफ्नै व्यथा**, रणेन्द्र बराली, काठमान्डौं : नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठान, २०५६ ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय**, पाँचौं संस्करण, ललितपुर : साभ्का प्रकाशन, २०६६ ।

न्यौपाने, अमरनाथ, **नाटककार गोपी सापकोटा र उनका नाट्य कृतिहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस, २०६२ ।

पोखेल, भानुभक्त, **सिद्धान्त र साहित्य**, दोस्रो संस्करण, ललितपुर : साभ्का प्रकाशन, २०५९ ।

पोखेल, डि.आर., *इतिहासको एक पैका उपन्यासको सङ्क्षिप्त विवेचना,* **मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य,** काठमान्डौं : अखिल नेपाल लेखक सङ्घ, केन्द्रीय समिति, २०६७ ।

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार**, तेस्रो संस्करण, ललितपुर : साभ्का प्रकाशन, २०५२ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, दोस्रो संस्करण, ललितपुर : साभ्का प्रकाशन, २०५८ ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र**, ललितपुर : साभ्का प्रकाशन, २०५६ ।

बराली, रणेन्द्र, **नेपालमा अछूत जातीय सङ्घर्ष**, (केही योद्धाहरूको परिचय), दोस्रो संस्करण, चितवन : (माछापुच्छे, छापाखाना,) २०५० ।

बराली, रणेन्द्र, **आफ्नै व्यथा**, काठमाडौं : नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठान, २०५६ ।

बराली, रणेन्द्र, **सर्वजित विश्वकर्माको जीवनी,** तेस्रो संस्करण, काठमान्डौं : जनउत्थान प्रतिष्ठान, २०६३ ।

बराली, रणेन्द्र, **इतिहासको एक पैका,** काठमान्डौं : नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठान, २०६६ ।

बराली, रणेन्द्र, **चीनको कोसेली,** चितवन : सूर्यमुखी छापाखाना, २०६६ ।

राई, इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरू**, तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०५८ ।

वि.के., मानबहादुर, *प्रकाशकीयका तर्फबाट,* **सर्वजित विश्वकर्माको जीवनी,** काठमान्डौं : जनउत्थान प्रतिष्ठान, २०६३ ।

शर्मा, निर्मलादेवी, **चितवनको साहित्यिक उन्नयनमा साहित्य सङ्गम चितवनको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस, २०६७ ।

सापकोटा, पार्वती, **शारदा ढुङ्गानाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस, २०६७ ।

सुवेदी, राजेन्द्र, **स्रष्टासृष्टि द्रष्टादृष्टि**, तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०५८ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति**, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०६४ ।

सुन्दास, पदम, *आफ्नै व्यथाभित्रको म र हामी,* **आफ्नै व्यथा**, रणेन्द्र बराली, काठमान्डौं : नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठान, २०५६ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** , छैटौं संस्करण, ललितपुर :साझा प्रकाशन, २०५९ ।

## ख. सन्दर्भ पत्रिका

अगाध, यकिना, *मोफसलका प्रतिभा रणेन्द्र बराली* , **जनएकता साप्ताहिक**, २०५९, फागुन २०, पृ.४ ।

अज्ञात, कपिल, *नेपाली यात्रा-साहित्य उद्भव र विकास,* **वागीश्वरी**, संस्मरण विशेषाङ्क, चितवन साहित्य परिषद् , २०५८ ।

गौतम, लक्ष्मणप्रसाद, *चितवनको गद्य कविता सङ्क्षिप्त रेखाङ्कन,* **चितवन महोत्सव स्मारिका,** चितवन : २०६५ ।

पहाडी, विनोद र अन्य, *परिश्रमी,* **त्रैमासिक प्रवेशाङ्क,** कार्तिक २०५३, पृ.१७ र १९ ।

प्रलेस : चितवन, **स्रष्टा परिचय,** अङ्क-२, वर्ष-३, चितवन : प्रगतिशील लेखक सङ्घ, २०६६ ।

वि.क., उर्मिला, *रणेन्द्र बराली र उनको आफनै व्यथा,* **समदृष्टि साप्ताहिक,** २०५७, फागुन २१, पृ.४ ।

**ग. सन्दर्भ व्यक्तिहरू**

दिनु बराली, ( श्रीमती शोधनायक ) भ.न.पा.२ नारायणगढ , चितवन ।

प्रबिन्द्र बराली, ( शोधनायकका छोरा ) भ.न.पा.२ नारायणगढ , चितवन ।

# परिशिष्ट खण्ड

शोधनायकसँग लिइएको अन्तर्वार्ता साहित्यकार रणेन्द्र बरालीका बारेमा शोधखोज गरी जानकारीहरू सङ्कलन गर्ने क्रममा यस शोधार्थीबाट वि.सं.२०६७ साल माघ चार गतेका दिन उहाँलाई प्रत्यक्ष भेटी अन्तर्वार्ता लिइएको थियो । त्यसलाई यहाँ प्रस्तुत गरिएको छ ।

- **बरालीज्यू, तपाईंको जन्ममिति र स्थान बताइदिनु हुन्छ कि ?**

⇒ मेरो जन्म वि.सं. २००८ साल श्रावण २ गते गण्डकी अञ्चल, तनहुँ जिल्लाको काहुँ शिवपुर भन्ने ठाउँमा भएको हो ।

- **तपाईंको बुवा-आमाको नाम के हो ? वहाँहरू हाल जीवित अवस्थामा हुनुहुन्छ कि हुनुहुन्न?**

⇒ मेरो बुवाको नाम झिमलाल बराली र आमाको नाम अमृता बराली हो । बुवा ८७ वर्षको हुनुहुन्छ, आमा वि.सं. २०४५ सालमा बित्नुभयो ।

- **तपाईंको बुवाको पेशा के थियो ?**

⇒ मेरो बुवाको मुख्य पेशा कृषि कार्य नै थियो, गाई,भैसी,बाखा र घोडा पाल्नु र कृषि कार्यमा निरन्तरता दिनु नै वहाँको मुख्य पेशा थियो भने सहायक पेशामा सुनचाँदीको काम तथा सानोतिनो व्यापार पनि गर्नुहुन्थ्यो ।

- **तपाईंको पुर्ख्यौली थलोका बारेमा बताइदिनु हुन्छ कि ?**

⇒ मेरो पुर्ख्यौली थलो प. ३ नं. छथुम रिसिङ् काहुँ भनेर चिनिने वि.सं.२०१८ सालपछि शिवपुर गाउँ पञ्चायत, हाल दमौली बजारबाट १२ कि.मि. दक्षिणमा पर्ने पहाडी गाउँ हो । अहिले पनि त्यो गाउँमा हाम्रा पुर्खाहरू बसोवास गरिरहेका छन् । त्यस भेगमा दलित बस्ती (सार्की, दमाई, कामी) र बाहुन जातिहरूको बसोवास भए तापनि मगर जातिको बाहुल्यता छ । त्यहाँका ठाँउहरूको नाम पनि प्राय : मगर भाषामा नै राखिएको पाइन्छ।

- **तपाईंका दाजुभाइ दिदीबहिनीहरू कति जना हुनुहुन्छ** ?

⇒ हाम्रो दाजुभाइ दिदीबहिनीहरू जम्मा १२ जना जन्मिएकोमा ८ दिदीबहिनी र ४ दाजुभाइमध्ये ७ जना दिदीबहिनी तथा ३ जना दाजुभाइ गरी जम्मा १० जना जीवित छौँ ।

- **तपाईंको वाल्यकाल कुन कुन ठाँउमा र कसरी बित्यो** ?

⇒ मेरो बाल्यकाल पहाड घर काँहु शिवपुरमा नै बितेको हो । बाल्यकालमा म भिर पखेरा चाहर्ने, काफल, तिँजु (खल्डु), अमरा, अमौरा आदिका ठुला रुख चढेर फल टिप्न प्रतिस्पर्धा गर्ने, घोडालाई दुबो खुर्केर खुवाउने, घोडा कुदाउने, दौँतरीहरूसँग नाग्ने ( काठी विनाको), घोडा दौड प्रतियोगिता खेल्ने, स्कुल जाने, पढाइका अतिरिक्त नाटकमा पनि भाग लिने गर्दथेँ र शुक्रवारे सांस्कृतिक कार्यक्रममा कविता लेख्ने, वाचन गर्ने आदि गर्दथेँ ।

- **तपाईंको शिक्षादीक्षा कहाँ कसरी भयो बताइदिनुहुन्छ कि** ?

⇒ मैले शुरुमा अक्षर चिन्ने काम घरमै बुवाबाट आरम्भ गरेको थिएँ । चार वर्षको उमेरदेखि गाउँमा पण्डित केदारनाथ पराजुलीबाट संस्कृत पढ्ने पाठशालामा तिथि, राशि, नक्षत्रादिबारे ज्ञान लिएको, त्यसपछि गाउँमा सोल्डर बोर्ड (भारतीय लाहुरेका सन्तानहरू पढ्ने स्कुल) खुलेपछि ७ वर्षमा १ कक्षामा भर्ना भएर ८ वर्षमा तीन कक्षा, ९ वर्षमा ५ कक्षा ( स्कुलको प्रथम विद्यार्थी तथा जेहन्दार विद्यार्थीलाई कक्षा फड्काउने चलन अनुसार २ र ४ कक्षा मैले पढ्नुपरेन ) १० वर्षमा ६ कक्षा पास गरेपछि त्यसभन्दा माथि पढ्ने स्कुल गाउँमा नहुँदा २ वर्ष गोरुगोठालो भएर बिताएँ । तेह्र वर्षको हुँदा गाउँमा चन्द्रसूर्य हाईस्कुल स्थापना भएपछि ७ पास गरी चितवन बसाइँ सरेपश्चात् चितवनकै शारदा मा.वि.मा कक्षा ८ मा भर्ना भएको त्यसपछि वि.सं. २०२४ सालबाट राजनीतितिर हामफालेको हुनाले पढाइ बीचैमा

छुटेपछि प्रवासी जीवन व्यतीत गर्ने क्रममा भारतमा इ.सं. १९८९ मा म्याट्रिक र १९९३ मा जनता इन्टरमीडिएट कलेज मधुवनी भारतबाट आइ.ए. प्राइभेट परीक्षा दिएर उत्तीर्ण गरेको थिए । त्यस बाहेका मेरो अध्ययन भनेको मूलतः भूमिगत जनता माझमा र यदाकदा जेल बस्दा साथीहरू बीच अनौपचारिक रूपमा गरिएको विविध राजनैतिक तथा दार्शनिक पुस्तकहरूको अध्ययन नै हो ।

- **पढाइका अवधिमा तपाईँ कोसँग बढी प्रभावित हुनु भयो** ?

⇒ नोफ्आ अध्ययन अवधिमा म नैफ्आ गुरु तथा शिक्षकहरूसँग प्रभावित थिएँ । मलाई संस्कृतको प्रारम्भिक ज्ञान दिने गाउँकै केदारनाथ पण्डित गुरुलाई म अत्यन्तै आदर गर्दथेँ । सोल्जर बोर्डमा सुबेदार, जमदार, हवल्दार, राइटरहरू शिक्षक हुन्थे । उनीहरूको युद्धको कहानी सुन्दा  म ज्यादै प्रभावित हुन्थेँ । ठकुरी राइटर मास्टर ज्यादै असल थिए । प्राइभेट पढ्दा राजनीतिका साथै औपचारिक शिक्षाको समेत महत्त्व राखेर लेख्न, पढ्न सिकाउने, लामो समय दरभ·ा भारतमा सँगै बसेका साथी रोहित (नारायणमान बिजुक्छे) थिए । उनको तर्कपूर्ण वाक्य प्रतिभा देखेर म द· पर्दथेँ तथा निकै प्रभावित पनि हुने गर्दथेँ । सहानी नामका भारतीय शिक्षकको अंग्रेजी पढाउने कला पनि निकै अविस्मरणीय छ । वास्तवमा साक्षर बनाउन पिताको योगदान भएजस्तै मलाई राजनीति तथा साहित्यमा सरिक गराउन रूपलाल विश्वकर्माले पुऱ्याएको योगदान कहिल्यै भुल्न नसकिने छ , जो आजीवन कम्युनिष्ट थिए र अन्तिममा गैर कम्युनिष्ट भए ।

- **तपाईंको पढेर के बन्ने बिचार थियो** ?

⇒ शुरुमा पढेर वकिल बन्ने विचार थियो, त्यसपछि पत्रकार, पत्रकारितामा स्नातक पढ्ने कोसिस पनि गरेको थिएँ  तर त्यतिबेला सजिलै, जहाँ त्यहीँ पत्रकारिता विषय नै थिएन, त्यसैले मेरो इच्छा अधुरै रह्यो ।

- **तपाईंको विवाह कहिले , कोसँग भयो** ? **हाल सन्तान कति छन्** ?

मेरो विवाह वि.सं. २०२० सालमा छिमेकी गाउँ भिरकोटका धुमबिर विश्वकर्माकी छोरी दिनु विश्वकर्मासँग भएको हो । विवाह हुँदा म जम्मा १३ वर्षको थिएँ , र श्रीमती १४ वर्षकी थिइन् । हामीबाट चारजना सन्तान ( दुई छोरा र दुई छोरी ) को जन्म भएको छ ।  दुई छोरामध्ये जेठा छोरा प्रबिन्द्र बरालीको विवाह रूपासँग भएको छ, उनीहरूबाट बिगेन्द्र नामका छोरा र एन्जिलिना नामकी छोरीको जन्म

भएको छ भने कान्छा छोरा टेकेन्द्र अविवाहित तथा हाल विदेशमा छन् । त्यसै गरी दुई छोरीहरू क्रमशः सचिना तथा युरिनाको विवाह भएर आ-नाफ्आ घरमा गइसकेका छन् ।

- **तपाईंको पारिवारिक, आर्थिक अवस्थाबारे बताइदिनुहुन्छ कि ?**

⇒ मेरो परिवारको आर्थिक अवस्था सामान्य हो । पहाड छँदा निम्नमध्यम वर्गका परिवारमा गनिन्थ्यौं, चितवन झरेपछि आर्थिक अवस्थामा केही सुधार आएको छ । पहाडमा बिस मुरी धान आउने खेत, दुई खाल मकै आउने बारी अनि भैंसी, घोडा, गोरु, नै पुर्ख्यौली सम्पत्तिका रूपमा थियो, त्यसमध्ये केही बेचबिखन गरेर, केही आफन्तलाई सुम्पिएर हाम्रो परिवार वि.सं.२०२२ सालमा चितवन झरेको हो। चितवनको गुञ्जानगरमा २ बिगाह जग्गा, चनौली बजारमा घर घडेरी, भरतपुरमा घडेरी जोडेका थियौं । म बाहेक दुई भाइहरू र बुवाआमा समेत चार अंश लगाउँदा मेरो भागमा गुञ्जानगरमा १० कट्ठा जग्गा र सातहातको घर परेको थियो । अंशबण्डा भएपछि नारायणगढमा बस्न थालेको पनि २७ वर्ष भइसक्यो । हाल नारायणगढमा दुई वटा र काठमान्डौंमा दुईओटा नयाँ र पुराना घरहरू छन् । गुञ्जानगर चितवनमा एक बिगाह जग्गा छ र नारायणगढमा सुनचाँदी पसल छ । पसल र घरभाडाबाट आउने आम्दानीबाट नै जीविकोपार्जन चलाइएको छ ।

- **तपाईंले गरेका सामाजिक कार्यबारे बताइदिनुहुन्छ कि ?**

⇒ मैले सामाजिक कार्यको थालनी २०२४ सालबाट शुरु गरेको हुँ । सर्वप्रथम म नेपाल राष्ट्रिय दलित जनविकास परिषद्को चितवन क्षेत्रीय सचिव पदमा रहेर विविध सामाजिक कार्यहरूमा सरिक भएको थिएँ । त्यसपछि २०३८ बाट दलित परिषद्को केन्द्रीय सचिव (मध्यमाञ्चल), २०४५ मा केन्द्रीय कोषाध्यक्ष, २०५६ मा नेपाल उत्पीडित दलित मुक्ति समाजको महासचिव, २०५८ नेपाल राष्ट्रिय दलित मुक्त सङ्गठनको केन्द्रीय अध्यक्ष र २०६५ बाट नेपाल दलित मुक्ति मोर्चाको केन्द्रीय सह-संयोजक भै हालसम्म दलित जातिका हक, हित र अधिकारका निम्ति सदा तत्पर भएर लागि परेको छु । यसका साथै नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानको केन्द्रीय उपाध्यक्ष, अखिल नेपाल लेखक सङ्घको केन्द्रीय सदस्य, प्रगतिशील लेखक सङ्घको केन्द्रीय सल्लाहकार, कृष्णसेन इच्छुक प्रतिष्ठानको

केन्द्रीय सदस्य, प्रतिभा प्रवाह काठमान्डौंको सल्लाहकार जस्ता पदहरूमा विविध साहित्यिक सङ्घ संस्थाहरूसँग पनि आबद्ध रहि आएको छु ।

- **तपाईंले कुनै राजनीतिक दलको सदस्य भएर काम गर्नु भएको छ कि ?**

⇒ राजनीति मेरो कार्य क्षेत्र तथा जीवनको अभिन्न पाटो हो । जीवनका धेरै वसन्तहरू मैले राजनीतिक क्षेत्रमै बिताएको छु । सर्वप्रथम मैले वि.सं. २०२६ सालमा कम्युनिष्ट पार्टीको सदस्यता ग्रहण गरेको थिएँ । त्यसपछि २०३० सालमा चितवन जिल्ला पार्टी प्रमुख, पार्टी एकता पछि २०४८ सालमा जनमोर्चा नेपालको जिल्ला सदस्य, २०५४ बाट २०६५ सम्म चितवन जिल्ला सचिव, २०६० सालबाट धौलागिरि गण्डकी नारायणी क्षेत्रीय व्युरो सदस्य, लमजुङ पार्टी इन्चार्ज (एकता केन्द्र) एवम् केन्द्रीय सल्लाहकार । हाल ए.ने.क.पा. माओवादी विशेष राज्य समिति सदस्य एवम् केन्द्रीय सल्लाहकार परिषद् सदस्य पदमा आबद्ध रहेको छु ।

- **साहित्य र राजनीतिका बिचमा तपाइँ के कस्तो सम्बन्ध देख्नुहुन्छ ?**

⇒ साहित्यको बारेमा मेरो ज्ञान सतहमा नै छ । अलि भित्र पसेर हेर्न र भन्नु पर्दा पूरै समय पुस्तक एवम् लेख रचना पढेर नै बिताउन पाए हुन्थ्यो जस्तो लाग्छ । तर राजनीति बाहिरको साहित्य हुँदैन न त समाज बाहिरको राजनीति, तसर्थ समाज, साहित्य र राजनीतिको अन्योन्याश्रित सम्बन्ध भएको हुनाले यसैको सन्तुलनमा आफूलाई परिचालित गर्दैछु ।

- **भ्रमण गर्न कत्तिको रुचाउनुहुन्छ र अहिलेसम्म कहाँ कहाँ भ्रमण गर्नु भएको छ ?**

⇒ भ्रमण जो कोहीलाई पनि रुचिको विषय हो । साहित्यमा अभिरुचि राख्नेहरूलाई भ्रमण झनै प्यारो हुन्छ । मैले नेपालका झन्डै पचहत्तर प्रतिशत भू-भागको भ्रमण गरेको छु भने विदेशमा भारतको दार्जिलि᠁, सिक्किम, कलकत्ता, मुम्बई, दिल्ली, पटना, लखनऊ, बनारस आदि, चीनको ल्हासा, सियान, बेजि᠁, संघाई, गोन्जाओ , सेनझेन, हङक᠁, आदि तथा अमेरिकाको सिकागो, महर्षि युनिभर्सिटी,वाल्टीमोर, मेरील्यान्ड, वासिङ्टन डि.सी., भर्जिनिया, बोस्टन आदि स्थानहरूको भ्रमण गरेको छु ।

- **भ्रमणबाट प्रभावित भएर केही लेख्नुभएको पनि छ कि ?**

⟹ मैले भ्रमणबाट प्रभावित भएर लेखेका कृतिहरूमध्ये **चीनको कोसेली** (यात्रा संस्मरण) पुस्तकाकार रूपमा प्रकाशित छ भने फुटकर रूपमा 'कति ओझेलमा परेको रहेछ दलित आन्दोलनको इतिहास' ( यात्रा संस्मरण ), चितवन काठमाण्डौं दशदिने पैदल यात्राको विवरण लेख र आदिम भूमिको काखमा (बेगनास तालको डेढ घण्टा डुङ्गा यात्रा ) प्रकाशित भएका छन् ।

- **तपाइँका रुचिहरूबारे बताइदिनुहुन्छ कि ?**

⟹ मेरो रुचि खासमा लेख्नु, पढ्नु नै हो, सञ्चारमा आँखाकान जानु, इन्टरनेटमा नयाँ कुरा खोज्नु, भ्रमणमा मन उचालिनु पनि मेरो रुचिभित्रै पर्दछ । खानपानमा म अर्धशाहाकारीभित्र पर्दछु किनकि मैले मासु खान्न, माछा भने खान्छु । धुम्रपान, मद्यपान गरिन र गर्ने पनि छैन, दुध , दही र गुलियो सानैदेखि असाध्यै मन पर्छ । सादा खाना (दालभात र रोटी तरकारी ) नै मेरो आहारा हो । मलाई मनपर्ने पोसाक सर्ट, पाइन्ट, टोपी, कालो जुत्ता हो । राष्ट्रिय पोसाक दौरासुरवाल आँफूले नलगाए पनि म यसलाई इज्जत गर्छु ।

- **तपाईंको लेखनकार्य कहिलेदेखि शुरु भएको हो ?**

⟹ अलि अलि लेख्ने काम स्कुले जीवनवाट नै शुरु भएको हो । स्कुलमा कविता सुनाएर कापी कलमको पुरस्कार पाउँदा मख्ख हुन्थें । औपचारिक रूपमा मेरा लेखहरू वि.सं. २०२८ बाट टी. आर. विश्वकर्माको साहित्यिक पत्रिका **प्रेरणा** साप्ताहिक र **सञ्जीवनी** मासिकबाट प्रकाशित हुन थालेका हुन् । मेरो सर्वप्रथम प्रकाशित साहित्यिक रचना कविता विधा अन्तर्गतको थियो ।

- **साहित्य सृजनाका प्रेरक व्यक्तित्व कसलाई मान्नुहुन्छ ?**

⟹ साहित्य सृजना कार्यमा सर्वप्रथम म स्कुले विद्यार्थी छँदा विद्यालयका गुरुहरूबाट प्रेरित भएको थिएँ , त्यसपछि स्वदेशी साहित्यकारहरू पारिजात, मोदनाथ प्रश्रित, खगेन्द्र संग्रौला, निनु चापागाइँ, आहुति, लैनसिंह वाङ्देल, डायमण्ड शम्सेर, र विदेशी साहित्यकारहरूमा भारतका राहुल सांकृत्यायन, प्रेमचन्द, रामआसेर बर्मन, चीनका लु सुन , याङ्मो, रुसका म्याक्सिम गोर्की तोल्सतोय आदिका कृतिहरूबाट पनि मलाई साहित्य सृजनाका लागि प्रेरणा मिलेको छ ।

- **तपाईंका पुस्तकाकार र फुटकर कृतिहरू के कति प्रकाशित छन् ?**

⇒ मेरो हालसम्म प्रकाशित पुस्तककार कृतिहरू ‘**नेपालमा अछूत जातीय सङ्घर्ष’** ‘केही योद्धाहरूको परिचय’(२०३८), उही परिमार्जित संस्करण (२०५०), ‘**नफऔ व्यथा’** नाटक (२०५६), ‘**सर्वजित विश्वकर्माको जीवनी’**(२०६३), ‘**चीनको कोसेली** यात्रा संस्मरण’ (२०६६), र ‘**इतिहासको एक पैका’** उपन्यास (२०६६) हुन् । प्रकाशोन्मुख कृतिहरू दलितको दैलो (कथा सङ्ग्रह ), कविता सङ्ग्रह र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरूको सँगालो रहेको छ । मेरा फुटकर लेख रचना र साहित्यिक कृतिहरू विगत तीन दशक अघिदेखि हालसम्म नै विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आएका छन्  तर ती सबैको सम्पूर्ण विवरण पेश गर्न म असमर्थ छु ।

- **साहित्य सृजनाका क्रममा सबैभन्दा खुशी र दुःखी हुनुपरेको अनुभव के कस्तो छ ?**

⇒ साहित्य सृजनाका क्रममा हुने सुख दुःखको कुरा गर्दा कृति सकेर भूमिका लेखेको दिन सारै आनन्द लाग्छ । साथीहरूले रचनात्मक सुझाव दिएर समीक्षा गरिदिंदा पनि खुशी नै लाग्छ, ठिक ठाउँमा सृजनात्मक आलोचना गरिदिने साथीहरूदेखि झन् खुशी लाग्छ तर रचना प्रकाशन गर्ने र सही पाठकको हातमा पुग्ने गरी वितरण गर्ने व्यवस्था नहुँदा चाँहि दुःख लाग्छ । अनि अनावश्यक बढाइचढाइ गरेर उचाल्ने एवम् ईर्ष्यालु पाराले कटु आलोचना गरेर अवस्तुवादी आँखाले देख्ने र लेख्नेहरूसँग भने साह्रै खुसी लाग्दैन ।

- **तपाईँले ना नाटकफ्आ, उपन्यास, निबन्ध र कथामा कस्ता विषय र अनुभूति व्यक्त गर्नु भएको छ ?**

⇒ मैले प्रायःसबै विधाहरूमा सबभन्दा पिँधमा पिल्सिएका जनताका समस्यालाई उजागर गर्ने, मुक्तिका लागि अभिप्रेरित गर्ने, सच्चाइमा पुगेर समस्याको समाधानका लागि सङ्घर्षमा उत्रन बल पुऱ्याउने, जसका निम्ति गलत प्रवृत्तिलाई न·ाउँदै तथ्यको आधारमा सत्यको अन्वेषण गर्ने खाले विषयवस्तुहरू पस्कने कोसिस गरेको हुन्छु । तर मेरो जीवन मेरो अभिरुचि र साहित्यिक सम्बन्धको तारतम्य मिलेको छैन । म ताक्छु मुढो बञ्चरो ताक्छ घुँडो जस्तो भएको छ ।

- **धर्म, कर्म र संस्कारप्रति तपाईंको धारणा कस्तो छ ?**

⇒ धर्म र संस्कृति विज्ञान सम्मत र यथार्थवादी हुनुपर्दछ, आदर्शवादी भएर मात्र हुँदैन, भौतिकवादी हुनु पर्दछ । समाज विकासको कमलाई द्वन्द्ववादी नियमले पक्रनु पर्दछ । ज्ञानबाट पदार्थको विकास होइन, पदार्थबाट ज्ञानको विकास हुन्छ भन्ने मार्क्सवादी वैचारिक धर्म र संस्कृतिप्रति मेरो मान्यता छ ।

- **भविष्यमा तपाईंका के-कस्ता योजना छन् ?**

⇒ मेरो एकमात्र योजना हो अन्याय, अत्याचारको विरुद्ध लडिरहने, न्याय र समानताका निम्ति जानेको, सकेको लेखिरहने, बोलिरहने, सङ्घर्ष गरिरहने, नेपालको वर्तमान परिप्रेक्ष्यमा नेपाली नारी, दलित, अल्पसंख्यक जाति एवम् समग्र उत्पीडित समुदायको अधिकार प्राप्तिका लागि जागरण अभियानमा बाँचुन्जेल लागिपर्ने ।